


# मध्यमकालीन खर्च संरचना

## आ.व. २०८१/८२ - आ.व. २०८३/८४

# Medium Term Expenditure Framework

## 2024/25-2026/27




# भानु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फुम्रेटार, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०८०

# मध्यमकालीन खर्च संरचना

## (आर्थिक वर्ष २०८१/०८२-२०८३/०८४)

**सर्वाधिकार एवं प्रकाशक :**

भानु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फुस्रेटार, तनहुँ

गण्डकी प्रदेश, नेपाल

Email: bhanumunicipality@gmail.com

Website: https://bhanumun.gov.np

Phone: +977- 9856005111 (Office)

तयार पारिएको वर्ष: २०८०

**प्राविधिक सहयोग**

मन्त्र कन्सल्टेन्सी प्रा.लि.

नागार्जुन, काठमाण्डौ

# भानु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## फुङ्ग्रेटार, तनहुँ
## गण्डकी प्रदेश, नेपाल

### धन्यवाद ज्ञापन

स्थानीय सरकार संचालन ऐन, २०७४ ले नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ अनुसार मध्यमकालीन खर्च संरचनामा तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण, प्रस्तावित योजनाको लक्ष्य तथा उद्देश्य, सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ, कार्यान्वयन हुनसक्ने आर्थिक वर्ष र त्यसपछिको दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि, योजना लागु गर्दा आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण गर्न भनिएको छ । यसै सन्दर्भमा भानु नगरपालिकाले यो त्रीवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको हो ।

यस नगरपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यलाई साकार बनाउन भूमिका खेल्नु हुने नगरपालिकाका उप प्रमुख, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरुलाई उहाँहरुले पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दछु । यो मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री दिवाकर पौडेल लगायत शाखा प्रमुखहरू र कर्मचारीवर्गलाई धन्यवाद ज्ञापन गर्दछु । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको विभिन्न चरणमा सुझाव सल्लाह दिएर सहयोग पुऱ्याउनु हुने सबै सरोकारवालाहरुलाई नगरपालिकाको तर्फबाट आभार प्रकट गर्दछु । त्यसैगरी, यस मध्यमकालीन खर्च संरचना तयारीमा प्राविधिक सहयोग पुऱ्याउने मन्त्र कन्सल्टेन्सी प्रा.लि.का टोलीलाई समेत धन्यवाद प्रदान गर्दछु ।

अन्त्यमा यस मध्यमकालीन खर्च संरचना कार्यान्वयनका लागि सम्बद्ध सवै सरोकारवालाहरूको रचनात्मक एवं सकारात्मक सहयोग निरन्तर प्राप्त हुने अपेक्षाका साथ नगरपालिकाको तर्फबाट मध्यमकालीन खर्च संरचना कार्यान्वयनमा सक्रिय संलग्नताको प्रतिवद्धता व्यक्त गर्दछु ।

धन्यवाद ।

.........................

आनन्द राज त्रिपाठी
नगर प्रमुख

# भानु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## फुङ्लेटार, तनहुँ
## गण्डकी प्रदेश, नेपाल

### मन्तव्य

नेपाली जनताको चाहना अनुसार स्थापित भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघिय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तीनै तहले संविधान र कानून बमोजिम राज्यशक्तिको प्रयोगको नयाँ अभ्यास गरिदै आएको छ। यस व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाई लागू गर्ने नीतिगत व्यवस्था गरेको छ। संघीय संरचना अनुरुप अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य संघीय ऐन, कानूनहरुले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेसँगै भानु नगरपालिकाले यो त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको हो।

विगत केही दशकदेखि विपद्का विभिन्न घटना एवम् जलवायुजन्य विषमता तथा तिनका सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ। यी घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ। यस खर्च संरचनाले नगरपालिकामा योजनाबद्ध र समानुपातिक विकासको सुरुवात हुने र विद्यमान सीमित स्रोत र साधनहरुको प्रभावकारी परिचालन गरी नगरपालिकाको स्तरोन्नति गर्ने अपेक्षा लिएकी छु।

भानु नगरपालिकाले त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नुहुने कार्यपालिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत कार्यालय तथा विषयगत क्षेत्रका प्रमुख कर्मचारी ज्यूहरु, स्थानीय राजनीतिक दलका प्रतिनिधि ज्यूहरू लगायत यस कार्यमा परामर्श सेवा प्रदान गर्ने मन्त्र कन्सल्टेन्सी प्रा.लि.का टोलीलाई धन्यवाद दिन चाहन्छु। यस मध्यमकालीन खर्च संरचनाको सफल कार्यान्वयनका लागि सबै पक्षबाट सहयोग हुने अपेक्षा सहित यसको कार्यान्वयनका लागि प्रविद्धता समेत व्यक्त गर्दछु।

धन्यवाद।

......................
उमा गोतामे
नगर उप-प्रमुख

# भानु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### फुलेटार, तनहुँ
### गण्डकी प्रदेश, नेपाल

## शुभकामना

अन्तर सरकारी वित् व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित् खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । सम्बन्धित सबै कानूनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुऱ्याउनुका अतिरिक्त नगरपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु ।

भानु नगरपालिकामा भएका विविध स्रोत साधनहरुको पहिचान गरी नगरबासीको आवश्यकतालाई परिपूर्ति गर्नका लागि सरोकारवाला सबै निकायहरुसँगको छलफल पश्चात आवधिक योजनामा आधारित यो मध्यमकालिन खर्च संरचना (Medium Term Expenditure Framework) तयार गरिएको छ। आवधिक योजनामा व्यवस्था भएका नगरपालिकाको दिर्घकालिन सोच, रणनीति, उद्देश्यहरु साथै सञ्चालन गरिने क्रियाकलापहरु र आवश्यक बजेट सहितको विकासको खाकालाई समेटेर यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

नगरपालिकामा अवस्थित सबै सरोकारवालाहरुको सहभागितामा विज्ञको समेत राय तथा परामर्श लिई तयार पारिएको यस मध्यमकालीन खर्च संरचनाले आगामी तीन वर्षमा नगरपालिकको बिकासमा प्रबाह हुने श्रोत साधनको आँकलन र व्यवस्थापन योजना प्रस्तुत गरेको छ। त्यसकारण, यस मध्यमकालीन खर्च संरचनाले नगरपालिकाको विकासमा ठोस कार्य हुने विश्वास लिएको छु । साथै आगामी दिनहरुमा यसमा उल्लेखित प्रावधानहरुलाई क्रमशः कार्यान्वयन तथा अद्यावधिकका लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

............................
दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


**परिच्छेद १ : परिचय ........ १**

१.१ पृष्ठभूमि ........ १

१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ........ १

१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ........ २

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू ........ २

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ........ ३

**परिच्छेद २: मध्यमकालीन खर्च संरचना ........ ६**

२.१ पृष्ठभूमि ........ ६

२.२. चुनौति तथा अवसर ........ ६

२.३ सोच, उद्देश्य तथा रणनीति ........ ७

२.४ मध्यमकालीन आर्थिक खाका ........ ९

२.५ मध्यमकालीन नतिजा खाका ........ १

२.६ मध्यमकालीन बजेट खाका ........ १

२.७ बजेट विनियोजन र प्रक्षेपणको बांडफाड ........ १३

२.८ विषय क्षेत्रगत बांडफाड ........ १६

**परिच्छेद ३ : आर्थिक क्षेत्र ........ २१**

३.१ कृषि ........ २१

३.१.१. पृष्ठभूमि ........ २१

४.१.२. समस्या तथा चुनौति ........ २१

३.१.३ लक्ष्य ........ २१

३.१.४. उद्देश्य ........ २२

३.१.५. रणनीति ........ २२

३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २२

३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २३

३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २३

३.१.९ जोखिम पक्ष तथा अनुमान ........ २५

३.२ सिंचाई ........ २५

३.२.१ पृष्ठभूमि ........ २५

३.२.२ समस्या तथा चुनौति ........ २५

३.२.३ लक्ष्य ........ २५

३.२.४ उद्देश्य ........ २६

३.२.५ रणनीति ........ २६

३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २६

३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २६

३.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ २७

३.२.९ जोखिम पक्ष तथा अनुमान ........ २९

३.३ पशुपंक्षी ........ २९

३.३.१ पृष्ठभूमि ........ २९

३.३.२ समस्या तथा चुनौति ........ २९

३.३.३ लक्ष्य ........ ३०

३.३.४ उद्देश्य ........ ३०

३.३.५ रणनीति ........ ३०

३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३०

३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३१

३.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ३१

३.३.९ जोखिम पक्ष तथा अनुमान ........ ३३

३.४ उद्योग, व्यापार तथा व्यवसाय ........ ३३

३.४.१ पृष्ठभूमि ...... ३३
३.४.२ समस्या तथा चुनौति ...... ३३
३.४.३ लक्ष्य ...... ३३
३.४.४ उद्देश्य ...... ३४
३.४.५ रणनीति ...... ३४
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ३४
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ३५
३.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ...... ३५
३.४.९ जोखिम पक्ष तथा अनुमान ...... ३६
३.५ पर्यटन तथा संस्कृति ...... ३७
३.५.१ पृष्ठभूमि ...... ३७
३.५.२ समस्या तथा चुनौति ...... ३७
३.५.३ लक्ष्य ...... ३७
३.५.४ उद्देश्य ...... ३८
३.५.५. रणनीति ...... ३८
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ३८
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ३९
३.५.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ...... ३९
३.५.९ जोखिम पक्ष तथा अनुमान ...... ४०
३.६ भूमी व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्थापन ...... ४१
३.६.१ पृष्ठभूमि ...... ४१
३.६.२ समस्या तथा चुनौति ...... ४१
३.६.३ लक्ष्य ...... ४२
३.६.४ उद्देश्य ...... ४२
३.६.५ रणनीति ...... ४२
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ४२
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ४२
३.६.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ...... ४३
३.६.९ जोखिम पक्ष तथा अनुमान ...... ४४
३.७ श्रम, रोजगारी तथा गरिवी निवारण ...... ४४
३.७.१ पृष्ठभूमि ...... ४४
३.७.२ समस्या तथा चुनौति ...... ४४
३.७.३ लक्ष्य ...... ४५
३.७.४ उद्देश्य ...... ४५
३.७.५ रणनीति ...... ४५
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ४५
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ४६
३.७.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ...... ४६
३.७.९ जोखिम पक्ष तथा अनुमान ...... ४८
**परिच्छेद ४ : सामाजिक क्षेत्र ...... ४९**
४.१ जनस्वास्थ्य तथा पोषण ...... ४९
४.१.१ पृष्ठभूमि ...... ४९
४.१.२ समस्या तथा चुनौति ...... ४९
४.१.३ लक्ष्य ...... ४९
४.१.४ उद्देश्य ...... ५०
४.१.५ रणनीति ...... ५०
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ५०
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ५१
४.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ...... ५१
४.१.९ जोखिम पक्ष तथा अनुमान ...... ५२

४.२ शिक्षा, विज्ञान तथा प्रविधि ..... ५४
४.२.१ पृष्ठभूमि ..... ५४
४.२.२ समस्या तथा चुनौति ..... ५४
४.२.३ लक्ष्य ..... ५५
४.२.४ उद्देश्य ..... ५५
४.२.५ रणनीति ..... ५५
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ५६
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ५६
४.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... ५७
४.२.९ जोखिम पक्ष तथा अनुमान ..... ५८
४.३ खानेपानी तथा सरसरफाई ..... ५८
४.३.१ पृष्ठभूमि ..... ५८
४.३.२ समस्या तथा चुनौति ..... ५८
४.३.३ लक्ष्य ..... ५९
४.३.४ उद्देश्य ..... ५९
४.३.५ रणनीति ..... ५९
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ५९
४.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ६०
४.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... ६०
४.३.९ जोखिम पक्ष तथा अनुमान ..... ६२
४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण ..... ६२
४.४.१. पृष्ठभूमि ..... ६२
४.४.२ समस्या तथा चूनौति ..... ६३
४.४.३ लक्ष्य ..... ६३
४.४.४ उद्देश्य ..... ६४
४.४.५ रणनीति ..... ६४
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ६४
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ६५
४.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... ६५
४.४.९ जोखिम पक्ष तथा अनुमान ..... ६६
४.५ युवा, खेलकुद तथा नवप्रवर्तन ..... ६७
४.५.१ पृष्ठभूमि ..... ६७
४.५.२ समस्या तथा चुनौति ..... ६७
४.५.३ लक्ष्य ..... ६७
४.५.४ उद्देश्य ..... ६८
४.५.५ रणनीति ..... ६८
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ६८
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ६९
४.५.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... ६९
४.५.९ जोखिम पक्ष तथा अनुमान ..... ७१
४.६ सामाजिक सुरक्षा तथा पंजीकरण ..... ७१
४.६.१ पृष्ठभूमि ..... ७१
४.६.२ समस्या तथा चुनौति ..... ७१
४.६.३ लक्ष्य ..... ७२
४.६.४ उद्देश्य ..... ७२
४.६.५ रणनीति ..... ७२
४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ७२
४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ७२
४.६.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... ७३
४.६.९ जोखिम पक्ष तथा अनुमान ..... ७३

परिच्छेद ५: पूर्वाधार क्षेत्र.......... ७४
५.१ भवन, आवास तथा वस्ती विकास.......... ७४
५.१.१ पृष्ठभूमि.......... ७४
५.१.२. समस्या तथा चुनौति.......... ७५
५.१.३ लक्ष्य.......... ७५
५.१.४ उद्देश्य.......... ७५
५.१.५ रणनीति.......... ७५
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.......... ७६
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.......... ७६
५.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण.......... ७६
५.१.९ जोखिम पक्ष तथा अनुमान.......... ७८
५.२ सडक, पुल तथा यातायात.......... ७८
५.२.१ पृष्ठभूमि.......... ७८
५.२.२ समस्या तथा चूनौति.......... ७८
५.२.३ लक्ष्य.......... ७९
५.२.४ उद्देश्य.......... ७९
५.२.५ रणनीति.......... ७९
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.......... ७९
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.......... ८०
५.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण.......... ८०
५.२.९ जोखिम पक्ष तथा अनुमान.......... ८२
५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा.......... ८२
५.३.१. पृष्ठभूमि.......... ८२
५.३.२ समस्या तथा चुनौति.......... ८२
५.३.३. लक्ष्य.......... ८३
५.३.४ उद्देश्य.......... ८३
५.३.५ रणनीति.......... ८३
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.......... ८३
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.......... ८३
५.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण.......... ८४
५.३.९ जोखिम पक्ष तथा अनुमान.......... ८४
५.४ सूचना तथा संचार प्रविधि.......... ८४
५.४.१ पृष्ठभूमि.......... ८४
५.४.२ समस्या तथा चुनौती.......... ८४
५.४.३ लक्ष्य.......... ८५
५.४.४ उद्देश्य.......... ८६
५.४.५ रणनीति.......... ८६
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.......... ८६
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.......... ८६
५.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण.......... ८७
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान.......... ८७
परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन.......... ८८
६.१ वन, भूसंरक्षण तथा जैविक विविधता.......... ८८
६.१.१ पृष्ठभूमि.......... ८८
६.१.२ समस्या तथा चुनौति.......... ८८
६.१.३ लक्ष्य.......... ८९
६.१.४ उद्देश्य.......... ८९
६.१.५ रणनीति.......... ८९
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.......... ८९
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.......... ९०

६.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ९०
६.१.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ९१
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ९१
६.२.१ पृष्ठभूमि ........ ९१
६.२.२ समस्या तथा चुनौति ........ ९२
६.२.३ सोच ........ ९२
६.२.४ उद्देश्य ........ ९२
६.२.५ रणनीति ........ ९२
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ९२
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ९३
६.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ९३
६.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ ९५
६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ........ ९५
६.३.१ पृष्ठभूमि ........ ९५
६.३.२ समस्या तथा चुनौति ........ ९६
६.३.३ लक्ष्य ........ ९६
६.३.४ उद्देश्य ........ ९६
६.३.५ रणनीति ........ ९६
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ९७
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ९७
६.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ९७
६.३.९ जोखिम पक्ष तथा अनुमान ........ १००
**परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र ........ १०१**
७.१ नीति, कानून, न्याय तथा सुशासन ........ १०१
७.१.१ पृष्ठभूमि ........ १०१
७.१.२ समस्या तथा चुनौति ........ १०२
७.१.३ लक्ष्य ........ १०२
७.१.४ उद्देश्य ........ १०२
७.१.५ रणनीति ........ १०२
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ १०३
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ १०३
७.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ १०३
७.१.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ १०५
७.२ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह ........ १०५
७.२.१ पृष्ठभूमि ........ १०५
७.२.२ समस्या तथा चुनौति ........ १०५
७.२.३ लक्ष्य ........ १०६
७.२.४ उद्देश्य ........ १०६
७.२.५ रणनीति ........ १०६
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ १०६
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ १०७
७.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ १०७
७.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ १०७
७.३ राजस्व तथा स्रोत परिचालन ........ १०८
७.३.१ पृष्ठभूमि ........ १०८
७.३.२ समस्या तथा चुनौति ........ १०८
७.३.३ लक्ष्य ........ १०९
७.३.४ उद्देश्य ........ १०९
७.३.५ रणनीति ........ १०९
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ १०९

**७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान** ........ १०९
**७.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण** ........ ११०
**७.३.९ जोखिम पक्ष तथा पूर्वानुमान** ........ ११०
**७.४ तथ्यांक प्रणाली र योजना तथा विकास व्यवस्थापन** ........ ११०
**७.४.१ पृष्ठभूमि** ........ ११०
**७.४.२ समस्या तथा चुनौति** ........ १११
**७.४.३ लक्ष्य** ........ १११
**७.४.४ उद्देश्य** ........ १११
**७.४.५ रणनीति** ........ १११
**७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** ........ ११२
**७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान** ........ ११२
**७.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण** ........ ११२
**७.४.९ जोखिम पक्ष तथा पूर्वानुमान** ........ ११४
अनुसूची १ : मध्यमकालिन खर्च संरचना तर्जुमा सम्वन्धी कार्यदल ........ ११५

# तालिका सूची

*तालिका २.१ : स्थानीय समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य* ९
*तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य* १
*तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण* ११
*तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण* १३
*तालिका २.५ : प्राथमिकता क्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण* १४
*तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण* १४
*तालिका २.७ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण* १५
*तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण* १६

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

स्थानीय सरकार संचालनलाई उपलब्धीमूलक र परिणाममुखी बनाउनका लागि सार्वजनिक खर्च व्यवस्थापनले महत्वपूर्ण भूमिका खेल्दछ। शासन व्यवस्था संचालन र विकास सम्वन्धी निर्धारित नतिजा हासिल गर्न प्रभावकारी रुपमा सार्वजनिक खर्च परिचालनको आवश्यकता रहेको हुन्छ। सार्वजनिक बजेट तर्जुमा र खर्चबीचको तादम्यता मिलाउन र लक्षित नतिजा प्राप्तिको लागि सार्वजनिक वित्त व्यवस्थापन सीपको आवश्यकता पर्दछ। आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन्। मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्नुका साथै स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ।

प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु नै मध्यमकालीन खर्च संरचनाको मूख्य उद्देश्य हो। मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ। साथै स्थानीय तह संस्थागत स्वमूल्यांकन कार्यविधि २०७७ को बार्षिक बजेट तथा योजना व्यवस्थापन विषयक्षेत्रमा मध्यमकालिन खर्च संरचनामा अंकभार राखिएको छ। यस सन्दर्भमा यस नगरपालिकाको कार्यपालिका, विषयगत समिति, कार्यदल र विषयगत शाखासँग राय परामर्श गरी नगरपालिकामा उपलब्ध अन्य सूचना र चालु आर्थिक वर्षको बार्षिक कार्यक्रमलाई आधार मानी पहिलो पटक यस नगरपालिकाको मध्यमकालीन खर्च संरचना (२०८१/८२-२०८३/८४) तयार गरिएको छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

संङ्घीय व्यवस्था अनुसार जनताका लागि सबैभन्दा नजिकको सरकारको रुपमा नगरपालिका वा नगरपालिका रहेकोले स्थानीय विकासको सन्दर्भमा नगरपालिका वा नगरपालिकाको दायरा फराकिलो भएको छ। स्थानीय तहहरुको आयको स्रोत बढेसंगै सार्वजनिक खर्चको क्षेत्र पनि बढेकोले सार्वजनिक वित्त व्यवस्थापनका लागि एक औजारको रूपमा मध्यमकालीन खर्च संरचना बनाई लागू गर्न जरुरी छ। सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आँकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट प्रक्रियालाई मध्यमकालिन खर्च संरचनाले सहयोग गर्दछ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको हुन्छ।

चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ। स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम

कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिन्छ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ। यस प्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

पहिलो प्रयासको रुपमा यस भानु नगरपालिकाले मध्यमकालीन खर्च संरचना तयार गरेको छ। यस मध्यमकालीन खर्च संरचनाबाट नगरपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरुको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्वारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ। यस खर्च संरचनाले नगरपालिकाले निश्चित गरेको सोँच **"साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो, पारौँ समृद्ध र समुन्नत भानु राम्रो"** र प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ। यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ। यसबाट नगरपालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ। नगरपालिकाको २०८०/०८१ देखि २०८४/०८५ सम्मको लागि तयार गरिएको आवधिक योजनालाई आधार मानी यस मध्यमकालिन खर्च संरचना तयार गरिएको छ।

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो। यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहाय अनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) नीति र वार्षिक बजेट तथा कार्यक्रमबीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु,

(ख) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,

(ग) नगरपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु, र

(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा विभिन्न तहगत योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान

दिनु आवश्यक छ । सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लेखित पक्षहरुलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१००
- सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६)
- गण्डकी प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१)
- गण्डकी प्रदेशको मध्यमकालीन खर्च संरचना (२०८०/८१-०८२/८३)
- नेपाल सरकार तथा प्रदेश सरकारका वार्षिक नीति तथा कार्यक्रमहरु
- नगरपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तहको मध्यमकालिन खर्च संरचना दिग्दर्शन, २०७८ (परिमार्जित) मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अवधारणा, मार्गदर्शन तथा औजारहरु प्रयोग गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरी तर्जुमा गरिएको छ :

### चरण - १: तयारी चरण

#### *प्रक्रिया १: प्राविधिक सहयोगका लागि छलफल*

यस नगरपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न परामर्श संस्था मन्त्र कन्सल्टेन्सी प्रा.लि.लाई छनौट गरी कार्य जिम्मेवारी दिइएको थियो । यसका लागि मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य र परामर्श सेवा प्रदान गर्ने संस्थाको जिम्मेवारी स्पष्ट गरियो । यस कार्यका लागि विभिन्न चरणमा नगरपालिकाका पदाधिकारीहरुसँग बसी तथ्यांक संकलन र छलफल गरियो ।

#### *प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा*

नगरपालिकाको मार्गनिर्देशनमा परामर्शदाताद्वारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- नेपाल सरकारको दीर्घकालीन सोच, स्रोह्रौं राष्ट्रिय योजना तथा गण्डकी प्रदेशको आवधिक योजना
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- भानु नगरपालिकाका आवधिक योजना, सान्दर्भिक नीति, कानून तथा प्रतिवेदनहरु ।

### *प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा*

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाब तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

## चरण - २: लेखाजोखा चरण

### *प्रक्रिया ६: अभिमुखीकरण तथा प्रारम्भिक छलफल*

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाई तयार गर्ने उद्देश्यले अभिमुखीकरण तथा प्रारम्भिक छलफल गरियो । सो छलफलमा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुको सहभागिता रहेको थियो । छलफलको क्रममा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । वि.सं. २०८१ साल असार ९ गते भानु नगरपालिका नगरकार्यपालिकाको कार्यालय फुस्रेटारमा संचालित यस कार्यक्रमबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो । उक्त कार्यक्रममा आफ्नो विचार राख्दै नगरपालिका नगर प्रमुख श्री आनन्द राज त्रिपाठीले भन्नु भयो, हामीले योजनाहरु प्राथमिकीकरण गरी खर्च प्रक्षेपण गर्न यो मध्यमकालीन खर्च संरचनाले सहयोग पुग्नेमा म विश्वस्त रहेको छु । त्यसैगरी कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री दिवाकर पौडेलले मध्यमकालिन खर्च संरचनाले कुन क्षेत्रमा कति खर्च गर्ने कुरामा सहजता ल्याउने गर्दछ अव हामी हाम्रा योजनाहरुले निदृष्ट गरेका कार्यक्रमहरुमा बढी केन्द्रित भएर काम गर्नेछौ भन्नु भएको थियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### *प्रक्रिया ७: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण*

राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीति अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा

तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारण गरिएको बजेट सीमालाई सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराईयो ।

## चरण - ३: तयारी चरण

### *प्रक्रिया ८: क्षेत्रगत योजना तर्जुमा*

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल गरियो । विषयगत शाखाका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साँकेतीकरण गरियो ।

### *प्रक्रिया ९: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी*

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखालाई परामर्शदाताबाट सहयोग तथा सहजीकरण गरियो । उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो । विषयगत शाखा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो ।

### *प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग परामर्श गरी मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचना तयारीको लागि विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरणको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको मध्यमकालिन खर्च संरचना दिग्दर्शन २०७८(परिमार्जित)को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/ आयोजनाको सारांस समावेश गरिएको छ ।

### *प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला*

तयार गरिएको मध्यमकालीन खर्च संरचनाको मस्यौदामा आवश्यक सुझाव संकलनका उद्देश्यले अनौपचारिक रुपमा एक दिवसिय छलफल गरिएको थियो । यस कार्यशालामा कार्यालय प्रमुख लगायत अन्य शाखाका प्रमुखहरुको सहभागिता थियो । उक्त कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुती गरि आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरि विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतिककरण समेत गरियो ।

### *प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला र भानु नगरपालिकाका विभिन्न शाखाहरुबाट प्राप्त सुझावहरु समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरियो । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन गरि परिमार्जित गरियो ।

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिईन्छ। नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो।

संङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी संङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनु पर्ने व्यवस्था रहेको छ। उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार यस नगरपालिकाले तय गरेको सोच सहितको प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् नेपाल सरकारले घोषणा गरेको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सौँच अनुरुप तयार चालु स्रोहौं योजनाको, गण्डकी प्रदेश सरकारको प्रथम आवधिक योजना, भानु नगरपालिकाको प्रथम आवधिक योजना र नीति तथा कार्यक्रमलाई आत्मसात गर्ने प्रयास गरिएको छ। योजना तथा विकास उपलब्धिको सफलता वित्तीय संङ्घीयताको कुशल व्यवस्थापन, तीब्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ। अतः यस मध्यमकालीन खर्च संरचनाले यसतर्फ भानु नगरपालिकालाई मार्गदर्शन गर्नेछ।

आर्थिक वर्ष (२०८१/८२-२०८३/८४) का लागि तर्जुमा गरिएको मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकार र नगरपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। नगरपालिकाको तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ।

## २.२. चुनौति तथा अवसर

संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, स्रोहौं पञ्च वर्षीय योजना, गण्डकी प्रदेशको प्रथम आवधिक योजना र भानु नगरपालिकाको प्रथम आवधिक योजना साथै नगरपालिकाले निर्धारण गरेको उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्नुलाई यस

नगरपालिकाले प्रमुख चूनौतिको रुपमा लिएको छ । यसका साथै बेलाबेलामा विश्वव्यापी रुपमा फैलने महामारी, वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपदको बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशीलता हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु थप चुनौतिको रुपमा रहेको छ ।

साथै सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण, कृषि तथा पर्यावरणीय पर्यटन प्रवर्धन गरी उत्पादन र उत्पादकत्व वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि नगरपालिकाको विकासको चूनौतिको रुपमा रहेका छन् । वित्तीय संङ्घीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु चूनौतिपूर्ण छ ।

संङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय जनताको आवश्यकतालाई जनप्रतिनिधिहरुद्वारा नजिकबाट महसुस गरिनु, स्थानीय सरकारहरुबीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरु हुन् । नगरपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् ।

वैदेशिक रोजगारी तथा यसका कारणले वाह्य ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी नगरपालिकामा उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

यस मध्यमकालीन खर्च संरचना तयार गर्दा नगरपालिकाको सोच, आवधिक योजना र नीति तथा कार्यक्रमले निर्धारण गरेको क्षेत्रहरुलाई प्रमुख आधारको रुपमा लिइएको छ । नगर विकासको सोच, लक्ष्य, उद्देश्य तथा नीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेका छन्:

**दीर्घकालीन सोच**

**"साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो, पारौं समृद्ध र समुन्नत भानु राम्रो"**

**नगर विकासको लक्ष्य**

**"स्वस्थ, शिक्षित, साहित्यिक, उद्यमशील, व्यावसायिक, सभ्य र सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर, पर्यटकीय, व्यवस्थित, समावेशी र समृद्ध भानु नगरपालिका"**

**नगर विकासका उद्देश्यहरु**

- उत्पादन, रोजगारी, आय र आर्थिक क्षेत्रको विस्तारलाई प्रवर्द्धन गर्नु,
- गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षामा पहुँच र आत्म सम्मान पूर्वक जीवन यापनका अवसर तयार गर्नु,
- आवास, बजार, भौतिक सुविधा तथा अन्तर-आबद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउनु,
- पर्यावरण एवं जैविक विविधताको संरक्षण र विपद् व्यवस्थापनको क्षमता अभिवृद्धि गर्नु, र
- सहज सेवा प्रवाह, नतिजामूखी विकास र सुशासन कायम गर्न आधारभूत पक्षलाई शिरोधार्य गर्नु ।

चालु नीति तथा कार्यक्रमले ६ वटा प्राथमिकताका क्षेत्रहरु निर्धारण गरेको छ जसमा:

१) सर्वसुलभ एवं स्वस्थ्यमा सहज पहुँच
२) गुणस्तरीय शिक्षा
३) कृषि तथा पशुपालन तथा रैथाने वाली संरक्षण, प्रबर्द्धन तथा बजारीकरण
सुशासन अभिवृद्धि
४) दिगो लक्ष्य प्राप्तिका भौतिक पूर्वाधार संरचना निर्माण
५) वातावरण संरक्षण, विपद तथा आपतकालीन व्यबस्थापन
६) सामाजिक सुरक्षा
८) उद्यमशिलता, रोजगारी सिर्जना तथा नवप्रवर्तन
९) सार्वजनिक जग्गाको संरक्षण तथा निजी सहकारी साझेदारी
१०) पर्यटन विकास

**नगर विकासको समष्टिगत रणनीति**

भानु नगरपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिने छ :

१) प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने ।

२) विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने ।

३) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने ।

४) गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने ।

५) वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने ।

६) सुशासन सम्बन्धी नीति गत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

**"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने राष्ट्रिय सोच एवं **"समृद्ध प्रदेश, सुखी नागरिक"** बनाउने गण्डकी प्रदेशको दिर्घकालिन सोच, र भानु नगरपालिकाको आवधिक विकासको सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार तीन वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.१ : स्थानीय समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य***

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| १. | बार्षिक उत्पादन | रु. लाखमा | ४३५११ | ४३९४७ | ४४३८६ | ४४८३० | ४५२७८ |
| १.१ | कृषि | रु. लाखमा | ३६९८५ | ३७३५५ | ३७७२८ | ३८१०५ | ३८४८६ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रु. लाखमा | ६५२७ | ६५९२ | ६६५८ | ६७२४ | ६७९२ |
| २. | औषत पारिवारिक वार्षिक आय | रु. हजारमा | ३४२ | ३४५ | ३४९ | ३५२ | ३५६ |
| ३. | उद्योग, व्यापार र व्यावसाय | संख्या | ३५० | ३५४ | ३५७ | ३६१ | ३६४ |
| ४. | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | ३९०० | ३९३९ | ३९७८ | ४०१८ | ४०५८ |
| ५. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार (१० देखि १२ महिना खाना पुग्ने परिवार) | प्रतिशत | ६८ | ६८.६८ | ६९ | ७० | ७१ |
| ६ | आर्थिक रुपमा सक्रिय जनसंख्या | प्रतिशत | ७०.४ | ७१.१०४ | ७२ | ७३ | ७३ |
| ७ | पर्यटक आगमन वार्षिक | संख्या | ५०००० | ५०५०० | ५१००५ | ५१५१५ | ५२०३० |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

***तालिका २.१.१ : समष्टिगत क्षेत्रमा प्रदेशले लिएको लक्ष्य अनुसारको तालमेल***

| **क्र.स.** | **लक्ष्य, गन्तव्य र सूचक** | **एकाइ** | **आधार वर्षसम्मको अवस्था** | | | **मध्यमकालीन खर्च संरचनाको लक्ष्य** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **नेपाल आ.व.२०७५/७६** | **गण्डकी प्रदेश आ.व.२०७५/७६** | **भनु नगरपालिका आ.व.२०७८/७९** | **नेपाल आ.व.२०८०/८१** | **गण्डकी प्रदेश आ.व.२०८०/८१** | **भनु नगरपालिका आ.व.२०८४/८५** |
| **क** | **समष्टिगत गन्तव्य तथा सूचक** | | | | | | | |
| १ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७९ | ०.५९ | **०.६१** | ०.६२४ | ०.६५ | **०.६७** |
| २ | औसत आयु | वर्ष | ६९.७ | ७१.४ | **७२** | ७२ | ७७ | **७५** |
| ३ | वार्षिक प्रतिव्यक्ति आय | अमेरिकी डलर | १०४७ | १०४३ | **१२५०** | १५९५ | १९५६ | **१८००** |
| ४ | साक्षरता दर (१५ वर्षमाथि) | प्रतिशत | ५८ | ६७ | **७७.५** | ९० | ९५ | **८५** |
| ५ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ९ | **७** | ६ | ४ | **२** |
| ६ | निरपेक्ष गरिवी | प्रतिशत | २८.६ | १४.२ | **१२** | १३ | ७.३ | **३** |
| ७ | आर्थिक रुपले सक्रिय जनसंख्या | प्रतिशत | ५६.९ | ५७ | **५९.८८** | ६० | ६६ | **६२** |
| ८ | विपदबाट हुने वार्षिक क्षती रकम | रु. लाखमा | | | **१०००** | | | **१००** |

*स्रोत: गण्डकी प्रदेशको आवधिक योजना २०७७ र* भानु नगरपालिकाको आवधिक योजना, २०८०

## २.५ मध्यमकालीन नतिजा खाका

सोह्रौं पञ्चवर्षीय योजनाको अवधारण पत्र, गण्डकी प्रदेशको प्रथम आवधिक योजना तथा नगरपालिकाको वर्तमान समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। यस नतिजा खाका तयारीको लागि भानु नगरपालिकाले आवधिक योजना र गण्डकी प्रदेशको आवधिक योजनाको लक्ष्यलाई आधार मानी तयार गरिएको छ। साथै विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०८०/८१ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व.को लक्ष्य निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ।

*तालिका २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य*

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | हालको अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७२ | ७२.५ | ७३ | ७३.५ |
| २ | साक्षरता दर | प्रतिशत | ७७.५ | ७०.०६ | ७९.८५ | ८०.६५ |
| ३ | विद्यार्थी भर्ना दर | प्रतिशत | ९९ | ९९ | ९९.३ | ९९.५ |
| ४ | विद्यालय छाड्ने दर (एक वर्षमा) | संख्या | २.७६ | २ | १.८ | १.५ |
| ५ | ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रेहका परिवार | मिनेट | ८० | ८२ | ८४ | ८५ |
| ६ | कम तौल भएका ५ वर्ष मुनीका बालबालिका | प्रतिशत | २.५ | २ | १.८ | १.५ |
| ७ | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | प्रतिशत | ७५ | ७७ | ८० | ८२ |
| ८ | झाडा पखालाको संक्रमण दर | प्रतिशत | १० | ८ | ६ | ४ |
| ९ | स्वास्थ्य विमामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ४० | ५० | ६० | ७० |
| १० | सबै प्रकारको खोप लिने बालबालिका | प्रतिशत | ९४.५ | ९५ | ९६.५ | ९८ |
| ११ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ८० | ८५ | ८७ | ८८ |

स्रोत : नगरपालिकाको आवधिक योजना, २०८०

## २.६ मध्यमकालीन बजेट खाका

भानु नगरपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा नगरपालिकाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ। नगरपालिकाको पहिलो प्रयासबाट तयार गरिएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लेखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ।

वडागत आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न

सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तारणमा समानीकरण र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा प्रस्तुत गरिएको छ ।

आर्थिक वर्ष २०८०/८१ को बजेट राजस्व तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा नगरपालिकाको नीति तथा कार्यक्रममा उल्लेख गरेको कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा नगरपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई स्रोत व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडबाँट, उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट स्वरूप प्राप्त हुने रकम र आन्तरिक श्रोत समेतका आधारमा नगरपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ ।

उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. ३ अरव १७ करोड ४० लाख ४५ हजार प्रक्षेपण गरिएको छ । त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. १० करोड ४५ लाख ३८ हजार ( ३.२९ प्रतिशत), संघीय सरकारको स्रोतबाट रु. २ अरव ९४ करोड ७ लाख ६१ हजार (९२.६५ प्रतिशत) र प्रदेश सरकारको स्रोतबाट रु. १२ करोड ८७ लाख ४६ हजार ( ४.०६ प्रतिशत), व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण तालिका २.३ मा उल्लेख गरिएको छ :

### तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण

| क्र.सं. | बजेटका स्रोतहरु | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | प्रक्षेपण (रु. हजारमा) | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| क. | राजस्व तथा अनुदान | १०३८२०४ | १०४३२१९ | १०४७५०५ | १०५७९८० | १०६८५६० | ३१७४०४५ |
| १ | आन्तरिक आय | ३३८६९ | ३०००० | ३४५०० | ३४८४५ | ३५१९३ | १०४५३८ |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त आय | १३८९७८ | १३६८०४ | १४४४५० | १४५८९५ | १४७३५३ | ४३७६९८ |
| | नेपाल सरकार भ्याट | १२५७६३ | १२३२३१ | १३०७९९ | १३२१०७ | १३३४२८ | ३९६३३४ |
| | नेपाल सरकार अन्तशुल्क | ० | ० | ० | ० | ० | ० |
| | प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि) | १३२१५ | १३५७३ | १३६५१ | १३७८८ | १३९२५ | ४१३६४ |
| ३ | रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व | ० | ० | ० | ० | ० | ० |
| | वन रोयल्टी | | | ० | ० | ० | ० |
| | खानी तथा खनिज रोयल्टी | | | ० | ० | ० | ० |
| | पर्वतारोहण रोयल्टी | | | ० | ० | ० | ० |
| | विद्युत रोयल्टी | | | ० | ० | ० | ० |
| | पानी तथा अन्य प्राकृतिक स्रोत | | | ० | ० | ० | ० |
| ४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | ६१३०३४ | ६३८६२८ | ५७७३३५ | ५८३१०८ | ५८८९३९ | १७४९३८३ |
| | वित्तीय समानीकरण अनुदान | १५२७३५ | १२९३१७ | १३६१०० | १३७४६१ | १३८८३६ | ४१२३९७ |
| | सशर्त अनुदान चालू | ३९२७९९ | ३९९९४५ | ३९७७३५ | ४०१७१२ | ४०५७२९ | १२०५१७७ |
| | सशर्त अनुदान पूँजीगत | ३०५०० | ७०८६६ | १३५०० | १३६३५ | १३७७१ | ४०९०६ |
| | समपुरक अनुदान | २२००० | १८५०० | ० | ० | ० | ० |
| | विशेष अनुदान पूँजीगत | १५००० | २०००० | ३०००० | ३०३०० | ३०६०३ | ९०९०३ |
| | विशेष अनुदान | ० | ० | ० | ० | ० | ० |
| ५ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | २८८९० | २९८२७ | २८८३८ | २९१२६ | २९४१८ | ८७३८२ |
| | वित्तीय समानीकरण अनुदान | १८८९० | १८८२७ | १८८३८ | १९०२६ | १९२१७ | ५७०८१ |
| | सशर्त अनुदान चालू | ० | ० | ० | ० | ० | ० |
| | सशर्त अनुदान पूँजीगत | ५००० | ३००० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | *समपुरक अनुदान चालू* | ० | ० | ० | ० | ० | ० |
| | *समपुरक अनुदान पूँजीगत* | ५००० | ५००० | ६००० | ६०६० | ६१२१ | १८१८१ |
| | *विशेष अनुदान पूँजीगत* | ० | ३००० | ४००० | ४०४० | ४०८० | १२१२० |
| | *विशेष अनुदान चालू* | ० | ० | | ० | ० | ० |
| ६ | **अन्य अनुदान** | २२३४३३ | २०७९६० | २६२३८२ | २६५००६ | २६७६५६ | ३२११८७ |
| ७ | **अन्तर स्थानीय तहबाट साझेदारी रकम** | ० | ० | ० | ० | ० | ० |
| ८ | **जनसहभागिता** | ० | ० | ० | ० | ० | ० |
| ९ | **नगद मौज्दात** | | | ० | ० | ० | ० |

**आय संरचनाको सारांश**

| क्रस | बजेटका स्रोतहरु | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमानित | प्रक्षेपण (रु हजारमा) | | | ३ वर्षको प्रक्षेपण जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| १ | आन्तरिक स्रोत | ३३८६९ | ३०००० | ३४५०० | ३४८४५ | ३५१९३ | १०४५३८ | ३.२९ |
| २ | नेपाल सरकारको श्रोत | ९६२२३० | ९६९८१९ | ९७०५१६ | ९८०२२१ | ९९००२३ | २९४०७६१ | ९२.६५ |
| ३ | प्रदेश सरकारबाट प्राप्त श्रोत | ४२१०५ | ४३४०० | ४२४८९ | ४२९१४ | ४३३४३ | १२८७४६ | ४.०६ |
| | **जम्मा** | १०३८२०४ | १०४३२१९ | १०४७५०५ | १०५७९८० | १०६८५६० | ३१७४०४५ | १०० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बांडफाड

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

### क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

अघिल्ला वर्षका नीति तथा कार्यक्रम, नगरपालिकाले निर्माण गरेको गुरुयोजनाहरु, आवधिक योजनाहरुको अध्ययन र अभिमुखीकरण कार्यक्रमको छलफलका आधारमा निम्न बमोजिमको रणनीकि स्तम्भहरु तयार गरी आगामी तीन आर्थिक वर्षको लागि बजेट अनुमान तथा प्रक्षेपण गरिएको छ । रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | आ.व.२०८१ / ०८२ को प्रक्षेपण | | आ.व.२०८२ / ०८३ को प्रक्षेपण | | आ.व.२०८३ / ०८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | व्यावसायिक कृषि उत्पादन, भण्डारण, वजारीकरण, पर्यटन प्रवर्धन र रोजगारी सिर्जना | १९११७० | १८.२५ | २०३६६१ | १९.३ | २१६३८३ | २०.२५ |
| २ | गुणस्तरीय, दिगो र समावेशी पूर्वाधार तथा उर्जा विकास | १८५९३२ | १७.७५ | १७७२१२ | १६.८ | १८९६६९ | १७.७५ |
| ३ | शिक्षा, स्वास्थ्य स्वच्छ खाने पानी तथा सामाजिक सुरक्षाको सुनिश्चिता | १७०२२० | १६.२५ | १७१९२२ | १६.३ | १६२९५५ | १५.२५ |
| ४ | लैंगिक समानता, अपांगता र सामाजिक समावेशीकरणलाई विकास गतिविधिमा मूलप्रवाहीकरण साथै तथा सामाजिक सुरक्षा सुनिश्चिता | १६३९३५ | १५.६५ | १६५५७४ | १५.७ | १५६५४४ | १४.६५ |
| ५ | दिगो विकास लक्ष्यहरुलाई आन्तरिकीकरण तथा क्षेत्रगत योजनाहरुको उद्देश्य अनुरुप कार्यक्रम | १५०३१७ | १४.३५ | १३०६६१ | १२.४ | १३१९६७ | १२.३५ |
| ६ | पर्यावरण एवं जैविक विविधताको संरक्षण र विपद व्यवस्थापनमा | ८८५१४ | ८.४५ | ११०५५९ | १०.५ | १००९७९ | ९.४५ |
| ७ | नगरपालिकाको आन्तरिक आयका क्षेत्रहरुको विस्तार | ६१२७९ | ५.८५ | ७२४७२ | ६.८५ | ७३१९६ | ६.८५ |

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | आ.व.२०८१/०८२ को प्रक्षेपण | | आ.व.२०८२/०८३ को प्रक्षेपण | | आ.व.२०८३/०८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ८ | नगरपालिकाको संस्थागत क्षमता विकास | ३६१३९ | ३.४५ | २५९२१ | २.४५ | ३६८६५ | ३.४५ |
| | **जम्मा** | १०४७५०५ | १०० | १०५७९८० | १०० | १०६८५६० | १०० |

## ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको आवधिक योजनाले निर्धारण गरेको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.५ : प्राथमिकता क्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| क्रस | प्राथमिकताका पाँच क्षेत्र | कूल बजेट रु हजारमा | प्राथमिकताको प्रतिशत |
|---|---|---|---|
| १ | व्यावसायिक कृषि, पर्यटन तथा उद्यमशिलता विकास | १०५७४४१ | ३३.३२ |
| २ | समावेशी दिगो पूर्वाधार विकास | ९६९२३१ | ३०.५४ |
| ३ | सामाजिक विकास (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा) | ६४०७९९ | २०.१९ |
| ४ | जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन | २४१०३७ | ७.५९ |
| ५ | संस्थागत सुशासन प्रवर्द्धन | २६५५३७ | ८.३७ |
| | **जम्मा** | **३१७४०४५** | १०० |

## ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | २०८१/०८२ को व्यय विनियोजन | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ६२८५० | ६ | ७५११७ | ७.१ | ८४४१६ | ७.९ |
| २ | शुन्य भोकमरी | ३७७१० | ३.६ | ३८०८७ | ३.६ | ३८४६८ | ३.६ |
| ३ | स्वस्थ्य जीवन | १०२६५५ | ९.८ | १०४७४० | ९.९ | ११००६२ | १०.३ |
| ४ | गुणस्तरीय शिक्षा | २१०५४९ | २०.१ | २०४१९० | १९.३ | २०८३६९ | १९.५ |
| ५ | लैंगिक समानता | ४९२३३ | ४.७ | ५६०७३ | ५.३ | ६०९०८ | ५.७ |
| ६ | सफा पानी र स्वच्छता | ८५८९५ | ८.२ | ७७२३३ | ७.३ | ८४४१६ | ७.९ |
| ७ | आधुनिक उर्जामा पहुँच | २५१४० | २.४ | २५३९२ | २.४ | २५६४५ | २.४ |

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | २०८१/०८२ को व्यय विनियोजन | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | २६१८८ | २.५ | ३७०२९ | ३.५ | ३८४६८ | ३.६ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | १६१३१६ | १५.४ | १५८६९७ | १५ | ११६४७३ | १०.९ |
| १० | असमानता न्यूनीकरण | १०४७५ | १ | २११६० | २ | २६७१४ | २.५ |
| ११ | दिगो शहर र समुदाय | ५९७०८ | ५.७ | ५३९५७ | ५.१ | ५८७७१ | ५.५ |
| १२ | दिगो उपभोग र उत्पादन | ४७१३८ | ४.५ | ४३३७७ | ४.१ | ४९१५४ | ४.६ |
| १३ | जलबायु परिवर्तन अनुकुलन | ४७१३८ | ४.५ | ४७६०९ | ४.५ | ५७७०२ | ५.४ |
| १५ | जमीन माथिको जीवन | ४७१३८ | ४.५ | ३८०८७ | ३.६ | ३३१२५ | ३.१ |
| १६ | शान्ति, न्यायपूर्ण र सशक्त समाज | ५३४२३ | ५.१ | ५६०७३ | ५.३ | ५४४९७ | ५.१ |
| १७ | दिगो विकासका लागि साझेदारी | २०९५० | २ | २११६० | २ | २१३७१ | २ |
| | **जम्मा** | **१०४७५०५** | **१००** | **१०५७९८०** | **१००** | **१०६८५६०** | **१००** |

## घ. लैंगिक संकेतको आधारमा बाँडफाँट

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

***तालिका २.७: लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| लैंगिक संकेत | २०८१/०८२ को विनियोजन | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | ३७७१० | ३.६ | ६०३०५ | ५.७ | ७९०७३ | ७.४ |
| सहयोगी | ५०८०४० | ४८.५ | ५४३८०२ | ५१.४ | ५६२०६३ | ५२.६ |
| तटस्थ | ५०१७५५ | ४७.९ | ४५३८७३ | ४२.९ | ४२७४२४ | ४०.० |
| **जम्मा** | **१०४७५०५** | **१००** | **१०५७९८०** | **१००** | **१०६८५६०** | **१००** |

## ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ।

***तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| जलवायु संकेत | २०८०/०८१ को अनुमान | | २०८१/०८२ को खर्च प्रक्षेपण | | २०८२/०८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रत्यक्ष लाभ | १४५६०३ | १३.९ | २०४१९० | १९.३ | २४५७६९ | २३ |
| अप्रत्यक्ष लाभ | ३५८२४७ | ३४.२ | ३५७५९७ | ३३.८ | ३६०१०५ | ३३.७ |
| तटस्थ | ५४३६५५ | ५१.९ | ४९६१९३ | ४६.९ | ४६२६८६ | ४३.३ |
| **जम्मा** | **१०४७५०५** | **१००** | **१०५७९८०** | **१००** | **१०६८५६०** | **१००** |

## २.८ विषय क्षेत्रगत बांडफाड

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण समावेश गरिएको छ ।

***तालिका २.९ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण***

| विषय क्षेत्र | विषय उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.हजारमा) | | | बजेटको श्रोत (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| **आर्थिक क्षेत्र** | १. कृषि | २०८१/८२ | ८८५१४ | ५८४४० | ३००७४ | २९१५ | ८२००९ | ३५९० |
| | | २०८२/८३ | ९६८०५ | ६३९१४ | ३२८९१ | ३१८८ | ८९६९० | ३९२७ |
| | | २०८३/८४ | ९९९१० | ६५९६५ | ३३९४६ | ३२९१ | ९२५६७ | ४०५३ |
| | २. सिंचाई | २०८१/८२ | ६७०४० | २६८१६ | ४०२२४ | २२०८ | ६२११३ | २७१९ |
| | | २०८२/८३ | ६०३०५ | २४१२२ | ३६१८३ | १९८६ | ५५८७३ | २४४६ |
| | | २०८३/८४ | ६१९७६ | २४७९१ | ३७१८६ | २०४१ | ५७४२१ | २५१४ |
| | ३. पशुपंक्षी | २०८१/८२ | ३६६६३ | १०९९९ | २५६६४ | १२०८ | ३३९६८ | १४८७ |
| | | २०८२/८३ | ३८०८७ | ११४२६ | २६६६१ | १२५४ | ३५२८८ | १५४५ |
| | | २०८३/८४ | ३९५३७ | ११८६१ | २७६७६ | १३०२ | ३६६३१ | १६०४ |
| | ४. उद्योग, व्यापार तथा व्यवसाय | २०८१/८२ | २६१८८ | १०४७५ | १५७१३ | ८६३ | २४२६३ | १०६२ |
| | | २०८२/८३ | २७५०७ | ११००३ | १६५०४ | ९०६ | २५४८६ | १११६ |
| | | २०८३/८४ | २८८५१ | ११५४० | १७३११ | ९५० | २६७३१ | ११७० |
| | ५. पर्यटन तथा संस्कृति | २०८१/८२ | १९९०३ | १०९४६ | ८९५६ | ६५६ | १८४४० | ८०७ |
| | | २०८२/८३ | १९५७३ | १०७६५ | ८८०८ | ६४५ | १८१३४ | ७९४ |
| | | २०८३/८४ | १३३५७ | ७३४६ | ६०११ | ४४० | १२३७५ | ५४२ |
| | ६. भूमी व्यवस्था तथा सहकारी | २०८१/८२ | १२५७० | ७५४२ | ५०२८ | ४१४ | ११६४६ | ५१० |
| | | २०८२/८३ | १३२२५ | ७९३५ | ५२९० | ४३६ | १२२५३ | ५३६ |
| | | २०८३/८४ | १३८९१ | ८३३५ | ५५५७ | ४५८ | १२८७० | ५६३ |
| | ७. श्रम, रोजगारी तथा गरिवी निवारण | २०८१/८२ | ३५६१५ | १६०२७ | १९५८८ | ११७३ | ३२९९८ | १४४५ |
| | | २०८२/८३ | ३७०२९ | १६६६३ | २०३६६ | १२२० | ३४३०८ | १५०२ |
| | | २०८३/८४ | ३८४६८ | १७३११ | २११५७ | १२६७ | ३५६४१ | १५६० |
| **सामाजिक क्षेत्र** | ८. जनस्वास्थ्य तथा पोषण | २०८१/८२ | ३५६१५ | २१३६९ | १४२४६ | ११७३ | ३२९९८ | १४४५ |
| | | २०८२/८३ | ३७०२९ | २२२१८ | १४८१२ | १२२० | ३४३०८ | १५०२ |
| | | २०८३/८४ | ३७९३४ | २२७६० | १५१७४ | १२४९ | ३५१४६ | १५३९ |

| विषय क्षेत्र | विषय उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.हजारमा) | | | बजेटको श्रोत (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| | ९. शिक्षा, कला, भाषा तथा साहित्य | २०८१/८२ | ७८०३९ | ४६८२३ | ३१२१६ | २५७० | ७२३०३ | ३१६५ |
| | | २०८२/८३ | ७४०५९ | ४४४३५ | २९६२३ | २४३९ | ६८६१५ | ३००४ |
| | | २०८३/८४ | ७७४७१ | ४६४८२ | ३०९८८ | २५५२ | ७१७७७ | ३१४२ |
| | १०. खानेपानी तथा सरसफाइ | २०८१/८२ | ४६०९० | २७६५४ | १८४३६ | १५१८ | ४२७०३ | १८७० |
| | | २०८२/८३ | ४७६०९ | २८५६५ | १९०४४ | १५६८ | ४४११० | १९३१ |
| | | २०८३/८४ | ५०७५७ | ३०४५४ | २०३०३ | १६७२ | ४७०२६ | २०५९ |
| | ११. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | २०८१/८२ | २०९५० | १२५७० | ८३८० | ६९० | १९४१० | ८५० |
| | | २०८२/८३ | २२२१८ | १३३३१ | ८८८७ | ७३२ | २०५८५ | ९०१ |
| | | २०८३/८४ | २३५०८ | १४१०५ | ९४०३ | ७७४ | २१७८१ | ९५४ |
| | १२. युवा, खेलकुद तथा नवप्रवर्तन | २०८१/८२ | १५७१३ | ६२८५ | ९४२८ | ५१८ | १४५५८ | ६३७ |
| | | २०८२/८३ | १६३९९ | ६५५९ | ९८३९ | ५४० | १५१९३ | ६६५ |
| | | २०८३/८४ | १७०९७ | ६८३९ | १०२५८ | ५६३ | १५८४० | ६९३ |
| | १३. सामाजिक सुरक्षा तथा पंजीकरण | २०८१/८२ | ९४३ | ४७१ | ४७१ | ३१ | ८७३ | ३८ |
| | | २०८२/८३ | १०५८ | ५२९ | ५२९ | ३५ | ९८० | ४३ |
| | | २०८३/८४ | ११७५ | ५८८ | ५८८ | ३९ | १०८९ | ४८ |
| **पूर्वाधार क्षेत्र** | १४. भवन, आवास तथा बस्ती विकास | २०८१/८२ | १३६२८० | ८१७६८ | ५४५१२ | ४४८८ | १२६२६४ | ५५२८ |
| | | २०८२/८३ | १३८०६६ | ८२८४० | ५५२२७ | ४५४७ | १२७९१९ | ५६०० |
| | | २०८३/८४ | १३९४४७ | ८३६६८ | ५५७७९ | ४५९३ | १२९१९८ | ५६५६ |
| | १५. सडक, पुल तथा यातायात | २०८१/८२ | १४९२६९ | ८९५६२ | ५९७०८ | ४९१६ | १३८२९९ | ६०५५ |
| | | २०८२/८३ | १४६५३० | ८७९१८ | ५८६१२ | ४८२६ | १३५७६१ | ५९४४ |
| | | २०८३/८४ | १५०१३३ | ९००८० | ६००५३ | ४९४५ | १३९०९८ | ६०९० |
| | १६. जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा | २०८१/८२ | ४७१३८ | २५९२६ | २१२१२ | १५५३ | ४३६७३ | १९१२ |
| | | २०८२/८३ | ४७६०९ | २६१८५ | २१४२४ | १५६८ | ४४११० | १९३१ |
| | | २०८३/८४ | ५०५४३ | २७७९९ | २२७४४ | १६६५ | ४६८२८ | २०५० |

| विषय क्षेत्र | विषय उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.हजारमा) | | | बजेटको श्रोत (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| | १७. सूचना तथा सञ्चार प्रविधि | २०८१/८२ | २७२३५ | १३६१८ | १३६१८ | ८९७ | २५२३३ | ११०५ |
| | | २०८२/८३ | २८०३६ | १४०१८ | १४०१८ | ९२३ | २५९७६ | ११३७ |
| | | २०८३/८४ | १७०९७ | ८५४८ | ८५४८ | ५६३ | १५८४० | ६९३ |
| वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | १८. वन, भूसंरक्षण तथा जैविक विविधता | २०८१/८२ | १७९१२ | ८९५६ | ८९५६ | ५९० | १६५९६ | ७२७ |
| | | २०८२/८३ | २०१०२ | १००५१ | १००५१ | ६६२ | १८६२४ | ८१५ |
| | | २०८३/८४ | २१३७१ | १०६८६ | १०६८६ | ७०४ | १९८०० | ८६७ |
| | १९. वातावरण तथा फोहोरमैला व्यवस्थापन | २०८१/८२ | १७८०८ | ७१२३ | १०६८५ | ५८७ | १६४९९ | ७२२ |
| | | २०८२/८३ | १८५१५ | ७४०६ | १११०९ | ६१० | १७१५४ | ७५१ |
| | | २०८३/८४ | १९२३४ | ७६९४ | ११५४० | ६३३ | १७८२० | ७८० |
| | २०. विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन | २०८१/८२ | २९३३० | ११७३२ | १७५९८ | ९६६ | २७१७४ | ११९० |
| | | २०८२/८३ | ३१७३९ | १२६९६ | १९०४४ | १०४५ | २९४०७ | १२८७ |
| | | २०८३/८४ | २७८८९ | १११५६ | १६७३४ | ९१९ | २५८४० | ११३१ |
| संस्थागत विकास तथा सुशासन क्षेत्र | २१. नीति, कानुन, न्याय तथा सुशासन | २०८१/८२ | ८९०४ | ५३४२ | ३५६२ | २९३ | ८२४९ | ३६१ |
| | | २०८२/८३ | १०५८० | ६३४८ | ४२३२ | ३४८ | ९८०२ | ४२९ |
| | | २०८३/८४ | १३३५७ | ८०१४ | ५३४३ | ४४० | १२३७५ | ५४२ |
| | २२. संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह | २०८१/८२ | ५०८०४ | ३०४८२ | २०३२२ | १६७३ | ४७०७० | २०६१ |
| | | २०८२/८३ | ४६५५१ | २७९३१ | १८६२० | १५३३ | ४३१३० | १८८८ |
| | | २०८३/८४ | ४५४१४ | २७२४८ | १८१६६ | १४९६ | ४२०७६ | १८४२ |
| | २३. राजस्व तथा स्रोत परिचालन | २०८१/८२ | ८९०४ | ४४५२ | ४४५२ | २९३ | ८२४९ | ३६१ |
| | | २०८२/८३ | ९५२२ | ४७६१ | ४७६१ | ३१४ | ८८२२ | ३८६ |
| | | २०८३/८४ | ९६१७ | ४८०९ | ४८०९ | ३१७ | ८९१० | ३९० |
| | २४. तथ्यांक प्रणाली र योजना | २०८१/८२ | ८७९९ | ५२७९ | ३५२० | २९० | ८१५२ | ३५७ |
| | | २०८२/८३ | ७९३५ | ४७६१ | ३१७४ | २६१ | ७३५२ | ३२२ |

| विषय क्षेत्र | विषय उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.हजारमा) | | | बजेटको श्रोत (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| | तथा विकास व्यवस्थापन | २०८३/८४ | ८०१४ | ४८०९ | ३२०६ | २६४ | ७४२५ | ३२५ |
| | वडा स्तरीय आयोजना | २०८१/८२ | ६१२७९ | ३६७६७ | २४५१२ | २०१८ | ५६७७५ | २४८६ |
| | | २०८२/८३ | ६१८९२ | ३७१३५ | २४७५७ | २०३८ | ५७३४३ | २५१० |
| | | २०८३/८४ | ६२५११ | ३७५०६ | २५००४ | २०५९ | ५७९१६ | २५३६ |
| | **जम्मा** | **२०८१/८२** | **१०४७५०५** | **५७७४२७** | **४७००७८** | **३४५००** | **९७०५१६** | **४२४८९** |
| | | **२०८२/८३** | **१०५७९८०** | **५८३५१५** | **४७४४६५** | **३४८४५** | **९८०२२१** | **४२९१४** |
| | | **२०८३/८४** | **१०६८५६०** | **५९०३९२** | **४७८१६७** | **३५१९३** | **९९००२३** | **४३३४३** |

# परिच्छेद ३ : आर्थिक क्षेत्र

यस परिच्छेद अन्तर्गत भानु नगरपालिकाको आवधिक योजनाले तय गरेको आर्थिक क्षेत्रसँग सम्बन्धित कृषि तथा सिंचाई, पशु विकास, सिंचाई, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ३.१ कृषि

### ३.१.१. पृष्ठभूमि

भानु नगरपालिका मुख्यता कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्र भएको नगरपालिका हो । यहाको अधिकांश जनसङ्ख्याको जीविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषि, पशुपालन तथा व्यापार व्यवसाय नै रहेको देखिन्छ । भानु नगरपालिकाको अर्थतन्त्रमा व्यावसायिक रूपमा खेती गरिएका खाद्यन्न लगायतका नगदेबाली, सुन्तला, तरकारी, सिमी, मास, पशुपालन, दुध तथा मह उत्पादन आदिले मुख्य योगदान पुर्‍याउँदै आएको देखिन्छ ।

नगरपालिका क्षेत्रका करिब छन् प्रतिशत भन्दा बढी जनसङ्ख्या कृषि तथा पशु पालन पेशामा संलग्न रहेको देखिन्छ । उपजको उत्पादन वा बिक्री गरिरहेका देखिन्छ । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस नगरपालिकाको खेतीयोग्य भूमि छज्ञाघघ प्रतिशत रहेकोकाले उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ । सुन्तला लगायत अमिलो प्रजातिका फलफूलका लागि भानु निकै उत्पादनशील छ । फलफूल, तरकारी, दुध तथा मासु निर्यात बापत नगरपालिकालाई वार्षिक करोडौं आम्दानी हुने गरेको छ । एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेछ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुर्‍याउने सोच अनुरूप नै भानुलाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

दिगो विकास लक्ष्यअन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ । पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु र अण्डाको महत्त्वपूर्ण भूमिकालाई मनन गरी नगरपालिका क्षेत्रमा पशुपन्छी तथा माछापालनका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनकोलागि सहयोग पुग्ने देखिन्छ ।

### १.१.२. समस्या तथा चुनौति

यस नगरपालिकामा कृषिको विकास तथा व्यवसायीकरणका समस्याहरूमा मुख्यतः बजारको अभाव, लगानीको अभाव तथा आधुनिक उपकरण तथा गुणस्तरीय विउविजन, मलखाद एवं औषधीहरूको अभाव तथा विक्री वितरण गर्न सडक यातायात तथा ढुवानीको समस्या रहेको अवस्था छ । यसैगरी व्यावसायिक खेती तथा बजारीकरणका लागि सीप तथा पूँजीको अभाव, स्थानीय स्तरमा बीमा गर्ने निकायको अभावले गर्दा पहिरो, असिना आदिका कारणबाट बाली उत्पादनमा भैरहेको क्षति प्रमुख समस्याको रूपमा रहेको पाइन्छ । अर्कोतर्फ कृषिमा लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, माटोको नियमित

परीक्षण नहुनु, सिँचाइ पर्याप्त उपलब्धता जस्ता समस्या, व्यावसायिक सोचको कमी विद्यमान रहनु, कृषि सङ्कलन केन्द्र नहुनु, कृषि पर्यटन तथा पकेट खेती विकास कार्यक्रम नहुनु एवं प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन नहुनु, कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, रष्टिक स्टोर (विशेष गरी सुन्तला, आलुका लागि) को सुविधा नहुनुबाट व्यवस्थित विक्री वितरण प्रणाली समेत नभएको अवस्था छ भने अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु रहेको छ । आर्थिक विकास सम्भावनाका क्षेत्रहरू प्रचुर भएपनि परम्परागत र निर्वाहमुखी खेती प्रणाली, व्यावसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, कर्जामा कम पहुँच, बजारोन्मुख खेती प्रणाली नहुनुका साथै कृषि विज्ञको समेत कमी भएको अवस्था पाइन्छ ।

स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातिका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त गर्न सकेका छैनन् । साथै जलवायु परिवर्तनको असरका कारण बालीमा देखा पर्ने हानिकारक झार, रोग तथा किराहरूको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भएको अवस्था छ । जडीबुटी उत्पादन विस्तार र बजारीकरण समस्या, सङ्कलन साथै उत्पादनका लागि औजार उपकरणको कमी, वन्यजन्तुको समस्या समेत विद्यमान रहेको छ । स्थानीय स्तरमा बिमा गर्ने निकायको अभावले क्षति, विक्री वितरण गर्न यातायात तथा ढुवानीको समस्या तथा श्रम एवं लागत बढी पर्ने, उन्नत जातको गाई भैँसी, बाख्रापालन पर्याप्त हुन नसक्नु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु तथा उन्नत घाँसको व्यवस्थामा कमी हुनु रहेका छन् । यसैगरी पशुपालन तालिमको व्यवस्थामा कमी, गुणस्तरीय दुग्ध उत्पादनमा व्यावसायिक चेतनाको कमी देखिन्छ भने आवश्यक पूर्वाधारहरू जस्तै दुग्ध चिस्यान केन्द्र, पशु रोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु, पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलब्ध हुनुपर्ने औषधी भ्याक्सिनको सहज उपलब्धता नहुनु, एग्रोभेटहरू सञ्चालनमा नहुनु तथा पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु पनि समस्याको रूपमा रहेको छ ।

### ३.१.३ लक्ष्य

कृषिको आधुनिकीकरण एवम् व्यावसायिकताको विकासद्वारा कृषि तथा पशुपन्छीपालन क्षेत्रलाई प्रतिस्पर्धी र निर्यात मुखी बनाउने ।

### ३.१.४. उद्देश्य

- उत्पादन र उत्पादकत्व वृद्धि गरी भानुको निर्यात प्रवर्द्धन गर्नु ।
- निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
- जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुर्‍याउनु ।
- पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु ।

### ३.१.५. रणनीति

१.कृषि क्षेत्रको उत्पादकत्व वृद्धि र आधुनिकीकरण गर्ने ।

२.तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने ।

३.जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।

४.कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने ।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम, आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| आफ्नो उत्पादनबाट बर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ६८.६ | ६९ | ७० | ७१ |
| संचालित कृषि संकलन केन्द्र बजार | संख्या | २ | ३ | ४ | ५ |
| कृषि उपजका वार्षिक उत्पादन | रु.लाख | ३७३५५ | ३६७२८ | ३८१०५ | ३८४८६ |
| सक्रिय व्यवसायिक कृषि फर्म | संख्या | ३६ | ४० | ४५ | ५० |
| संचालनमा रहेका कृषि पकेट क्षेत्र | संख्या | ५ | ६ | ७ | ८ |
| कृषि तथा पशु प्राविधिकहरु | संख्या | ६ | ८ | ९ | ९ |
| वर्षभरि खेती हुने खेतियोग्य जमिन | हेक्टर | १९५४ | २००० | २१०० | २२०० |
| सक्रिय कृषि सहकारी संस्था | संख्या | २ | ४ | ५ | ६ |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको श्रोत (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ८८५१४ | ५८४४० | ३००७४ | २९१५ | ८२००९ | ३५९० |
| २०८२/८३ | ९६८०५ | ६३९१४ | ३२८९१ | ३१८८ | ८९६९० | ३९२७ |
| २०८३/८४ | ९९९१० | ६५९६५ | ३३९४६ | ३२९१ | ९२५६७ | ४०५३ |
| | | | | | | |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| एक वडा एक कृषि उपज चिनारी कार्यक्रम | प्रत्येक वडाको आफ्नै उत्पादन पहिचान बनाउदै कृषिमा आत्मनिर्भर बनाउने | सालवसाली | ४४२११ | यस अवधिमा कम्तिमा ५ वडा उत्पादन पहिचान भएका हुनेछन् |
| जैविक, प्रांगारिक मल तथा जैविक विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम | प्रांगारिक उत्पादनलाई जोड दिने | सालवसाली | १८५४० | ३५० जना कृषकले प्रांगारिक झोल मल तथा विषादिको प्रयोग गरेका हुनेछन् । |
| रैथाने वाली, बिउ विजन, डाले तथा भुई घाँस उत्पादन स्रोत केन्द्रको स्थापना | रैथाने बालिको विउँ संरक्षण गर्दै उत्पादन तथा उपभोग बढाउने | ०८२ देखि ०८४ सम्म | १०६९६ | १ वटा उत्पादन स्रोत केन्द्रको स्थापना भएको हुनेछ । |
| माटो परिक्षण तथा उपचार कार्यक्रम | माटो सुहाउदो उत्पादनका लागि माटो परिक्षण तथा उपचार गर्ने | ०८४ सम्म | ७१३१ | ५८० किसानको खेतवारीको माटो परिक्षण भएको हुनेछ |
| तरकारी पकेट क्षेत्र कार्यक्रम | तराकारी उत्पादनमा आत्मनिर्भरता बढाउने | सालवसाली | १८६८३ | ५ वटा तरकारी पकेट क्षेत्र हुनेछ । |
| मसलाजन्य बाली विकास कार्यक्रम | मसलाजन्य बालीको उत्पादन बढाउने | सालवसाली | १५६८८ | लसुन, प्याज, अदुवा बेसार र गोलभेडाको उत्पादन बढेको ४० प्रतिशतले बढेको हुनेछ । |
| आलु पकेट क्षेत्र विकास कार्यक्रम | आलुमा आत्मनिर्भर हुने | सालवसाली | १८५४० | ५ वटा आलु पकेट क्षेत्रको वकास भएको हुनेछ । |
| फलफूल पकेट क्षेत्र कार्यक्रम | फलफूलको उत्पादन बढाउने | सालवसाली | २७०९७ | कागती र सुन्तला जन्य फलफूलको उत्पादन बढेको हुनेछ |
| कृषकहरुलाई प्लास्टिक टनेल वितरण कार्यक्रम | बेमौसमी तरकारी उत्पादन बढाउने | सालवसाली | १४६८९ | ३४५ जना कृषकले टनेल खेती गरेका हुनेछन् |
| च्याउ खेती विकास कार्यक्रम कार्यक्रम | च्याउ खेती बढाउने पोषण सुधार गर्ने | सालवसाली | १४२६१ | ४३५ जना कृषकले च्याउन खेती गरेका हुनेछन् । |
| आधुनिक घारमा मौरी पालन कार्यक्रम | मह उत्पादन बढाउने | सालवसाली | १२८३५ | ५० जना कृषकले व्यवसायिक मौरी पालन गरेका हुनेछन् । |
| बहुउद्देश्यीय कृषि, फलफुल तथा जडीवुटी नर्सरी स्थापना र संचालन | फलफूल तथा जडिबुटी नर्सरी प्रवर्धन गर्ने | सालवसाली | ९९८३ | १५ वटा व्यावसायिक नर्सरी स्थापना तथा संचालन भएका हुनेछन् । |
| तरकारी तथा खाद्यान्न संकलन केन्द्र स्थापना | तरकारी तथा खाद्यन्न चिस्यान तथा संकलन केन्द्र स्थापना गर्ने | ०८२ देखि ०८४ सम्म | २४२४५ | १ कोल्ड स्टोर तथा ५ वटा संकलन केन्द्र स्थापना भएको हुनेछ । |
| कृषि बाली विमा कार्यक्रम | प्राकृतिक विपत्तीबाट कृषिमा हुने नोक्सानीबाट बच्ने | क्रमागत | २१५३५ | थप १५ सय जना कृषकलाई बाली विमा गरेका हुनेछन् |
| कृषि दक्ष जनशक्ति विकास कार्यक्रम | कृषि उत्पादनको क्षेत्रमा प्राविधिक जनशक्ती उत्पादन गर्ने | सालवसाली | २७०९७ | प्रत्येक वडामा ५ जना दक्ष कृषि सहजकर्ताहरु तयार भएका हुनेछन् । |
| **जम्मा** | | | **२८५२३०** | |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

नगरपालिकामा रहेका व्यवसायिक कृषकहरुको संख्या बृद्धि भई कृषि उत्पादकत्व बढ्ने र बजारीकरण सुदृढ भएको हुनेछ । कृषि क्षेत्रमा जलवायु परिवर्तनले पार्ने असर र प्रकोपको जोखिम संभावना अधिक रहन सक्दछ । कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ। संङ्घीय शासन व्यवस्था अनुसार संङ्घीय, प्रदेश र स्थानीय तहबीच नीति, योजना तथा कार्यक्रमको सामाञ्जस्यता, समन्वय र सहकार्यले गर्दा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुनेछ । नगरपालिकाले कृषि व्यवसाय प्रवर्द्धनका लागि लिईने नीति र कार्यक्रमले बेरोजगार युवाहरु कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

फाँउदी खोला, चुँदी खोला, कर्स्याङ खोला तथा मर्स्याङ्दी नदी लगायत दर्जनौं मसिना खोला नै भानु नगरपालिकाका मुख्य सिँचाइका स्रोतहरू हुन् । नगरपालिकाको कूल खेती योग्य जमिन मध्ये ४२.२२ प्रतिशत जमिन सिंचित छ भने २१.०८ प्रतिशत जमिन वर्षभरी नै सिंचित हुने गरेको छ । कुलो तथा खोल्साहरूबाट सिँचाइका लागि खेत तथा गरासम्म  पानी पुर्याउने गरिन्छ। सतही सिँचाइ सुविधा प्राप्त नभएको क्षेत्रका आकाशे पानीलाई सङ्कलन गरी सिँचाइ विस्तार गरिएको छ। साना तथा मझौला स्तरका मोटर जडान गरी किसानहरूले सिँचाइ गर्ने गरेको पाइन्छ  । ठूला लिफ्ट सिँचाइ परियोजनाहरूको सम्भाव्यता अध्ययन गरी काम अघि बढाउने प्रकृया शुरु भएको छ ।

नगरपालिकामा दर्जन बढी विभिन्न स्थानीय कुलोहरूबाट सिँचाइको प्रबन्ध भइरहेको तथा यस बाहेक पनि परम्परागत निजी कुलोहरू माफर्त पनि सिँचाइ सुविधा विस्तार गरिएको छ। फाँउदी खोला सिँचाइ र चुँदी खोला सिँचाइ भानुका रणनीतिक सिँचाइ आयोजनाका रूपमा प्रस्ताव गरिएका छन् ।

### ३.२.२ समस्या तथा चुनौति

कृषि योग्य जमिनमा अपर्याप्त सिँचाइ सुविधा हुनु, सिँचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिँचाइ, प्लास्टिक पोखरी, बोरिङ, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, पर्याप्त सिँचाइ कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिँचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, बोरिङ सञ्चालनमा आवश्यक इन्धनरविद्युतको सहज एवम् सुलभ पहुँचको अभाव हुनु, मर्मत सम्भारको कमी हुनु, सिँचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

साना सिँचाइ योजना निर्माण खर्चिलो हुनु, कृषि योग्य जमिनमा सर्वयाम सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नु, कृषि र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिँचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिँचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु, सिँचाइ कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु आदि यस क्षेत्रका सिँचाइ विकासका चुनौतीहरू हुन् ।

### ३.२.३ लक्ष्य

नगरपालिकामा सिँचाइ प्रणालीको विकास गरी जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा वृद्धि गर्ने ।

### ३.२.४ उद्देश्य

१.परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु ।
२.कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु

### ३.२.५ रणनीति

१. परम्परागत सिँचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाइको पहुँच वृद्धि गर्ने।

२. आधारभूत सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिँचाइको पहुँच वृद्धि गर्ने।

३. खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गर्ने ।

४. दिगो सिँचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने ।

५. जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| खेतीयोग्य जमिन मध्ये १२ महिना सिंचाई पुगेको जग्गा | हेक्टर | १९५४ | २००० | २१०० | २२०० |
| प्रयोगमा आएका सिंचाइ प्रविधि (सतही कुलो, पोखरी, आकासे पानी सङ्कलन, प्लाष्टिक पोखरी, थोपा सिचाइ) | संख्या | २५० | २६० | २७० | २८० |
| कुल खेतियोग्य जमिनमध्ये वर्षाको आकाशे पानीमा निर्भर सिंचाइ भूमि | प्रतिशत | ३५ | ३० | २५ | २० |
| सिंचाइका आधुनिक पूर्वाधार निर्माण (आधुनिक सिंचाइ कुलो, लिफ्ट, ट्युवेल) | संख्या | १५ | १८ | २० | २२ |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको श्रोत (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ६७०४० | २६८१६ | ४०२२४ | २२०८ | ६२११३ | २७१९ |
| २०८२/८३ | ६०३०५ | २४१२२ | ३६१८३ | १९८६ | ५५८७३ | २४४६ |
| २०८३/८४ | ६१९७६ | २४७९१ | ३७१८६ | २०४१ | ५७४२१ | २५१४ |

### ३.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्रस | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नीति, कानुन, मापदण्ड अनुसारको सिचाइ गुरुयोजना निर्माण र कार्यान्वियन | दिगो सिचाइको व्यवस्थापन गर्नु | ०८२ सम्म | १२३१ | ३५ प्रतिशत थप सिचाइ कुलो निर्माण भएको हुनेछ |
| २ | थोपा सिँचाई, लिफ्टिङ सिचाइ जस्ता सिँचाई प्रविधिको व्यवस्था | किफायती तथा उन्नत सिचाइ सुविधाको प्रवन्ध गर्नु | सालवसाली | २३०९७ | ४५० जना कृषकहरुले थोपा सिंचाइ लगायत प्रविधिको प्रयोग गरेका हुनेछन् । |
| ३ | मझौला तथा ठूला सिचाइ आयोजनाहरु | दिगो सिचाइको व्यवस्था गर्नू | सालवसाली | ९०८७४ | सिचाइ योग्य जमिनको क्षेत्रफल वृद्धि भएको हुनेछ |
| ४ | विपन्न वर्गलाई सिचाइका लागि विद्युत महशुसल सहयता | सिचाइमा विपन्न वर्गको पहुँच वृद्धि गर्नु | सालवसाली | २८४ | १७५ जना विपन्न परिवारले साना सिचाइमा विद्युत सुविधा पाएका हुनेछन् |
| ५ | सिंचाई सम्बन्धी सालवसाली योजनाहरु | सिचाइको क्षेत्र विकास गर्ने | सालवसाली | ७३८३५ | |
| | **जम्मा** | | | **१८९३२२** | |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

व्यवसायिक कृषि उत्पादनको लागि प्रविधि तथा नविनतम खोज तथा विकास गरेर सिंचाई व्यवस्थापन गर्न नसकिएमा वा हुन नसकेमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ। तीनै तहका सरकारहरुबाट कृषियोग्य भूमीमा सिंचाई सुविधा प्रदान गर्ने नीति, कार्यक्रमबीच सामञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। नगरपालिका र प्रदेश सहित संङ्घीय सरकारहरुबाट प्रविधियुक्त सिंचाई विस्तारमा पूँजी विस्तार हुनेछ र कृषि उत्पादन वृद्धिले युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् ।

## ३.३ पशुपंक्षी

### ३.३.१ पृष्ठभूमि

यस नगरपालिकाको आर्थिक गतिविधि मध्ये पशुपंछी पालन एक हो । यस क्षेत्रमा परम्परागत तथा व्यावसायिक रुपमा बाखा, गाई तथा गाइभैसी पालनको अभ्यास भइरहेको छ। पशुपंक्षी क्षेत्रको विकासका लागि नगरपालिकाले उन्नत जातका भेडा बोका, उन्नत कुखुरा, बाखा, डाले घाँस वेर्ना, भुइँ घाँसको वीउ वितरण जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । भानु नगरपालिकालाई दुध,अण्डा,मासु र माछामा आत्मनिर्भर बनाउन व्यवसायिक पशुपालक कृषकलाई प्रोत्साहान गर्ने नीति अवलम्वन गरेको छ। भेडाबाखाको पशु विमा, नगरपालिका भित्र रहेका सवै पशुलाई निशुल्क रुपमा खोप उपलब्ध गराउने, पशुहरुमा हुने बाँझोपना तथा थुनेलो जस्ता रोगको रोगथाम तथा नियन्त्रण गर्ने र किसानहरुलाई उत्पादन प्रतिफलका आधारमा अनुदान उपलब्ध गराई प्रोत्साहन गर्ने कार्यहरु नगरपालिकाले गरेको छ । त्यसका साथै एक वडा एक पशु उत्पादन कार्यक्रम लाई जोड दिएको छ। पशुपंक्षी पालन कार्यक्रम लाई व्यवस्थित बनाउन अनुदानको कार्यक्रम लाई प्रभावकारी रुपमा सञ्चालन गरिरहेको छ । **पशु स्वास्थ्यमा नगरपालिकाको टेवा, खोर गोठमा प्राविधिक सेवा** भन्ने नाराका साथ विभिन्न रोग नियन्त्रणका लागी निशुल्क पशु खोप, स्वास्थ्य शिविर, पशुपंक्षी तथा मत्स्यको उपचार, परजीवी नियन्त्रण सेवा जस्ता कार्यक्रम संचालन

### ३.३.२ समस्या तथा चुनौति

निर्वाहमुखी न्यून उत्पादकत्व भएका पशु पालन निरन्तर हुनु, उच्च उत्पादकत्व भएका पशु पालन नहुनु, बढ्दो आयातमूखि संस्कृति, उन्नत घाँस वीउ र आधुनिक प्रविधिको अभाव, पशु बजार र सूचनाको अभाव आदि प्रमुख समस्या रहेका छन् । त्यसैगरी जलवायु परिवर्तनका कारण पशुमा नयाँ किसिमका रोगको संक्रमण हुनु, समुदाय तथा नगरपालिकाका विषयगत शाखा बिच समन्वयमा कमी हुनु, प्राविधिक जनशक्तिको अभाव, पर्याप्त अनुदान तथा वित्तिय सहजीकरणको अभाव हुनु तथा कृषकमा पशुविमाका बारेमा न्युन जानकारी हुनु पशुपालन क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन ।

पशुपालन क्षेत्रमा अझै पनि किसानहरूको आकर्षण बढ्न नसक्नु, कृषकहरूका व्यवसायिक इच्छा शक्ति कम हुनु, व्यवसायिक उत्पादनको लागि आवश्यक पर्ने उन्नत नश्लका पशुपंक्षी, पशु स्वास्थ्य प्राविधिक र गुणस्तरीय आहारको अभाव हुनु, बाखा तथा भैंसीलाई थुनेलो, ज्वरो, नाम्ले, जुका, पखला, अरुची जस्ता रोगका कारण अपेक्षित लाभ हासिल गर्न नसक्नु, सबै किसानहरूलाई घरदैलोमा पशुसेवा उपलब्ध गराउन नसक्नु, कृषकको बजारसँग प्रत्यक्ष पहुँच नहुँदा विचौलियाको हस्तक्षेप हुनु, नीतिगत रुपमा नगरपालिकाले प्राथमिकतामा राखेता पनि आवश्यक बजेट विनियोजन नहुनु । यसका साथै पशुपंक्षी पालनका पूर्वाधारहरु : सङ्कलन केन्द्र, दुध चिस्यान केन्द्र, कृत्रिम गर्भाधान केन्द्र, पशुपंक्षीवधशाला, प्रशोधन केन्द्र, हाटवजार व्यवस्था नहुनु, उन्नत डाले तथा भुई घाँस तथा सन्तुलित आहार, दाना पसलको

व्यवस्था नहुनु, भकारो एवं गोठ सुधार र पशुमुत्रको उपयोग हुन नसक्नु, पशुपंक्षीहरुको व्यवसायिक पालनमा सहुलियत दरमा कर्जा तथा अनुदान सुविधा प्रदान गर्न, युवाहरु पशुपंक्षीपालन प्रति आकर्षण वढाउन, पशुपंक्षीहरुको वजार प्रवर्द्धन गर्न चुनौती रहेको छ ।

### ३.३.३ लक्ष्य

"पशुपंक्षीपालनलाई व्यवस्थित, विविधीकरण एवं व्यवसायीकरण गर्दै कृषकहरुको आयआर्जनको भरपर्दो श्रोतको रुपमा विकास गर्नु ।"

### ३.३.४ उद्देश्य

१. पशुपंक्षीपालनमा व्यवसायिकता बिकास गर्ने ।
२. पशुपंक्षीजन्य वस्तुको वजार प्रवर्द्धन गर्ने ।
३. पशुपंक्षीपालनमा महिला, दलित एवं अति विपन्न वर्गको आवद्धतामा वृद्धि गर्ने ।
४. पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था विस्तार गर्ने ।
५. वातावरण तथा हावापानी अनुकुलमैत्री पशुपक्षी व्यवसायको प्रवर्द्धन गर्ने ।
६. पशुपंक्षी सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

### ३.३.५ रणनीति

१. पशुपंक्षी पालनलाई आत्मनिर्भरबाट व्यवसायिकता तर्फ लैजाने रणनीति लिइने छ ।
२. पशुपंक्षीको व्यवसायिक उत्पादन तर्फ लागेका कृषकहरुको प्रोत्साहनको लागि वार्षिक रुपमा संचालन गरिने कृषि मेलाको भव्य कार्यक्रममा उत्कृष्ट कृषक सम्मान गरिने रणनीति लिइने छ ।
३. पशुपंक्षीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न यान्त्रिकीकरणमा जोड दिने ।
४. पशु आहारका लागि गुणस्तरीय एवं पोषणयुक्त घाँसबाली रोपणमा व्यापकता ल्याइने रणनीति लिइनेछ ।
५. पशुपंक्षीजन्य उत्पादनहरुको स्थानीय एवं वाह्य वजार प्रवर्द्धन गर्न सङ्कलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विकी केन्द्र, पशु वजार र मेला प्रदर्शनी स्थल व्यवस्था जस्ता पूर्वाधारहरु आवश्यकताका आधारमा उपयुक्त स्थानमा निर्माण गरिनेछ ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| व्यवसायिक पशुपंक्षीपालन फर्म | संख्या | १५ | १६ | १८ | २० |
| बार्षिक दुधको उत्पादन | लि. हजारमा | १०८५० | ११००० | ११२५० | ११५०० |
| खसी बोका, राँगा, सुँगुर, बंगुर, कुखुराको बार्षिक मासु उत्पादन | मेट्रिक टन | १५०० | १६०० | १७०० | १८०० |
| बार्षिक अण्डा उत्पादन (संख्या) | हजारमा | १२०० | १२५० | १३०० | १४०० |
| वार्षिक माछा विक्री | रु. लाखमा | ५ | ६ | ७ | ८ |
| पशु प्राविधिक | संख्या | ३ | ४ | ५ | ६ |
| सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | ० | ० | १ | १ |
| पशु विमामा कृषकका संलग्नता | प्रतिशत | ३५ | ४० | ४५ | ५० |
| दुध चिस्यान केन्द्र | संख्या | ० | १ | १ | २ |

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| बधशाला | संख्या | ० | ० | १ | १ |
| स्थानीय स्तरमा रहेका स्थानीय जातका पशुपंक्षीको स्रोत संरक्षण | संख्या | ० | ० | १ | १ |
| पशु उत्पादन पकेट क्षेत्र कार्यक्रम (बाखा, दुध उत्पादन, मासु उत्पादन, राँगा उत्पादन, लोकल कुखुरा र माछा लगायत) | संख्या | ० | १ | १ | २ |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपंक्षी विकास सम्वन्धी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ३६६६३ | १०९९९ | २५६६४ | १२०८ | ३३९६८ | १४८७ |
| २०८२/८३ | ३८०८७ | ११४२६ | २६६६१ | १२५४ | ३५२८८ | १५४५ |
| २०८३/८४ | ३९५३७ | ११८६१ | २७६७६ | १३०२ | ३६६३१ | १६०४ |

### ३.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क्रस | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशु उत्पादन पकेट क्षेत्र कार्यक्रम (बाखा, दुध उत्पादन, मासु उत्पादन, राँगा उत्पादन, लोकल कुखुरा र माछा लगायत) | नगरलाई पशु उत्पादनमा आत्मनिर्भर गराउनु | सालवसाली | ४४५७२ | बाखा र दुध पकेट क्षेत्र विस्तार भएको हुनेछ । |
| २ | स्थानीय स्तरमा रहेका स्थानीय जातका पशुपंक्षीको स्रोत संरक्षण | लोपहुदै गैइरहेका स्थानीय जातका पशुपंक्षीको संरक्षण गर्नु | ०८४ सम्म | ३४२९ | स्थानीय गाई र बाखाहरुको संरक्षण भएको हुनेछ । |
| ३ | पशुपंक्षी बिमा सेवामा कृषकको संलग्नता अभिबृद्धि गर्ने | पशुपंक्षीको उत्पादनमा हुनसक्ने प्राकृतिक क्षतिबाट कृषकहरुलाई बचाउनु | सालवसाली | ५७१४ | पशुपंक्षी बिमा सेवामा कृषकको संलग्नता बृद्धि भएको हुनेछ । |
| ४ | नश्ल सुधार, पशु ल्याव तथा कृत्रिम गर्भाधान केन्द्र स्थापना तथा व्यवस्थापन | पशुपालनको प्रविधि मैत्री विकास गर्नु | ०८२ देखि ०८४ सम्म | १०२८६ | पशु सेवाबाट थप कृषकहरु लाभान्वित भएका हुनेछन् |
| ५ | नगर प्रमुख उत्कृष्ट कृषक सम्मान तथा उत्पादनमा आधारित अनुदान कार्यक्रम | व्यावसायिक कृषकहरुलाई प्रोत्साहन गरी थप उर्जा प्रदान गर्नु | सालवसाली | १३७१४ | यस अवधिमा ५० कृषकहरुलाई विशेष अनुदान र सम्मान गरिएको हुनेछ |
| ६ | पशुपंक्षीजन्य उत्पादनको सुरक्षित भण्डारण, चिस्यान केन्द्र, बधशाला निर्माण तथा बजार प्रवर्धन | पशुपंक्षी जन्य उत्पादनको दिगो भण्डारण र बजार व्यवस्थापन | ०८४ सम्म | २२८५७ | पशुपंक्षी जन्य उत्पादन भण्डारको लागि चिस्यान केन्द्र स्थापना भएको हुनेछ । |
| ७ | बाँदर, बदेल जस्ता बन्यजन्तु व्यवस्थापन कार्यक्रम | जंगली जनावरको क्षेतीबाट पशु तथा कृषि उत्पादनको बचाउ गर्नु । | सालवसाली | ४५७१ | जंगली जनावरहरुबाट हुने क्षतिमा न्युनीकरण भएको हुनेछ |
| ८ | सालवसाली आयोजनाहरु | | सालवसाली | ९१४३ | |
| | **जम्मा (रु हजारमा)** | | | **११४२८७** | |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

पशुपालन व्यवसाय प्रवर्द्धनका लागि प्रविधि, पशु प्रसार, आहार, पशुपंक्षी उपचार जस्ता विषयहरुलाई एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । तीनै तहका सरकारहरुबीच नीति, कार्यक्रमबीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पशुपंक्षीपालन व्यवसायमा परिचालन हुनेछ र पशु व्यवसायमा क्रियाशिल कृषकहरु र वेरोजगार युवाहरु पशुपालनमा आकर्षिक हुनेछन् । नगरपालिकाको समन्वयमा संघ र प्रदेश कार्यालयबाट पशुलालन क्षेत्रमा पूर्वाधार, प्रविधि तथा सीप विकास गर्न सकिनेछ । नयाँ व्यवसायीहरुबाट पशुलापन व्यवसायमा लगानी परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । उचित स्याहार, आहार तथा गोठका लागि पर्याप्त लगानी तथा नियमित उपचारको उपयुक्त व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ३.४ उद्योग, व्यापार तथा व्यवसाय

### ३.४.१ पृष्ठभूमि

नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने, वैदेशिक पूँजी आकर्षित गर्ने, औद्योगिक पूर्वाधार निर्माण गर्ने, स्थानीय श्रम सीपको उपयोग गर्ने, व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवं उद्यमशिलता विकास र प्रवर्द्धनको अधिकार दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन आदि कुराहरू स्थानीय सरकारको कार्यक्षेत्रमा पर्दछन् ।

भानु नगरपालिकामा करिब १ प्रतिशत भन्दा कम जनसङ्ख्या उद्योग व्यवसायमा संलग्न रहेका छन् । यस क्षेत्रभित्र कूल २द्दज्ञ साना ठूला उद्योग दर्ता भएका छन् । जसमा । स्थानीय कच्चा पदार्थ प्रसोधन उद्योग, विद्युतबाट सञ्चालन भएका कुटानी, पिसानी र पेलानी मिल, बेकरी, खुद्रा र होलसेल पसलहरू, किराना पसल, मासु पसल, होटेल र रेस्टुरेन्ट र औषधि पसल लगायतका व्यवसायहरू सञ्चालनमा रहेका छन् ।

स्थानीय बजारहरूमा दैनिक जसो खाद्यान्न तथा तरकारीको किनबेच लगायतका कारोबार हुने गरेको छ । स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा कच्चा पदार्थको बजार मूलतः स्थानीय बजार, छिमेकी पालिका (डुम्रे बजार, दमौली बजार), नारायणगढ र पोखरा लगायतका क्षेत्रका बजारहरू नै हुन् । स्थानीय उत्पादनहरू सुन्तला, दुग्ध जन्य वस्तुहरू, मासु तथा खाद्यान्न, धान, मकै, गहुँ, ताजा तरकारी र कवाडी लगायतका समान एवं विभिन्न जडीबुटीहरू यहाँबाट निर्यात हुने गरेको छ ।

### ३.४.२ समस्या तथा चुनौति

यस नगरपालिका क्षेत्र भित्र उद्योग सम्बन्धी जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, उद्योग सञ्चालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु, दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा नहुनु जस्ता प्रमुख समस्याहरू रहेका छन् । साथै उत्पादनमा समेत उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यावसायिक सूचना केन्द्रको कमी जस्ता पक्षपनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रूपमा रहेको छ।

स्थानीय उत्पादनको तुलनामा खुल्ला रूपमा भित्रिने समानहरूले परनिर्भरतामा वृद्धि हुँदै गइराखेको अवस्था छ । आयात क्षेत्रको प्रमुख समस्या भनेको यस क्षेत्रबाट हुने पुँजीको पलायन नै हो । वित्तीय स्रोतको सङ्कुचनका कारण यस क्षेत्रका आर्थिक गतिविधिहरू क्रमशः अन्यत्र गएका छन् । रैथाने नस्ल तथा जातहरूको विस्थापनका कारण कृषि, बागवानी तथा पशु पन्छि पालन क्षेत्रमा संक्रमणको जोखिम फराकिलो हुँदै गइरहेको छ । निर्माण सामाग्रीको रूपमा प्रयोग हुने गिट्टी, ढुङ्गा, बालुवा आदि खानी तथा नदी जन्य वस्तुको अत्याधिक र अव्यवस्थित तरिकाले दोहन हुँदा वातावरणीय असन्तुलन मात्र नभई विपदको जोखिम उच्च रहेको छ ।

आयातित वस्तुमा परनिर्भरता घटाउदै कृषि उपजहरुमा आत्मनिर्भरताका लागि स्वउत्पादन बढाउनु तथा वैदेशिक रोजगारीवाट फर्की आएका युवाहरुलाई व्यवसायतर्फ आकर्षण गर्नु चुनौतिको रुपमा रहेको छ । त्यसैगरी, स्थानीय कच्चा पदार्थ, साधन श्रोतमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको वजार विकास तथा प्रवर्द्धन गर्नु र व्यवसायिक सीपयुक्त जनशक्तिको विकास गर्नु र वजारको माग अनुसार जनशक्ति तयार पार्नु साथै जडीवुटी, पर्यटन, तथा जलश्रोत लगायतका क्षेत्रहरुमा निजी क्षेत्रलाई आकर्षित गर्दै लगानी भित्र्याउनु पर्ने चुनौतिहरुमा नगरपीलकालाई रहेको छ ।

### ३.४.३ लक्ष्य

"कृषि, बागवानी र पशु पन्छि विकासका लागि आयात गर्नु पर्ने वस्तुमा आत्मनिर्भर भई निर्यातको अवस्था सिर्जना गर्ने ।"

### ३.४.४ उद्देश्य

१. नगरपालिकाको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।

२. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।

३. उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।

४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।

### ३.४.५ रणनीति

१. अत्यावश्यक सामाग्रीहरूको सहज आपूर्तिको सुनिश्चितता गर्ने।

२. स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्ने तथा उद्योग सञ्चालन गर्ने सहजिकरण एवम् प्रोत्साहन गर्ने ।

३. स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने।

४. तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| रोजगारीमा कृषि/गैर कृषि क्षेत्रको योगदान | प्रतिशत | २५ | २८ | ३० | ३२ |

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| औपचारिक/अनौपचारिक क्षेत्रका चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) | संख्या | १८८ | २०० | २२५ | २५० |
| औपचारिक/अनौपचारिक क्षेत्रका चालु मझौला उद्योग( रु.१५ करोडसम्म) | संख्या | ५ | ६ | ६ | ७ |
| व्यापारिक स्थल तथा हाट बजारहरुको प्रर्वधन | संख्या | ३ | ४ | ४ | ५ |
| सुपथ तथा सहकारी पसलहरु | संख्या | | | | |
| सुचारु औद्योगिक ग्राम | संख्या | ० | १ | १ | १ |
| स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग | संख्या | २ | ३ | ४ | ४ |
| उद्यम श्रृजना, व्यवसायिक विकास सम्बन्धी तालिम प्राप्त उद्यमीहरु | संख्या | २५० | ३०० | ३५० | ४०० |
| उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | ७ | ८ | ८ | ९ |
| परम्परागत सिपमा आधारित उद्योगहरुको प्रवर्धन | संख्या | ५ | ६ | ७ | ७ |
| महिलाद्वारा सञ्चालित उद्योग व्यवसायहरु | संख्या | २८ | ३२ | ३५ | ३८ |

स्रोतः नगरपालिकाको आवधिक योजना, २०८०

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको श्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | २६१८८ | १०४७५ | १५७१३ | ८६३ | २४२६३ | १०६२ |
| २०८२/८३ | २७५०७ | ११००३ | १६५०४ | ९०६ | २५४८६ | १११६ |
| २०८३/८४ | २८८५१ | ११५४० | १७३११ | ९५० | २६७३१ | ११७० |

### ३.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्रस | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भानु औद्योगिक ग्राम संचालन | व्यवस्थित र सुविधा सम्पन्न औद्योगिक क्षेत्रको विकास गर्नु | क्रमागत | १६५०९ | आफ्नै मौलिकता सहितको एक भानु औद्योगिक क्षेत्र हुनेछ |
| २ | उद्योग विकासको संभाव्यता अध्ययन तथा स्थानीय आर्थिक विकास योजना तर्जुमा | भानु नगरभित्र स्थानीय कच्चा पदार्थमा आधारित कृषि, प्राकृतिक खनिज तथा वन पैदावरमा आधारित उद्योग तथा आर्थिक गतिविधिको पहिचान तथा स्रोत परिचालन गर्ने | ०८२ देखि ०८३ सम्म | ९९०६ | स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा आर्थिक गतिविधिको पहिचान तथा स्रोत परिचालन भएको हुनेछ |
| ३ | नगर प्रमुख उद्यमशिलता तथा प्रविधी हस्तान्तरण कार्यक्रम | प्रविधिमैत्री उद्यमशीलताको विकास गर्दै रोजगारी सिर्जना गर्ने | सालवसाली | २७२४० | यस अवधिमा १५० जनाले आधुनिक प्रविधिमैत्री उद्यम संचालन गरी ३५० जनालाई रोजगारी प्रदान गरेका हुनेछन् । |
| ४ | असल करदाता पुरस्कृत | व्यवसायिक अनुशासन प्रर्वधन गर्नु | सालवसाली | १२३८२ | प्रत्येक वर्ष प्रथम, दोस्रो, तेस्रो असल करदाता पुरस्कृत भएका हुनेछन् |
| ५ | आरन व्यवसायको व्यावसायीकरण | परम्परागत सिपमा आधारित उद्योगको व्यवसायिकरण गर्नु | ०८४ सम्ममा | ६६०४ | प्रत्येक वडामा एक प्रविधियुक्त कृषि औजार निर्माण आधुनिक आरन हुनेछन् । |
| ६ | नीजि, सहकारी र सरकारी साझेदारी परियोजनाहरु | तीन खम्बे आर्थिक विकास प्रवर्धन गर्नु | सालवसाली | ९९०६ | तीन खम्बे साझेदारीमा आयोजनाहरु सुरुवात भएका हुनेछन् । |
| | **जम्मा** | | | ८२५४६ | |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

लगानीमैत्री स्थानीय वातावरणको अभावले व्यापार व्यवसायमा आकर्षण नहुने जोखिमता रहन्छ। उद्योग व्यवसाय संचालनका लागि निश्चित पूर्वाधार जस्तैः विद्युत, सडक निर्माण नहुनाले लगानीकर्ताहरु उत्साही नहुन सक्छ। तीनै तहका सरकारले औद्योगिक विकासलाई महत्व दिनाले तीनै तहबीच नीति तथा कार्यक्रमगत सामञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरु औद्योगिक रोजगारीमा आकर्षिक हुनेछन्।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

भानु नगरपालिका समृद्धिको अर्को महत्त्वपूर्ण संभाव्य क्षेत्र पर्यटन हो। संविधानले नेपालको सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गर्दै पर्यावरण अनुकूल पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन उद्योगको लाभमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति लिएकोछ। स्थानीय सरकार सञ्चालन ऐनले पर्यटन सम्वन्धी योजनाहरूको कार्यान्वयन र अनुगमन, पर्यटकीय सेवा विस्तार आदि कार्य स्थानीय सरकारलाई सुम्पेको छ। प्रसिद्ध थानीमाई मन्दिर, ऐतिहासिक भानु जन्मस्थल (चुँदी(रम्घा), रङ्गनाथ पौडेल जन्मस्थल (मैवलकोट), मिर्लुङकोट, सहिद बुद्द सिं स्मारक पार्क, चिटि खोला यल्लो पार्क, तामाचुली गढी, सुन्दर पोखरी, ढाँड पोखरी, भ्यू टावर, आदि जस्ता धार्मिक तथा पर्यटकीय स्थल रहेको यस नगरपालिका साँस्कृतिक तथा पर्यटकीय हिसाबले जिल्ला कै महत्त्वपूर्ण नगरपालिकाका रूपमा चिनिन्छ।

नगरपालिका क्षेत्रका विभिन्न वडाहरूमा प्रमुख पर्यटकीय स्थलहरू रहेको पाइएकोछ। विशेष गरी ऐतिहासिक मन्दिर, पोखरी, सामुदायिक वन क्षेत्र, संग्रहालय, होम स्टे, होटेल र रेस्टुरेन्टहरूले नगरपालिकाको पर्यटनलाई बढावा दिइरहेको छ। नगरपालिका क्षेत्रमा यस किसिमका तीन दर्जन बढी पर्यटकीय स्थलहरू रहेका छन् जसमध्ये केही प्राकृतिक छन् भने केही मानव निर्मित रहेका छन्। साँस्कृतिक विविधताले धनी भानु क्षेत्रमा ३५) भन्दा धेरै ऐतिहासिक धार्मिक स्थलहरू रहेका छन्।

### ३.५.२ समस्या तथा चुनौति

पर्यटन पूर्वाधारको विकास हुन नसक्नु, पर्यटन उद्योगबाट हुन सक्ने लाभबारे स्थानीय नागरिकलाई पर्याप्त जानकारी नहुनु, सबै स्थानमा सर्वयाम सडक सुविधा उपलब्ध नहुनु, नगरपालिका क्षेत्रमा पर्यटन उद्योगका लागि पर्याप्त दक्ष जनशक्तिको अभाव, विद्यमान पर्यटकीय स्थलहरूमा आधारभूत पर्यटन पूर्वाधारको सुविधा नहुनु, पर्यटन उद्यमशिलताको कमी, स्थानीय भाषा संस्कृतिको समुचित विकास नहुनु, मौलिक संस्कृतिलाई पर्यटनसँग आबद्ध गर्न नसक्नू, पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त बजेट परिचालन नहुनु आदि यहाँको पर्यटन विकासमा प्रमुख समस्याका रूपमा देखिएका छन्।

प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नु, बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु, विभिन्न जातजाति तथा अल्पसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषा लोप हुने खतरामा हुनु पर्यटकको बसाइका लागि पर्यटन स्तरको होटेल नभएकाले बास र खर्च गराई वृद्धि गर्नु, पर्यटकीय उपजको विविधिकरण गर्नु, यस क्षेत्रमा बसोबास गर्ने विभिन्न अल्पसंख्यक जातजाती आदीको भाषा र संस्कृति जगेर्ना गर्नु, स्थानीय साँस्कृतिक विविधता र पहिचानलाई पर्यटन उद्योगसँग आवद्ध गर्नु आदि प्रमुख चुनौतीहरू हुन्।

### ३.५.३ लक्ष्य

"पर्यटन क्षेत्रको विकास मार्फत आर्थिक समृद्धि गरि दिगो विकासका लागि स्थानीय स्रोत साधन तथा स्थानीय खाद्य उपजको प्रयोग गरि रोजगारी प्रदान गर्ने ।"

### ३.५.४ उद्देश्य

१. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार(प्रसार गर्नु ।

२. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।

३. पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।

४.पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।

५. विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।

६. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।

### ३.५.५. रणनीति

१. पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने ।

२. पर्यटन क्षेत्रको विकासकालागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने ।

३. नगरपालिका भित्रका युवायुवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने ।

४. सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने ।

५. भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान गरी धार्मिक एवम् साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुर्‍याउने ।

६. बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गर्ने मापदण्ड बनाई कार्यान्वयन गर्ने ।

७. पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संबर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण  र परिचालन गर्ने ।

८. जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने ।

९. भौतिक एवम् अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक प्रोफाइल तयार गरी अद्यावधिक गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| पर्यटकीय क्षेत्रमा सिर्जना भएको रोजगारी | संख्या | १५० | १८० | २०० | २५० |
| पहिचान भएका पर्यटकीय गन्तव्य स्थल | वटा | ५ | ६ | ७ | ८ |
| व्यवस्थित होमस्टे वा ग्रामीण पर्यटकीय घरवास | संख्या | १५ | १८ | २० | २२ |
| पर्यटकीय स्तरका ठूला होटेल | संख्या | २ | २ | ३ | ३ |
| सञ्चालित तथा व्यवस्थित पदमार्गको लम्बाइ( कूल) | कि.मी. | ५ | ८ | १० | १२ |
| भ्रमण गर्ने पर्यटकहरुको औषत बसाई | दिन | २ | ३ | ५ | ६ |
| पर्यटकको औषतमा दैनिक खर्च प्रति व्यक्ति | रु.हजार | ३५०० | ४००० | ५००० | ५५०० |
| वार्षिक पर्यटक आगमन संख्या | हजारमा | ५० | ५५ | ६० | ६५ |

स्रोतः नगरपालिकाको आवधिक योजना, २०८०

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको श्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १९९०३ | १०९४६ | ८९५६ | ६५६ | १८४४० | ८०७ |
| २०८२/८३ | १९५७३ | १०७६५ | ८८०८ | ६४५ | १८१३४ | ७९४ |
| २०८३/८४ | १३३५७ | ७३४६ | ६०११ | ४४० | १२३७५ | ५४२ |

### ३.५.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क.स. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्थानीय संस्कृति एवं रितीरिवाजमा आधारित मौलिक होमस्टे संचालन | भानुको मौलिक संस्कृतिलाई पर्यटन विकास तथा आर्थिक उपार्जनसँग जोड्नु | ०८४ सम्मा | ६३४० | प्रत्येक वडामामा घरवास कार्यक्रम शुरु भएको हुनेछ । |
| २ | पर्यटकीय सुचना केन्द्र संचालन तथा गन्तव्य स्थलहरुको प्रचार प्रसार | पर्यटकीय गतिविधिहरुको सूचना दिने र एकिकृत तथ्यांक सहित प्रचार गर्नु | क्रमागत | १८४९१ | एक पर्यटकीय सूचना केन्द्र संचालन भएको हुनेछ |
| ३ | कृषि पर्यटन गुरुयोजना निर्माण | व्यवस्थित कृषि पर्यटनको विकास योजना तयार गर्नु | ०८२ देखि ०८३ सम्ममा | २६४२ | कृषि पर्यटन गुरुयोजना निर्माण भएको हुनेछ |
| ४ | पर्यटकीय पूर्वाधार निर्माण तथा संचालन ( ***पदमार्ग, भ्युटावर, पार्क, ऐतिहासिक तथा धार्मिक स्थलहरुको निर्माण तथा संरक्षण, साहित्यिक पर्यटन महोत्सव)*** | पर्यटकीय पूर्वाधार निर्माण गर्नु | सालवसाली | २११३३ | आवश्यक पर्यटकीय पूर्वाधार विकास भएको हुनेछ |
| ५ | पर्यटन प्रवर्धनमा युवा संलग्नता सालवसाली कार्यक्रम | पर्यटन प्रवर्धनमा युवाहरुलाई परिचालन गर्नु | सालवसाली | ४२२७ | पर्यटन प्रवर्धनमा युवाहरुको संलग्नता बढेको हुनेछ |
| | **जम्मा** | | | **५२८३२** | |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

आईपर्न सक्ने महामारी र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्दछ । अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन व्यवस्था परिचालन हुनेछ र वेरोजगार युवाहरु पर्यटन व्यवसायमा आकर्षिक हुनेछन् । आन्तरिक पर्यटनको संख्या क्रमिक रुपमा वृद्धि भईरहेको र नेपालीहरु पनि आफ्नो देशका नयाँ नयाँ ठाउँहरुमा घुम्ने संस्कार विकास हुँदै आएकोले पर्यटन क्षेत्रले स्थानीय आर्थिक विकासमा टेवा पुग्ने अनुमान गर्न सकिन्छ ।

## ३.६ भूमी व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्थापन

### ३.६.१ पृष्ठभूमि

भानु नगरपालिकामा जम्मा २६ वित्तीय संस्थाहरू सञ्चालित छन् । जस मध्ये २ वटा कृषि सहकारी, ४ वटा ऋण तथा बचत सहकारी, ७ वटा लघु वित्त, ४ वटा बैंक र बाँकी अन्य प्रयोजनका रहेका छन् । बैक खाताको तुलनामा सहकारीमा सदस्यता लिएका परिवार निकै कम परिवारको मात्र कम्तीमा एक सदस्यको सहकारीमा खाता रहेको देखिन्छ । ऋण प्रवाह, धितो मूल्यांकन जस्ता विषयहरूमा बैङ्कहरूको आफ्नै विविध प्रावधानबाट ग्रामिण वडावासीहरू ऋण सुविधाबाट लाभान्वित हुन सकिरहेका छैनन् र पालिकास्तरको धितोबाट आवश्यकता अनुसार बैङ्कबाट ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामूहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि सहकारीहरूमा छैन । यसर्थ पर्याप्त पूँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणबाट पनि सीपयुक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पूँजी भएकाहरूले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन् । सहकारी संस्थाहरूमा सदस्यको हैसियतबाट तुलनात्मक रूपमा धितो बिना पनि ऋण सुविधा सहज भएपनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको छैन ।

### समस्या तथा चुनौति

सहकारी शिक्षा र चेतनाको विस्तार नहुनु, सहकारीहरु विशेषगरी वचत तथा ऋणको कारोबारमा सीमित हुनु, कतिपय सहकारी संस्थाहरु सहकारीको सिद्धान्त र मूल्य मान्यता अनुसार नचल्नु, दर्ता भएका सहकारी संस्थाहरूले उद्देश्य अनुसार कार्य गर्न नसक्नु, लघुवित्तबाट लिएको ऋणको सही ठाउँमा सदुपयोग गर्न नसक्दा ऋणीहरूले समयमा ऋणको सावाँ तथा ब्याज भुक्तानी गर्न नसक्नु, नगरपालिकाले सहकारी संस्थाहरूको क्षमता विकासका क्षेत्रमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्न नसक्नु, अझै पनि सबै नागरिकहरूको वित्तीय क्षेत्रमा पहुँच पुग्न नसक्नु जस्ता समस्याहरू यस क्षेत्रमा विद्यमान छन् । यसका अतिरिक्त, वित्तीय नीति, नियम तथा मापदण्डहरु निर्माण तथा कार्यान्वयन नहुनु, महिला सहकारी संस्थाहरुको विस्तार गर्न नसक्नु, सहकारी सदस्यहरुमा क्षमता अभिवृद्धिको कमि तथा व्यवसायिकताको विकास गर्न नसक्नु जस्ता समस्याहरु पनि रहेका छन् ।

सहकारी सिद्धान्त, मूल्य मान्यता र सिद्धान्त अनुरुपको सहकारी संस्था संचालन गर्नु, सहकारी व्यवस्थापन र प्रभावकारी संचालनका लागि कानुन निर्माण गरी कार्यान्वयन गर्नु, सबै सहकारी संस्थाहरूलाई नगरपालिकामा दर्ता गराउनु, सहकारी संस्थाहरूसँग रहेको वचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नु, सबै नगरवासीहरूलाई सहज रुपमा वित्तीय सेवामा पहुँच पुऱ्याउनु, विपन्न वर्गलाइ बैंकिङ सेवा पहुँच वृद्धि गर्नु, कृषि, पर्यटन, लघु, घरेलु तथा साना उद्योगहरुमा कर्जा प्रवाहमा अभिवृद्धि ल्याउनु, परियोजना तथा सामुहिक जमानीमा ऋण सुविधा उपलब्ध गर्नु, ब्याँजदरलाई नियन्त्रण गर्नु, धितो मूल्याङ्कन तथा ग्रामीण धितोको जटिलता हटाउन जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन् ।

### ३.६.३ लक्ष्य

“जनताको बचत गर्ने बानीको विकास गर्दै सरकारले लागू गरेको प्रत्येक नेपालीको बैङ्क खाता, सहुलियत ऋण, कृषि अनुदान, सामाजिक सुरक्षा भत्ता वितरण लगायतका कार्यमा बैङ्क तथा वित्तीय संस्थाहरूसँगको सहकार्यबाट सम्मुन्नत नगरपालिकाको निर्माण गर्ने ।”

### ३.६.४ उद्देश्य

नगरपालिकाको सम्पूर्ण आर्थिक कारोवार बैंक खातामार्फत सञ्चालन गर्दै आर्थिक समृद्धिका लागि स्थानीय साधन, श्रोत, सिप तथा रोजगारीको सदुपयोग, विकास एवं प्रवर्द्धनमा सहयोग पुग्ने क्षेत्रहरूमा वित्तीय स्रोतहरू परिचालन गर्नु ।

### ३.६.५ रणनीति

१. वित्तिय क्षेत्रको संरचनात्मक तथा नीतिगत अवस्थालाई प्रभावकारी वनाउने ।
२. समुदायमा वैंकिङ पहुँच अभिबृद्धि गर्ने ।
३. स्थानीय वित्तिय तथा सहकारी संस्थाको संरचनात्मक क्षमता अभिबृद्धि गर्ने ।
४. अनौपचारिक क्षेत्रको वित्तिय कारोबारलाई मूलप्रवाहीकरण गर्ने ।
५. विपन्न समुदायको वित्तिय पहुँच सुदृढ गर्ने ।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| वचत तथा ऋण समेतको कूल सहकारी संस्था | संख्या | १० | ११ | १२ | १३ |
| महिलाद्वारा सञ्चालित सहकारी संख्या | संख्या | ३ | ४ | ४ | ४ |
| कृषि क्षेत्रका कुल सहकारी संस्था | संख्या | २ | ३ | ४ | ४ |
| कुल सहकारी संस्था | प्रतिशत | १५ | १८ | २० | २१ |
| सहकारी संस्थाको ऋण कर्जावाट उद्योग, व्यापार व्यवसाय सञ्चालन गर्नेहरु | संख्या | २२५० | २३०० | २३५० | २४०० |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था तथा सहकारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको श्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १२५७० | ७५४२ | ५०२८ | ४१४ | ११६४६ | ५१० |
| २०८२/८३ | १३२२५ | ७९३५ | ५२९० | ४३६ | १२२५३ | ५३६ |
| २०८३/८४ | १३८९१ | ८३३५ | ५५५७ | ४५८ | १२८७० | ५६३ |

### ३.६.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क.स | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एक सहकारी एक उत्पादन कार्यक्रम | उत्पादन विशेष सहकारी विकास गर्नु | ०८१ देखि | १३०९६ | उत्पादन विशेष सहकारी विकास भएको हुनेछ |
| २ | कृषि उत्पादन तथा विपन्न वर्गको लागि सहुलियतपूर्ण ऋणको व्यवस्था | विपन्न वर्गको ऋण पहुँचमा वृद्धि गर्नु | ०८१ देखि | ६३५० | विपन्न वर्गको ऋण पहुँचमा वृद्धि भएको हुनेछ |
| ३ | वडागत घुम्ती वैंकिङको व्यवस्था ( सामाजिक सुरक्षा भत्ता वितरण सहजता) | सहज वैंकिङ कारोबारको व्यवस्था गर्नु | सालवसाली | ४७६२ | वैंकिङ कारोबारको सहज भएको हुनेछ |
| ४ | भूउपयोग नीति तर्जुमा र कार्यान्वयन | भूमिको उच्चतम उपयोग गर्नु | ०८३ सम्ममा | ७९४ | भूउपयोग नीति बनेको हुनेछ |
| ५ | सहकारी संस्थासँगको समन्वयमा वजार प्रवर्द्धन कार्यक्रम | सहकारी मार्फत बजार व्यवस्थापन गरी जनअपनत्व वृद्धि गर्नु | ०८१ देखि | ५५५६ | सहकारी पसलहरुमा सुफत मुल्यमा सामानहरु सहजै प्राप्त हुनेछ |
| ६ | सहकारी संस्थामा संकलित कुल निक्षेप अभिलेखीकरण | एकिकृत पुँजि अभिलेखीकरण र जनपुँजिको सुरक्षा गर्नु | ०८१ देखि | ३९६९ | पुँजिको एकिकृत अभिलेख भएको हुनेछ |
| ७ | सहकारी संस्थाको क्षमता अभिबृद्धि सालवसाली कार्यक्रम | चुस्तदुरुस्त सहकारी गतिविधि विकास गर्नु | सालवसाली | ५१५९ | सहकारी प्रति जनताको विस्वास बढेको हुनेछ |
| | **जम्मा** | | | **३९६८६** | |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

प्रकृतिक प्रकोप र आर्थिक मन्दीले आर्थिक गतिविधिलाई चलायमान बनाउन जोखिम हुनेछ । नगरवासीहरुमा वित्तीय साक्षरताका अवसरहरु उपलब्ध हुनेछ । बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन् । वित्तीय संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशील हुनेछन् । वित्तीय संस्थाहरुको खराब कर्जा बढ्न सक्ने जोखिम हुनेछ ।

## ३.७ श्रम, रोजगारी तथा गरिवी निवारण

### ३.७.१ पृष्ठभूमि

भानु नगरपालिका भित्र कूल जनसङ्ख्या मध्ये करिब छढाडड प्रतिशत आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेका छन् । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुंदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्रि् बढ्दो छ । नगरपालिकाको क्षेत्रका ३ प्रतिशत जनसङ्ख्या वैदेशिक रोजगारीमा संलग्न रहेको छन । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले वार्षिक रूपमा करिब ४८ करोड रूपैया हाराहारीमा विप्रेषण पालिकामा भित्राउने गरेको देखिन्छ । नगरपालिकामा ७ प्रतिशत जनसङ्ख्या बेरोजगार रहेको छ (के.त.वि.,२०७८)।

समावेशी तथा दिगो विकासकालागि गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ । राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्थासहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ ।संघीय सरकारमा जस्तै पालिकामा पनि विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी वनाउन निकै आवश्यक भएको छ ।

श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था, श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रमको विकास गर्नु र श्रम शोषणको अन्त्य गरी आधारभूत पारिश्रमिकको सुनिश्चित गर्नु राज्यको कर्तव्य हो । बालबालिकाको कानून विपरीत श्रम शोषण गर्न नहुने कुराको बारेमा नगरपालिकाले विशेष नीति तथा कार्यक्रम सञ्चालन गर्नु पर्दछ । वैदेशिक रोजगारीमा जानेहरूको क्षमता विकास र विप्रेषणको सही सदुपयोगका क्षेत्रमा समेत नगरपालिकाको अहम भूमिका हुनु पर्दछ । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक (७० वर्ष उमेर पुगेको) अन्य ज्येष्ठ नागरिक (दलित नागरिक), एकल महिला, विधवा, पूर्ण असक्त अपाङ्गता, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति, पाँच वर्ष उमेर ननाघेका दलित बालबालिकाको लागि नेपाल सरकारले बार्षिक भत्ताको व्यवस्था गरेको छ । नेपाल सरकारका तर्फबाट नगरपालिकाले यस्ता लाभग्राहीहरूको विवरण अद्यावधिक गर्ने र मासिक भत्ता वितरणमा सहयोग गर्ने कार्य गर्दै आएको छ ।

### ३.७.२ समस्या तथा चुनौति

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रूचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो

बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारीक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । नगरपालिका क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ ।

संघ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

नागरिकहरूलाई सिपपमूलक तालिम मार्फत दक्ष बनाई रोजगारीको अवसर उपलब्ध गराउनु, वैदेशिक रोजगारीको लाभलाई अधिकतम बनाउनु, विप्रेषणबाट प्राप्त आयलाई उत्पादनमूलक क्षेत्रमा लगानी गराउनु, आप्रवासनका कारण समाजमा देखिने सामाजिक विकृतिको असर न्यून गर्नु, वैदेशिक रोजगारबाट फर्केका युवाको सीपलाई उद्यमशीलतामा रूपान्तरण गर्नु, नगरपालिकामा रोजगारी र सीपको तथ्याङ्क प्रभावकारी रूपमा व्यवस्थापन गरी नागरिकहरूका लागि उपयोगी बनाउनु यस क्षेत्रका प्रमुख चुनौती हुन् । सामाजिक रूपमा पछाडि परेका वर्गको सुरक्षा र सेवा प्रवाह पनि चुनौतीको रूपमा रहेको छ ।

### ३.७.३ लक्ष्य

" रोजगारीका अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी नगरपालिकाको रूपमा स्थापित गर्ने ।"

### ३.७.४ उद्देश्य

१. वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु ।
२. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

### ३.७.५ रणनीति

१. वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ वृद्धि गरी वैदेशिक रोजगारबाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनिकरण गर्ने ।
२. लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने ।
३. सुरक्षित, मर्यादित र सभ्य समाज निर्माण गर्न स्थानीय रोजगारी प्रवर्द्धनमा जोड दिने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | २५ | ३० | ३२ | ३५ |
| विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्ने जनसंख्या (कूल वैदेशिक रोजगारी संख्याको) | प्रतिशत | ३५ | ३७ | ४० | ४१ |

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| वैदेशिक रोजगारीबाट फर्केर व्यवसाय गर्ने | संख्या | ३५ | ४० | ४२ | ४५ |
| वित्तीय साक्षरता कार्यक्रम बाट लाभान्वित जनसंख्या (वैदेशिक रोगजारीमा जानेको) | प्रतिशत | ३० | ३२ | ३५ | ३७ |
| सिपमूलक तालिम लिएर बैदेशिक रोजगारीमा जाने | प्रतिशत | ३० | ३५ | ४० | ५० |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको श्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ३५६१५ | १६०२७ | १९५८८ | ११७३ | ३२९९८ | १४४५ |
| २०८२/८३ | ३७०२९ | १६६६३ | २०३६६ | १२२० | ३४३०८ | १५०२ |
| २०८३/८४ | ३८४६८ | १७३११ | २११५७ | १२६७ | ३५६४१ | १५६० |

### ३.७.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| क्र.स | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् रुपान्तरणकारी कार्यक्रम सञ्चालन | नयाँ रोजगारी सिर्जना गर्नु खालका रुपान्तरणकारी आयोजनाहरु सञ्चालन गर्नु | सालवसाली | ३३३३४ | नयाँ रोजगारीको सिर्जना भएको हुनेछ |
| २ | ***अबको जीवन आफ्नो धतीमा पसिनाका कण आफ्नो माटोमा*** भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्किएकालाई उद्यमशीलता विकास कार्यक्रम | बैदेशिक रोजगारको कममा आर्जन गरेको सिप र आयको उच्चतम प्रयोग गर्दै उद्यमशिलता विकास गरी नयाँ रोजगारी सिर्जना गर्नु | सालवसाली | २२२२३ | विदैशिक रोजगारबाट फर्केकाहरुले नयाँ व्यावसाय गरेका हुनेछन् । |
| ३ | सुरक्षित आप्रवासन कार्यक्रम (सामी) लाई थप व्यवस्थित र प्रभावकारी | बैदेशिक रोजगारीलाई थप व्यवस्थित तथा सुरक्षित बनाउनु | सालवसाली | २७७७८ | बैदेशिक रोजागरी थप सुरक्षित र व्यवस्थित भएको हुनेछ |
| ४ | कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय तथा युवा उद्यमशिलता विकास कार्यक्रम | उद्यमशीलता विकास गर्नु | सालवसाली | १६६६७ | युवा उद्यमीहरुले संचालन गरेका व्यावसायको संख्यामा वृद्धि भएको हुनेछ |
| ५ | नगर रोजगार सम्बन्धि सालवसाली कार्यक्रम | रोजगार सिर्जना गर्नु | सालवसाली | ११११११ | थप रोजगार सिर्जना भएको हुनेछ |
| | **जम्मा** | | | **१११११३** | |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएका अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ । रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । नगरपालिकामा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा र कार्यान्वयनका लागि बजेट विनियोजन हुनेछ ।

# परिच्छेद ४ : सामाजिक क्षेत्र

यस परिच्छेदमा स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ जनस्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठभूमि

आधारभूत स्वास्थ्य तथा पोषणलाई भानु नगरपालिकाले उच्च प्राथमिकतामा राख्दै आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय तुल्याई नगरवासीको सहज पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारिक अभ्यास विद्यमान रहेका छन् । राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य नीति तथा कार्यक्रमका अतिरिक्त नगरपालिकाको अग्रसरता मा स्वास्थ्य क्षेत्रमा जनशक्तिको व्यवस्थापन, सेवाको स्तरोन्नती तथा विस्तारका कार्यहरू द्रुत गतिमा भई रहेका छन् । नेपालको संविधान, धारा ३५, उपधारा १ मा कसैले पनि आकस्मिक सेवाबाट बञ्चित हुन नपर्ने व्यवस्था उल्लेख छ । स्वास्थ्य एक आधारभूत आवश्यकता भएकाले संविधानले स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ। त्यसै गरी आधारभूत स्वास्थ्य र सरसफाइका साथै पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेको छ । त्यसै अनुरूप दिगो विकासका लक्ष्य ३ तथा "सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक" को उद्देश्य पुरा गर्न यस आवधिक योजनामा स्वास्थ्य र पोषण सम्बन्धी व्यवस्था गरेको छ ।

भानु नगरपालिकाको स्वास्थ्य सेवालाई चुस्त दुरुस्त राख्न ज्ञड वटा स्वास्थ्य संस्था रहेका छन् । जसमध्ये २ अस्पताल, ट वटा स्वास्थ्य चौकी, ३ वटा आयुर्वेद औषधालय, २ वटा सहरी स्वास्थ्य केन्द्र र ६ वटा ग्रामीण स्वास्थ्य इकाईहरू रहेकाछन् । भानु नगरपालिकामा जम्मा ५ वटा वर्थिङ सेन्टरबाट सेवा प्रदान भइरहेको छ । नगरपालिकाको १३ वडामा जम्मा द्दण् वटा खोप केन्द्रको व्यवस्था गरिएको छ भने ठद्द जना स्वास्थ्य स्वयं सेविका कार्यरत रहेका छन् । ३ जना विशेषज्ञ चिकित्सकको दरबन्दी रहेता पनि नगरपालिकामा एक जनाको पनि उपलब्धता रहेको छैन । यसले के देखाउँछ भने नगरपालिकाको स्वास्थ्य सेवामा पर्याप्त मात्रमा चिकित्सकहरूले सेवा दिन सकेका छैनन् । नगरपालिका भित्र मुख्य गरी झाडापखाला, निमोनिया, ग्यास्ट्रिक तथा उच्च रक्तचाप जस्ता प्रमुख रोगको रूपमा रहेको देखिएको छ ।

### ४.१.२ समस्या तथा चुनौति

स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधारका बावजुद भौगोलिक विकटता र लामो दुरीका कारण स्वास्थ्य सेवामा सहज पहुँच स्थापित हुन सकेको छैन । परम्परागत अन्धविश्वासका कारण विरामी पर्दा सबैभन्दा पहिला धामी झाँक्रीकोमा जाने परम्परा कायमै छ । स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारणका लागि पूर्वाधार लगायत एक्सरे तथा भिडियो एक्सरे लगायतको ल्याव सुविधामा कमी रहेको छ । भएका स्वास्थ्य पूर्वाधारहरू मापदण्डअनुसार निर्माण हुन सकेको छैन भने स्वास्थ्य संस्थाहरूमा घेरवारको कमी रहेको छ । खोप क्लिनिक तथा ग्रामीण स्वास्थ्य क्लिनिकको भवन अभावले सेवा प्रवाहमा असुविधा भएको छ । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरू वढाउन पर्ने छ भने सुर्तीजन्य र मदिराजन्य वस्तुको सेवनको कारण स्वास्थ्य समस्या आउने गरेको छ । शारिरीक व्यायाम, योग, आयुर्वेदिक एवं प्राकृतिक चिकित्सासम्बन्धी चेतनामा कमी रहेको छ । यसक्षेत्रमा स्वास्थ्य विमाको शुरुवात भएको छ भने पूर्ण अभ्यास रहेको छैन ।

स्वास्थ्य सेवा प्रदायक संस्थामा पूर्वाधारहरू अपर्याप्त रहेको, पर्याप्त उपकरण र औषधिहरू उपलब्ध हुन नसकेको, स्वास्थ्य संस्थाहरूमा पर्याप्त मात्रामा दक्ष जनशक्तिको अभाव रहेको, सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा पर्याप्त मात्रामा उपचार सुविधा उपलब्ध हुन नसकेको देखिन्छ। साथै सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, ग्रामीण सडकका कारण हुने दुर्घटना तथा विपदजन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु जस्ता समस्याहरू पनि चुनौतीको रूपमा रहेका छन्।

### ४.१.३ लक्ष्य

"स्वास्थ्य क्षेत्रका पूर्वाधारहरू पर्याप्त मात्रामा निर्माण गरी नगरपालिकाका स्वास्थ्य सेवा प्रवाहको क्षमतामा वृद्धि गर्ने।"

### ४.१.४ उद्देश्य

१. नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु।
२. स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु।
३. थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारकालागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।
४. भानुलाई कुपोषणमुक्त नगरपालिका बनाउनु।

### ४.१.५ रणनीति

१. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने।
२. नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने।
३. पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुर्याउने।
४. मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने।
५. स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने।
६. नगरपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने।
७. भानुबासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता गर्ने।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रमको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ८० | ८२ | ८५ | ८८ |
| सञ्चालनमा रहेको नगरपालिका स्तरीय अस्पताल (जिल्ला अस्पताल) मा उपलब्ध शैया संख्या | संख्या | ३० | ४० | ४० | ४० |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | संख्या | ५० | ६० | ७० | ८० |

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| बर्थिङ सेन्टर | संख्या | ५ | ७ | ८ | ९ |
| सबै प्रकारको खोप लिने बालबालिका | प्रतिशत | ९४.५ | ९८ | १०० | १०० |
| वृद्धि अनुगमन गरिएका मध्ये कुपोषित बालबालिका | प्रतिशत | २ | १.८ | १.५ | १.२ |
| आधारभूत खाद्य सुरक्षको स्थितिमा रहेका परिवार | संख्या | ८० | ८५ | ९० | ९५ |
| स्वास्थ्य बीमामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ४० | ५० | ६० | ७० |
| झाडापखालाको सङ्क्रमण दर (प्रति हजारमा) | संख्या | १० | ५ | ३ | २ |
| पाँच वर्षमूनिका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ९८ | ९८.५ | ९८.६ | ९८.७ |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ३५६१५ | २१३६९ | १४२४६ | ११७३ | ३२९९८ | १४४५ |
| २०८२/८३ | ३७०२९ | २२२१८ | १४८१२ | १२२० | ३४३०८ | १५०२ |
| २०८३/८४ | ३७९३४ | २२७६० | १५१७४ | १२४९ | ३५१४६ | १५३९ |

### ४.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क.स | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकी तथा अस्पतालहरुको स्तरउन्नती | स्वास्थ्य चौकीहरुमा आधारभूत स्वास्थ्य उपचारको प्रवधन्ध गर्नु | सालवसाली | ३८७०२.४ | स्वास्थ्य चौकी तथा अस्पताहरुको स्तरउन्नत भएको हुनेछ |
| २ | नगरस्तरीय योग तथा व्यायाम पार्क निर्माण | शारिरिक व्यायम तथा योगका माध्यमबाट दिर्घ स्वास्थ्य प्रवर्धन गर्नु | सालवसाली | ११०५७.८ | व्याम तथा योग पार्कहरुको स्थापना भएको हुनेछ |
| ३ | महिलाहरुको पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ्ग लगायत स्वास्थ्य रोगथाम सम्बन्धि अभियान कार्यक्रमहरु | संभावित दिर्घरोगको समयमै पहिचान गरी उपचारमा सहजता ल्याउनु | सालवसाली | १३२६९.४ | रोगथाममूलक स्वास्थ्य गतिविधिहरुबाट नागरिकहरु सचेत भएका हुनेछन् |
| ४ | स्वस्थ बालबालिका नगरको भविष्य भन्ने नाराका साथ बाल स्वास्थ्य सम्बन्धी कार्यक्रम | बाल स्वास्थ्य प्रवर्धन गर्नु | सालवसाली | ८८४६.२७ | बाल स्वास्थ्य वृद्धि भएको हुनेछ |
| ५ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रवर्धन | आयुर्वेद तथा बैकल्पिक उपचारको माध्यमबाट रोगको दिर्घ समाधान गर्नु | सालवसाली | १६५८६.८ | आयुर्वेद उपचारमा नागरिकहरुको संख्यामा वृद्धि भएको हुनेछ |
| ६ | स्वास्थ्य सम्बन्धि सालवसाली गतिविधिहरु | स्वास्थ्य सम्बन्धी रोकथाममूलक सन्देश नागरिक समक्ष पुराउनु | सालवसाली | २२११५.७ | आम नागरिकलाई स्वास्थ्य सम्बनिध जनचेतनामूलक आधारभूत जानकारी भएको हुनेछ। |
| | **जम्मा** | | | **११०५७८** | |

### ४.१.९ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पुर्वाधार तथा भौतिक संरचना सवलीकरण भएको हुनेछ । दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ । नगरपालिकाको प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवालाबीच समन्वय हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुन सक्छ। स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा आईपर्न सक्ने विभिन्न महामारीले जनस्वास्थ्य तथा नगरबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहेको छ ।

## ४.२ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले विद्यालय तहको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारलाई सुनिश्चिता गरेको छ । शैक्षिक विकासको सन्दर्भमा निरक्षरता अन्त्य गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच कायम गर्न राष्ट्रिय तथा स्थानीयस्तरबाट अभ्यासहरू भई रहेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संघीय, प्रादेशिक तथा स्थानीय सरकारका तर्फबाट आवश्यक पहल भइरहेको छ । शिक्षालाई विकासको मुल आधारका रूपमा लिई भानु नगरपालिकाले नमुना विद्यालयका साथै प्राविधिक तथा उच्च शिक्षाका पूर्वाधार तयार गरी सहज अवसरहरू सृजना गर्ने कुरालाई महत्त्व दिई दश वर्षे शिक्षा योजना तर्जुमा गर्ने तयारी गरेको छ ।

यस नगरपालिकाको स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, र प्रविधिको संरक्षण, प्रवर्द्धन, र विकास गर्न नगर शिक्षा समितिबाट आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन, अनुगमन र नतिजा प्रकाशनको लागि कार्यविधि निर्माण गरिएको छ । यसैगरी सूचना प्रविधिको प्रयोग गरी कक्षा ८ को परीक्षाफल कार्यालयको वेवसाइट्स मार्फत प्रकाशन गर्ने गरिएको छ भने नगरपालिकाका सबै माध्यामिक विद्यालयहरूमा विद्युतिय हाजिरीको सुरुवात गरिएको छ । प्रारम्भिक वाल विकास केन्द्रमा कार्यरत सहयोगीलाई स्थानीय तहबाट बजेट विनियोजन र कक्षा सञ्चालन गर्ने नीति लिइएको छ। विद्यालयको शैक्षिक विकास र शिक्षकको क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको र अनलाईन विधिबाट शैक्षिक सूचना प्रवाह गरी विद्यालय र नगरपालिका बीच बैठक सञ्चालनको सुरुवात गर्ने अभ्यास गरिएको छ ।

भानु नगरपालिकामा ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरता दर ७७.५ प्रतिशत रहेकोमा पुरुषको साक्षरता ८७.२ प्रतिशत र महिलाको ६९.६ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८) । भानुमा ५५ सामुदायिक र १६ संस्थागत गरी कूल ७१ वटा विद्यालयहरू रहेका छन् । कक्षा ११(१२ सञ्चालित विद्यालयहरू सामुदायिक १३ र संस्थागत १ गरी जम्मा १४ वटा तथा कक्षा (१) सञ्चालित विद्यालयहरू २५ वटा रहेका छन् । कक्षा १ देखि ८ सञ्चालित विद्यालयहरू १२ वटा रहेका छन् भने कक्षा १ देखि ५ सञ्चालित विद्यालयहरू २३ वटा रहेका छन् । त्यसैगरी भानुमा सातवटा सामुदायिक सिकाइ केन्द्रहरू, तीनवटा प्राविधिक शिक्षालयहरू र तीन वटा सामुदायिक कलेजहरू रहेका छन् । भानु नगरपालिकाका शैक्षिक संस्थाहरूको विवरण यस प्रकार रहेको छ (भानु नगरपालिकाको शिक्षा गुरुयोजना, २०७९)।

### ४.२.२ समस्या तथा चुनौति

शिक्षा क्षेत्रको सुधारमा राष्ट्रिय तथा स्थानीय स्तरबाट संस्थागत तथा व्यवहारिक प्रयास भएता पनि गुणस्तरीय तथा प्रतिस्पधी शिक्षाको दिशामा समय सापेक्ष सुधारहरू हुन सकेका छैनन् । भौगोलिक बिकटता, गरिबी र स्रोत तथा साधनको अपर्याप्तता रहको छ । हालसम्म शिक्षण सिकाईमा शैक्षिक सामग्रीको निर्माण तथा उपयोग हुन सकेको छैन भने आधुनिक सूचना प्रविधिमा पहुँचमा कमी रहेको छ । स्थानीय आवश्यकता अनुसारको स्थानीय पाठ्क्रम र शैक्षिक क्यालेण्डर तयारी तथा कार्यान्वयन हुन सकेको छैन । विद्यालयको अनुगमन तथा मुल्यांकनमा पर्याप्त ध्यान दिन नसक्दा शिक्षकको नियमितता र शिक्षण प्रकृया प्रभावकारी हुन सकेको छैन । सिकाई उपलब्धी विश्लेषण र कार्यान्वयमा कमी रहेको छ । स्थानीय शैक्षिक संस्थामा जनविश्वासको कमीका कारण गुणस्तरीय शिक्षाका लागि नगरपालिका बाहिरका निजी शैक्षिक संस्थाप्रतिको परनिर्भरता कायम रहेको छ । उच्च शिक्षाका लागि क्याम्पस र प्राविधिक शिक्षाका लागि विद्यालयमा प्राविधिक धारको आवश्यकतालाई सम्बोधन हुन सकेको छैन । धेरैजसो ११ र १२ कक्षामा अध्ययन गर्ने विद्यार्थिको अन्यत्र वस्नु पर्ने अवस्था विद्यमान छ । कतिपय वडाहरूमा विद्यालयका भवनहरू जिर्ण र पहिरोको जोखिममा रहेका छन् । दलित जातिका वालवालिकाहरूको विद्यालयलाई निरन्तरता दिने क्रम कम छ । सानो उमेरमा विवाह गर्ने र उमेर वढ्दै गएपछि वजार र वैदेशिक रोजगारीमा जाने क्रम रोकिएको छैन । निरक्षरता हटाउन सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षा प्रभावकारी हुन सकेका छैनन् । पूर्वाधारतर्फ वालमैत्री तथा अपांगमैत्री भवन, खेल मैदान, घेरवार र शौचालयको कमी रहेको छ । सामाजिक परिवेशमा शैक्षिक वातावरणको कमीजस्ता समस्या विद्यमान रहेको छ ।

विद्यालय छोड्ने दर शुन्यमा झार्नु, विद्यार्थी तथा शिक्षकका नियमिततामा पनि सुधार गर्नु, विद्यालयमा शिक्षाको गुणस्तर सुधार गर्नु, कार्यसंस्कृति एवम् अनुभवको व्यवहारिक प्रयोग गर्नु, सीमित स्रोत साधनबाट सञ्चालित सामुदायिक विद्यालयप्रतिको विश्वसनीयतालाई उल्लेखनीय रूपमा सुधार गर्नु, विद्यालय पहुँचवाट वाहिर रहेका विद्यालय उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँच भित्र ल्याउनु, शिक्षालाई गुणस्तरीय र व्यवहारिक वनाउनु, आवसिय विद्यालयहरु सञ्चालनमा ल्याउनु, नैतिक शिक्षा प्रवद्धन गर्नु जस्ता चुनौहरु रहेका छन् । त्यसैगरी, विद्यालय जाने उमेरका बालबालिका तथा अभिभावकहरूमा शिक्षाको महत्व जगाउनु, अन्धविश्वासमा कमी ल्याउनु, मनोसामाजिक समस्याको समाधान गर्नु, विद्यालय व्यवस्थापन तथा अनुगमनलाई प्रभावकारी बनाउनु जस्ता चुनौतीहरू रहेका छन् । जीवनउपयोगी एवं गुणस्तरीय शिक्षामा विपन्न, दलित, सीमान्तकृत र पिछडिएका समुदायहरूका लागि प्राविधिक शिक्षामा विशेष व्यवस्था गर्न सकिएको छैन । सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर र विद्यार्थीहरुको सिकाई उपलव्धी वृद्धिका लागि शिक्षक र अभिभावकबीच नियमित अन्तर्क्रिया र छलफलको अभाव रहेको छ ।

### ४.२.३ लक्ष्य

“नगरपालिकामा विज्ञान र नवप्रवर्तनको प्रवर्द्धनसँगै सबैको गुणस्तरीय, प्राविधिक र व्यावसायिक शिक्षामा सहज पहुँचको प्रत्याभूति गर्ने ।”

### ४.२.४ उद्देश्य

१. शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।
२. सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा जोड दिनु।
४ शैक्षिक विकासकालागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।
५. संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।

### ४.२.५ रणनीति

१. शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रको नीतिगत तथा संरचनात्मक आधार तयार गर्ने,

२. शैक्षिक कृयाकलापलाई गुणस्तरीय, व्यवहारिक तथा आकर्षक वनाउर्ने,

३. विद्यालयमा न्युनतम पूर्वाधारको व्यवस्था गर्ने ,

४. वयस्क शिक्षण पद्धतिमा समय सापेक्ष सुधार गर्ने,

५. हाल प्राविधिक शिक्षा पढाइ भैरहेका विद्यालयहरुको थप सुदृढिकरण गर्ने,

६. व्यवसायिक सीप विकास सम्बन्धी तालिम दिने संस्थाहरुसंग समन्वय तथा सहकार्य गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| साक्षरता दर | प्रतिशत | ७७.५ | ७९.०६ | ७९.८५ | ८०.६५ |
| ३० मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी | प्रतिशत | ६० | ६५ | ६६ | ७० |
| विद्यालय बाहेक समुदाय स्तरका बाल विकास केन्द्र | संख्या | २० | २२ | २३ | २५ |
| आधारभूत तहको खुद भर्ना दर ( औषतमा) | प्रतिशत | ९६.६ | ९७ | ९७.५ | ९८ |
| विद्यालय छाड्ने दर | प्रतिशत | २.७ | २.५ | २ | १.५ |
| प्राविधिक विद्यालयमा अध्ययनरत विद्यार्थी | संख्या | २५० | ३०० | ३५० | ३७५ |
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय | संख्या | ७१ | ८५ | ९० | १२१ |
| इन्टरनेट र कम्प्यूटर सुविधा भएका विद्यालयहरू | संख्या | ४५ | ७५ | ८० | ९० |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सो स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको श्रोत (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ७८०३९ | ४६८२३ | ३१२१६ | २५७० | ७२३०३ | ३१६५ |
| २०८२/८३ | ७४०५९ | ४४४३५ | २९६२३ | २४३९ | ६८६१५ | ३००४ |
| २०८३/८४ | ७७४७१ | ४६४८२ | ३०९८८ | २५५२ | ७१७७७ | ३१४२ |

### ४.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएकोछ :

| क.स | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा प्रवर्धन कार्यक्रम | जिवन उपयोगी शिक्षाका लागि प्राविधिक धारको शिक्षा अभिवृद्धि गर्ने | सालवसाली | ४२४७० | प्राविधिक धारको शिक्षामा विद्यार्थीको संख्या वृद्धि भएको हुनेछ । |
| २ | विद्यालय पूर्वाधार विकास | विद्यालयमा आधारभूत पूर्वाधारको व्यवस्थापन गर्ने | सालवसाली | ४९३५७ | आधारभूत सुविधा सहितको विद्यालयहरु निर्माण भएका हुनेछन् |
| ३ | स्थानीय पाठ्यक्रमको निशुल्क वितरण | मातृभाषा लगायताका पुस्तकहरु विद्यार्थीलाई निशुल्क उपलब्ध गराउने | सालवसाली | २९८४४ | सवै विद्यार्थीहरुले समयमै निशुल्क पाठ्यपुस्तक प्राप्त गरेका हुनेछन् । |
| ४ | प्रविधिमैत्री विद्यालय शिक्षा कार्यक्रम | विद्यालयमा शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउनु | सालवसाली | २७५४८ | प्रविधिमैत्री शिक्षण सिकाइ अभिवृद्धि भएको हुनेछ |
| ५ | विषयगत शिक्षक तथा मेधावी विद्याथी प्रोत्साहन कार्यक्रम | गुणस्तरिय शिक्षण अभिवृद्धिका लागि शिक्षक विद्यार्थीलाई प्रोत्साहन गर्नु | सालवसाली | ११४७८ | वार्षिक रुपमा नगर स्तरिय उत्कृष्ठ शिक्षक र विद्यार्थीहरु पुरस्कृत भएका हुनेछन् । |
| ६ | लक्षित विद्यार्थी स्थानीय उत्पादनको दिवा खाजा व्यवस्थापन कार्यक्रम | प्रयाप्त तथा गुणस्तरिय दिवा खाजा व्यवस्थापन गर्न | सालवसाली | १६०७० | पोषणयुक्त दिवा खाजाबाट विद्यार्थीहरु लाभान्वित भएका हुनेछन् । |
| ७ | सिक्दै कमाउदै कार्यक्रम | अर्थ उपार्जनसँग शिक्षणलाई जोडी उच्च शिक्षाको सुनिश्चिता गर्नु | सालवसाली | २९८४४ | विपन्न परिवारबाट उच्च शिक्षा अध्ययन गर्नेको संख्या वृद्धि भएको हुनेछ । |
| ८ | शिक्षा सम्बन्धी अन्य सालवसाली कार्यक्रम | शिक्षाको महत्व सम्बन्धि जनचेतना जगाउनु | सालवसाली | २२९५७ | शिक्षाको महत्व सम्बन्धि आम जनताहरु सचेत हुनेछन् |
| | **जम्मा** | | | **२२९५६८** | |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

शैक्षिक पूर्वाधारका लागि स्रोत र साधनको उपलब्धता, शिक्षकहरुको पठनपाठनमा लगनशीलता र अभिभावकको शैक्षिक गुणस्तर सुधारमा सहभागिताको कमीले गर्दा निश्चित उपलब्धी प्राप्तिमा जोखिम रहन्छ । संङ्घीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचको समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान पुगेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ। स्थानीय समुदायले शिक्षाको महत्व बुझेसंगै छोरीलाई शिक्षा आर्जनमा अनिवार्य सहभागिता गराएमा र पछाडी परेका समुदायका बालबालिकाहरुलाई विद्यालय भर्नामा विशेष व्यवस्थाले शिक्षामा सबैको पहुँच सुनिश्चित हुनेछ ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा पार्ने बहुआयामिक प्रभावलाई दृष्टिगत गरी यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्यले समेत खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्य निर्धारण गरेको छ । खुला दिशामुक्त क्षेत्र घोषणा भइ सकेको यस नगरपालिकामा एक घर, एक धारा तथा शौचालय निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ। फोहोर व्यवस्थापनका लागि नगरपालिका स्तरबाट पहल गरिएको छ। खानेपानी र सरसफाइ आम नागरिकका आधारभूत आवश्यकता हुन् । यी मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका क्षेत्रहरू समेत हुन् । नेपालको संविधान को भाग ३ को धारा ३५.४ अनुसार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने उल्लेख गरिएको छ। यसैगरी नेपाल सरकारको तत्कालीन सहरी विकास मन्त्रालयले राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति २०१४ मा खानेपानी र सरसफाइलाई जनस्वास्थ्यको प्रवर्द्धनको लागि अपरिहार्य आधारको रूपमा लिएको देखिन्छ। यसैगरी नेपाल जनस्वास्थ्य ऐन २०७५ को धारा ४१ मा संघीय कानुनको मातहतमा रहेर मानव स्वास्थ्यलाई हानी पुर्याउने प्रदूषण रोक्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आवश्यक नियमावली बनाउन सक्ने र लागू गर्न सक्ने व्यवस्था गरेको छ।

नगरपालिकाको ७४.१४ प्रतिशत घरधुरीको खानेपानीको मुख्य स्रोत पाइपबाट वितरित पानी रहेको छ भने करिब ३५.४४ प्रतिशत घरधुरीको पानीको स्रोत कम्पाउण्ड भित्रैको पाइपधारा छ । त्यस्तै, करिब १२ प्रतिशतले मूलको पानी उपभोग गरिरहेका छन् । ५.७१ प्रतिशत घरधुरीले ढाकिएको इनार वा कुवा र ७.८२ प्रतिशत घरधुरीले नढाकिएको इनार वा कुवाको पानी खाइरहेका छन्। त्यसैगरी ०.५५ प्रतिशत घरधुरीले नदीरखोलाको पानी निर्भर रहनु परेको छ भने ०.१७ प्रतिशत घरधुरीको खानेपानीको अन्य स्रोत रहेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

### ४.३.२ समस्या तथा चुनौति

आधारभूत तहको खानेपानीको सुबिधा नगरबासीमा पुगेको भएतापनि खानेपानीको गुणस्तर कायम हुन सकेको छैन । यस नगरपालिकामा पाईप धाराको पानी उपयोग गरेको भएतापनि एक घर एक धाराको नीति अनुरुप सबैलाई समेट्न नसकेको, पानीका मुहान सुक्दै गएको, खानेपानी तथा सरसफाईको लागि

पर्याप्त बजेट विनियोजन नभएको, आफ्नो घरआँगन सफा राखेतापनि फोहरमैलाको उचित व्यवस्थापनमा कठिनाई आदि खानेपानी तथा फोहोरमैला व्यवस्थापनका प्रमुख समस्याहरु हुन् । सुरक्षित र उपचार गरिएको खानेपानी सबै घरधुरीमा उपलब्ध हुन सकेको छैन, सबै वजार क्षेत्रमा सार्वजनिक शौचालय व्यवस्था गर्न नसक्नु, बजार क्षेत्रमा ढलको व्यवस्था गर्न नसकिनु साथै नसड्ने नगल्ने प्लाष्टिकजन्य सिसी आदिको संकलन, विसर्जन तथा सुरक्षित डम्पिङ क्षेत्रको व्यवस्था नहुनु जस्ता समस्या रहेका छन् ।

संघीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैर सरकारी र निजी क्षेत्रबाट समेत प्रयास भएता पनि खानेपानीका आयोजनामा स्थानीय समुदायको अपनत्वको कमी र सरसफाइ जन्य परम्परागत व्यवहारका कारण आशातीत सुधार हुन सकेको छैन । मानिसहरूको जमघट हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको कमी रहेको छ । स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था हुन सकेको छैन भने सुक्खा याममा कतिपय वस्तिमा खानेपानीको अभाव हुने गरेको छ ।

सरसफाइ सम्बन्धी आनीबानी कमजोर रहेको यस क्षेत्रमा घरमै फोहोर वर्गीकरण गरी व्यवस्थापन गर्ने प्रचलन रहेको छैन । मुख्य बजारहरूमा प्लास्टिक जन्य तथा सिसा जन्य फोहोरको व्यवस्थापन हुन नसक्दा वातावरणीय प्रदूषण बढ्दै गएको छ । साथै बजार केन्द्रहरूमा समेत सडक नाली र ढल सुविधा उपलब्ध रहेको छैन । सार्वजनिक शौचालयमा साबुन, नियमित पानी आदिको नियमित व्यवस्थापन भएको देखिँदैन । शुद्ध खानेपानी, पहिरोको कारण खानेपानीका मूल तथा पाइपहरूमा क्षति हुने गरेको छ । खानेपानीका मुहानहरू वस्ति भन्दा टाढा रहेको कारण मर्मत सम्भार गर्न समस्या रहेको देखिन्छ । खानेपानीका पाइपहरू ठूला भिर हुँदै आएका कारण वर्षातमा पहिरोको कारण क्षतविक्षत हुने गरेको छ ।

### ४.३.३ लक्ष्य

"नगरपालिका भरी सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने ।"

### ४.३.४ उद्देश्य

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।

२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।

३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु ।

### ४.३.५ रणनीति

१. पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न  खानेपानीका स्रोतहरूको पहिचान गर्ने ।

२. आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने ।

३. प्रत्येक घर परिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| गुणस्तरीय र सर्वसुलभ खानेपानीको सुविधामा पहुँच भएको जनसंख्या | प्रतिशत | ८० | ८५ | ९० | ९० |
| संरक्षण गरिएका खानेपानीका मूल वा स्रोतहरु | संख्या | २५० | २५२ | २५३ | २५५ |
| पाइपलाइनको निजी धारा उपलब्ध भएका घरधुरी | प्रतिशत | ८० | ८२ | ८५ | ९० |
| सक्रिय खानेपानी र सरसफाइ उपभोक्ता समिति | संख्या | | | | |
| शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी | प्रतिशत | २ | १ | १ | ० |
| सेफ्टी ट्यांकी सहितको शौचालय भएका परिवार | प्रतिशत | ६७ | ७० | ७५ | ८० |
| फोहर संकलन केन्द्र | संख्या | ० | १ | १ | १ |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ४.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको श्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ४६०९० | २७६५४ | १८४३६ | १५१८ | ४२७०३ | १८७० |
| २०८२/८३ | ४७६०९ | २८५६५ | १९०४४ | १५६८ | ४४११० | १९३१ |
| २०८३/८४ | ५०७५७ | ३०४५४ | २०३०३ | १६७२ | ४७०२६ | २०५९ |

### ४.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्रस | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | परम्परागत दुङ्गेधारा र मुलहरुको संरक्षण तथा दर्ता | परम्परागत पानीका स्रोतहरुको संरक्षण गर्नु | सालवसाली | २८८९१ | परम्परागत पानीका स्रोतहरुको संरक्षण भएको हुनेछ। |
| २ | धार्मिक स्थल, कोट, गढी, पदमार्ग, घरबास, विद्यालय, स्वास्थ्य संस्था जस्ता महत्वपूर्ण स्थलहरुमा खानेपानीको सहज उपलब्ध | महत्वपूर्ण स्थानहरुमा पिउने पानीको उलब्ध गराउनु | सालवसाली | १८७७९ | प्रमुख सार्वजनिक स्थलहरुमा पिउने पानीको व्यवस्था भएको हुनेछ |
| ३ | खानेपानी सरसफाई तथा स्वच्छता योजना तर्जुमा | दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन मार्ग तय गर्नु | सालवसाली | १७३३५ | खानेपानी सरसफाई तथा स्वच्छता निर्माण भएको हुनेछ |
| ४ | एक घर एक धारा खानेपानी अभियानको निरन्तरता | प्रत्येक परिवारलाई सहज पिउने पानीको व्यवस्था गर्नु | सालवसाली | ६५००५ | सर्वसुलभ तथा प्रयाप्त खानेपानीको व्यवस्था भएको हुनेछ |
| ५ | सरसफाइ सम्बन्धि सालवसाली गतिविधिहरु | सरसफाइ सम्बन्धी जनचेतना फैलाउनु | सालवसाली | १४४४६ | पानीको संरक्षण तथा सरसफाई सम्बन्धि सचेत भएका हुनेछन् |
| | **जम्मा** | | | **१४४४५६** | |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

एक वडा वा बस्ती नजिकको पानीको श्रोत अर्को वडा वा वस्तीमा लैजादा श्रोत भएका वडा वा वस्तीका बासिन्दाले सहयोग गर्नेछन् । जलवायु परिवर्तबाट खानेपानीको स्रोतमा पर्ने नकारात्मक प्रभाव, खानेपानीको स्रोत र वितरण प्रणालीमा उचित व्यवस्थापनको अभाव र प्रदूषण आदिलाई खानेपानी तथा सरसरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ । मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१. पृष्ठभूमि

नेपालको कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महा सन्धि, १(७( को अनुमोदन तथा दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

नेपालको संविधानले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई सम्बोधन गर्दै लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक लगायतका हकको प्रत्याभुती गरेको छ । नगरपालिका क्षेत्रभित्र बाल विवाह मुक्त, महिला हिंसा मुक्त र शत प्रतिशत महिला साक्षर नगर निर्माणको लागि आवश्यक पहल नियमित रूपमा हुने गरेको छ । महिलामैत्री नगरपालिकाका निर्माणका लागि वडास्तमा आमा समूहहरू गठन भएका छन् । लक्षित वर्गका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन हुने गरेको छ । सामाजिक सुरक्षा कार्यक्रमबाट सबै वर्गलाई समेटने प्रयास भईरहेको छ । लक्षित वर्गका लागि आंशिक रूपमा भएपनि आयमुलक कार्यक्रम सञ्चालनमा रहेका छन् । नगरपालिकास्तरमा बाल, महिला, आदिवासी जनजाति तथा अपाङ्ग संजाल रहेका छन् । स्थानीय समिति तथा संरचना समावेशी स्वरूपमा गठन हुने गरेका छन् ।

नगरपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला संजाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, सुत्केरी जाँच व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । नगरपालिकामा ०-१४ वर्ष उमेर समूहका करिब २२.९ प्रतिशत बालबालिकाहरू रहेका छन् भने १५-२४ उमेर समुहका १६.०६ प्रतिशत किशोर किशोरी रहेका छन् भने ७० वर्ष माथि उमेर समूहका करिब ७.५ प्रतिशत जनसङ्ख्या रहेको छ । त्यस्तै करिब ३.२ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

### ४.४.२ समस्या तथा चूनौति

नगरपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ। नेतृत्वमा महिलाको सहभागिता प्रभावकारी नदेखिनु, योजना तर्जुमा तथा कार्यान्वयनमा महिलाहरूको अर्थपूर्ण सहभागिता नदेखिनु, छोरा छोरी बीचको भेदभाव कम हुँदै गएता पनि छोरी र बुहारी बीचको विभेद कायम रहनु, श्रमिकहरूको ज्यालामा विभेद कायम रहनु, महिलाहरूको कार्यबोझमा कमी नहुनु, महिलामा मानसिक हिंसा अत्याधिक हुनु जस्ता मुख्य समस्या रहेका छन् ।

बालबालिकाहरूको सन्दर्भमा नैतिक शिक्षाको अभाव, प्रविधिको अधिक प्रयोगले बालबालिकाहरूमा एकोहोरोपना देखिएको र सामाजिक कार्यमा कम सहभागिता हुनुका साथै उमेर नपुगी विवाह गर्ने, विभिन्न कारण बिचमै विद्यालय छोड्ने, त्यसैगरी बाल अधिकार र कर्तव्य बीच असन्तुलन देखिने, कामकाजी अभिभावक भएका बालबालिकाहरूको उचित व्यवस्थापन नहुने जस्ता समस्याहरू बालबालिकाका क्षेत्रमा रहेका छन् ।

समाजमा जेष्ठ नागरिकहरूलाई उचित सम्मान हुन नसक्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले उचित सम्मान पाउन नसकेको, अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरमा पहुँच नहुनु, शिक्षा तथा स्वास्थ्यका संरचना अपाङ्गमैत्री नहुनु, दलित बालबालिकाहरूको पोषण र शिक्षामा पहुँच कम हुनु जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी समाजमा विद्यमान छुवाछुत तथा अन्य कुरीतिप्रथा कायमै रहनु र अन्धविश्वास कायमै रहनु पनि यहाँका सामाजिक समस्याहरू हुन् । त्यसैगरी,सार्वजनिक भबन एवं पूर्वाधारहरु वृद्ध, बाल एवं अपाङ्गमैत्री हुन नसक्नु लक्षित वर्गमा न्यून वजेट विनियोजन हुनु, ज्येष्ठ नागरिक हेरचाह केन्द्र सञ्चालन नहुनु, विपन्न वर्ग, दलितहरुको आर्थिक सामाजिक स्तरोन्नतिका लागि स्व/रोजगारीमूलक कार्यक्रमहरु कार्यान्वयन नहुनु, महिलाहरुमा उद्यमशिलता बिकासका लागि क्षमता अभिवृद्धि, अनुदान, सहुलियत दरमा ऋृण व्यवस्था नहुनु, असहाय र आश्रयहीन वालवालिकहरुको व्यवस्था नगर्नु, अपाङ्गतमैत्री पूर्वाधार अभाव, पठनपाठनका लागि पाठ्यक्रमको विकास नभएको र शारिरीक एवं मानसिक विकास सम्वन्धी कार्यक्रमहरु नहुनु जस्ता समस्याहरु पनि रहेका छन् ।

नगरपालिकाभित्र महिला उद्यमशिलताका लगि लगानी मैत्री वातावरण सिर्जना गर्नु, महिला, बालबालिका, सिमान्तकृत, युवाहरूको सहभागिता अर्थपूर्ण बनाउनु, महिला, बालबालिका, सिमान्तकृत समुदायहरूलाई नेतृत्वदायी भूमिकामा पुर्‍याउनु, समाजमा विद्यमान छुवाछुत तथा अन्य कुरितीहरूलाई उल्लेख्य मात्रामा घटाउनु यस क्षेत्रको प्रमुख चुनौतीहरु हुन् । त्यसैगरी लैङ्गिक हिंसा, छुवाछुतका घटनाहरु नियन्त्रण गर्नु, अपाङ्गता भएकाहरुको स्वरोजगारीता श्रृजना गर्नु, महिला साक्षरता अभिवृद्धि गर्नु, महिलाहरुका गुणात्मक क्षमता विकास गर्दै निर्णय तहमा उनीहरुको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु, वसाइ सराइ नियन्त्रण गर्नु, असहाय र आश्रयहीन वालवालिकाको संख्यामा शुन्य गर्नु पनि चुनौतिका रुपमा रहेका छन् ।

### ४.४.३ लक्ष्य

“महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन गराउने ।”

### ४.४.४ उद्देश्य

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु

२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु

३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु

४. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु

५. दलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलधारमा प्रवाहीकरण गर्नु

### ४.४.५ रणनीति

१. नगरपालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता वृद्धि गर्ने ।

२. विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्दै लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने ।

३. बालमैत्री वातावरणको विकास गरी बालबालिकाको सहभागिता वृद्धि गर्ने ।

४. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने ।

५. अपाङ्ग मैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने ।

६. दलित तथा सिमान्तकृत समुदायको सबै प्रकारका सार्वजनिक समिति तथा निकायमा प्रतिनिधित्व सुनिश्चतता गर्ने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना ( कूल वार्षिक घटनाको) | प्रतिशत | ५ | ४ | ३ | २ |
| महिलाको औषत आयु | वर्ष | ६९.६ | ७० | ७२ | ७४ |
| परिवर्तित स्थानीय संरचना तथा कानून अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३५ | ३६ | ३८ | ४० |
| बाल विवाह (कूल जनसंख्याको) | प्रतिशत | | | | |
| घरव्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | ३५ | ४० | ४२ | ४५ |
| सम्पत्ति माथिको स्वामित्व भएका महिला | प्रतिशत | ३० | ३५ | ३६ | ४० |
| बालमैत्री स्थानीय शासन लागू भएको वडा | संख्या | ४ | ६ | ८ | ९ |

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | १५० | १६० | १७० | १८० |
| जेष्ठ नागरिक दिवा सेवा केन्द्र | संख्या | २ | ३ | ५ | ७ |
| बाल उद्यान | संख्या | २ | ५ | ६ | ८ |

स्रोतः नगरपालिकाको आवधिक योजना, २०८०

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको श्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | २०९५० | १२५७० | ८३८० | ६९० | १९४१० | ८५० |
| २०८२/८३ | २२२१८ | १३३३१ | ८८८७ | ७३२ | २०५८५ | ९०१ |
| २०८३/८४ | २३५०८ | १४१०५ | ९४०३ | ७७४ | २१७८१ | ९५४ |

### ४.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क्रस | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पूर्ण रुपमा बालमैत्री नगर घोषणा तयारीका कार्यक्रमहरु | बालमैत्री नगर घोषणा गर्नु | २०८७ सम्ममा | १२००२ | बालमैत्री नगर घोषणा भएको हुनेछ |
| २ | दलित, जनजाती, महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक, मुस्लिम अल्पपसंख्यक तथा पिछाडिएका समुदायलाई लक्षित गरी क्षमता बृद्धि तथा आय आर्जन कार्यक्रम | लक्षित वर्गको शसक्तीकरण गरी आत्मनिर्भर बनाउनु | सालवसाली | १६६६९ | लक्षित वर्गको शसक्तीकरण तथा आत्मनिर्भरतामा वृद्धि भएको हुनेछ |
| ३ | बालविवाह, बहुविवाह, बालश्रम जस्ता कार्य रोकथामका लागि नेपाल प्रहरी, सामाजिक संघ संस्थासँग साझेदारीमा सचेतनामूलक कार्यक्रम संचालन | सामाजिक कुरितीहरुमा न्यनीकरण गर्नु | सालवसाली | ३३३४ | सामाजिक कुरितीहरु घटनाहरुमा कमी आएको हुनेछ |
| ४ | उपमेयरसंग दिदीबहिनी कार्यक्रम | महिला शसक्तीकरण गरी आत्मनिर्भर बनाउनु | सालवसाली | १०६६८ | महिलाहरुको आर्थिक, राजनीतिक तथा सामाजिक रुपमा शसक्तीकरण भएको हुनेछ |
| ५ | बाल तथा महिला अधिकार संजालहरुको क्षमता विकास | संगठित आवजका साथ बाल तथा महिला अधिकार सुनिश्चिता गर्नु | सालवसाली | ८६६८ | संजालले सक्रियरुपमा अभियान संचालन गरेको हुनेछ |
| ६ | नगरस्तरीय असहाय तथा हिंसा पिडित उद्दार कोष स्थापना | असहाय तथा हिंसा पिडितको उद्दार गर्नु | ०८२ सम्म | ८००१ | असहाय तथा हिंसा पिडितहरुको उद्दार तथा पुर्नस्थापना भएको हुनेछ |
| ७ | महिला बालबालिका तथा सामाजिक समावेशीकरण सम्बन्धी सालवसाली कार्यक्रमहरु | सामाजिक कुरिती विरुद्धको जागरण फैलाउने | सालवसाली | ७३३४ | सामाजिक कुरितीका घटनाहरुमा कमी आएको हुनेछ |
| | **जम्मा** | | | **६६६७६** | |

#### ४.४.९ जोखिम पक्ष तथा अनुमान

महिला, बालबालिका तथा लक्षित वर्गको विकास सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ । नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रममा महिला, बालबालिका र लक्षित वर्गको उत्थानका लागि सोच लिई कार्य गर्दै आएकोले नतिजा प्राप्त गर्न सकिने अनुमान गर्न सकिन्छ ।

### ४.५ युवा, खेलकुद तथा नवप्रवर्तन

#### ४.५.१ पृष्ठभूमि

नगरपालिकाको समग्र विकासको लागि युवा तथा खेलकुदको निकै महत्त्वपूर्ण भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्न सकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक(आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट पालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ । यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्नुपर्ने देखिन्छ ।

भानु नगरपालिकाको कूल जनसङ्ख्याको करिब ६० प्रतिशत जनसङ्ख्या युवा जनसङ्ख्या रहेको छ । त्यस्तै आर्थिक रूपले सक्रिय जनसङ्ख्याको करिब ३.१ प्रतिशत जनसंख्या रोजगारीका लागि विदेशिएको देखिन्छ । युवा क्लब गठन गरी पालिका स्तरीय सञ्जाल निर्माण भएको छ र हाल तीन दर्जन बढी युवा क्लब तथा सञ्जालहरू सक्रियरूपमा क्रियाशील रहेका छन् । भानु नगरपालिकामा २८ वटा खेल मैदान रहेका छन् भने सक्रिय रहेका करिब १२० जना व्यावसायिक खेलाडी मध्ये १० जना राष्ट्रिय र क्षेत्रीय स्तरका खेलाडीहरू हुन् (भानु नगरपालिकाको डिजिटल पार्श्वचित्र २०७९)।

#### ४.५.२ समस्या तथा चुनौति

युवा लक्षित विकासका लागि कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नु, युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा पठाउँदा पर्याप्त रेमिटेन्स भित्रिन नसक्नु, खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, पालिकामा भएका खेलकुद पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नु, क्लबहरूको आफ्नै भवन र पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोवल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, खेलकुद प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नु, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नु, खेल सम्बद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नु, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

श्रम बजारमा वर्षै पिच्छे थपिने युवालाई रोजगार मूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा(पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृति प्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार( आधारशिला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पधी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौतीका रूपमा रहेका छन् ।

### ४.५.३ लक्ष्य

"सीप विकास, स्वरोजगारी र खेलकुदको माध्यमबाट युवाहरूमा सिर्जनशीलताको विकास गर्नु ।"

### ४.५.४ उद्देश्य

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।

२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पधी र व्यावसायिक बनाउनु ।

### ४.५.५ रणनीति

१. युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धिमा विकासमा युवा सहभागिता बढाउन ।

२. युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने ।

३. युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने ।

४. खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने ।

५. खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने

६. योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृति जन्य खेलकुद विकास गर्ने ।

७. प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| खेल मैदान भएका विद्यालय | संख्या | १० | १२ | १४ | १५ |
| नगरपालिका स्तरिय खेल मैदान | संख्या | २ | ३ | ४ | ५ |
| प्रदेश तथा जिल्ला स्तरिय खेलाडी | संख्या | १० | १५ | १७ | २० |
| युवाहरुको नेतृत्वमा रहेका समामाजिक संघसंस्था | प्रतिशत | ५० | ५५ | ६० | ६५ |
| योग तथा सार्वजनिक व्यायमशाला | संख्या | २ | ३ | ४ | ५ |
| आयमूलक व्यवसायिक सीप विकास तालिमवाट स्वरोजगार तथा रोजगार | संख्या | २५० | ३०० | ३५० | ४०० |

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| युवा क्लव तथा संस्था | संख्या | १३ | १५ | १६ | १७ |
| उद्योग तथा व्यवसायमा संलग्न युवाहरु | संख्या | १५० | २०० | २५० | ३०० |
| स्थानीय तहको संरचनामा युवाहरुको संलग्नता | प्रतिशत | ३५ | ३६ | ३७ | ४० |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.हजारमा) | | | बजेटको श्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १५७१३ | ६२८५ | ९४२८ | ५१८ | १४५५८ | ६३७ |
| २०८२/८३ | १६३९९ | ६५५९ | ९८३९ | ५४० | १५१९३ | ६६५ |
| २०८३/८४ | १७०९७ | ६८३९ | १०२५८ | ५६३ | १५८४० | ६९३ |

### ४.५.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| मेयरसंग यूवा कार्यक्रम अन्तरगत युवा सिपमूलक तथा उद्यमशीलता विकास आयोजना (इलेक्ट्रिक वाइरिङ्ग,ड्राइभिङ्ग, मोवाइल मर्मत तालिम) | युवा उद्यमशीलता प्रवर्धन गर्नु | सालवसाली | २२१४४ | उद्यमी युवाहरुको संख्यामा वृद्धि भएको हुनेछ । |
| एक वडा एक खेल मैदान कार्यक्रम तथा वहुउद्धेशिय कवर्ड हल निर्माण | खेलकुद पूर्वाधारको विकास गर्नु | सालवसाली | १७२२३ | आवश्यक खेलकुदको पूर्वाधार निर्माण भएको हुनेछ |
| वार्षिक रुपमा पालिकास्तरीय खेल आयोजना र खेलाडी सम्मान तथा पुरस्कार (मेयर कप, वडा कप) | खेलकुदमा युवाहरुको आकर्षण बढाउनु | सालवसाली | ९८४२ | स्थानीय तथा राष्ट्रिय खेलाडीहरुको उत्पादन भएको हुनेछ |
| **जम्मा** | | | ४९२०८ | |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, युवा उद्यमीलाई प्रोत्साहन, नगरपालिकाका युवाहरु चासोका साथ सहभागिता हुनेछ, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

## ४.६ सामाजिक सुरक्षा तथा पंजीकरण

### ४.६.१ पृष्ठभूमि

नगरपालिकामा सामाजिक सुरक्षाको सेवा र कार्यालयको तथ्यांक व्यवस्थापन पंजीकरण शाखाबाट हुँदै आएको छ । कार्यालयको अभिलेख व्यवस्थापन महत्वपूर्ण हुने भएकोले यस कार्यलाई व्यवस्थित गर्नुपर्ने भएकोले यस शाखा दक्ष र चुस्त हुन जरुरी हुन्छ । सामाजिक सुरक्षा नागरिकको अधिकार हो । यो गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन हो । मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरूको प्राप्तिमा सहयोग पुर्याउन सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान गर्दछ । भानु नगरपालिकाले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित, बालबालिका आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारीलगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा सबै नागरिकको समान सहभागिता गराउन उनीहरूलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

### ४.६.२ समस्या तथा चुनौति

तथ्यांक व्यवस्थापनका लागि छुट्टै कर्मचारीको व्यवस्थापन हुन सकेको छैन । शाखागत कर्मचारीहरुले हालसम्म तथ्यांक व्यवस्थापन गर्दै आएकोले नगरपालिकागत तथ्यांक बन्न सकेको छैन । तथ्यांक व्यवस्थापनका लागि उपयुक्त सामग्रीको व्यवस्थापन हुन सकेको छैन । शाखागत कर्मचारीहरुबीच तथ्यांक व्यवस्थापनका लागि छलफल र प्रक्रियाको विषयमा एकआपसमा प्रष्ट हुन नसकेकोले यसको व्यवस्थापन चुनौतिपूर्ण रहेको छ । महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ । एकल महिला, अपांगता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझ पनि सकारात्मक बन्न सकिरहेको छैन । बाल संवेदनशील सामाजिक सुरक्षाको कार्यान्वयन हुन सकेको छैन । बैंकको सुविधा वडा वडामा सहज नहुँदा बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा समस्या छ । घुम्ती सेवा कार्यान्वयन हुन सकेको छैन् । सामाजिक सुरक्षा सम्वन्धी सचेतना नहुँदा नविकरण समयमा नहुने पनि समस्या छ । स्वास्थ्य विमामा अझै सबै परिवार जोडिन सकेका छैनन् । सामाजिक सुरक्षालाई स्थानीय आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरूसँग आबद्ध गर्दै लैजानु, गरिबी, वञ्चितीकरण एवम् जोखिममा रहेका जनसमुदायलाई पहिचान गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु र वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौतीहरू हुन् ।

### ४.६.३ लक्ष्य

"आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण गर्न नगरपालिकाको योजना र समिक्षा व्यवस्थित तथ्यांकको आधारमा रहेर गर्ने ।"

### ४.६.४ उद्देश्य

१. सामाजिक संरक्षणका कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी समाजका विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु ।

२. नगरपालिकाबाट भएका गतिविधिहरुको एकमुष्ट तथ्यांक संकलन, विश्लेषण, प्रवाहमा एकद्वार प्रणाली विकास गर्नु ।

### ४.६.५ रणनीति

१. सामाजिक सुरक्षा प्रणाली अन्तरगत रहेका कार्यक्रमहरुको पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने ।

२. सामाजिक सुरक्षाका क्षेत्रमा छरितो नियमनकारी संरचनाको विकास गर्ने ।.

३. पंजीकरण र तथ्यांक व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने ।

४. शाखागत प्रमुख र कर्मचारीहरुको समन्वय र सहकार्यमा नगरपालिकाको सूचना र तथ्यांकलाई व्यवस्थित गर्ने ।

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| तथ्यांक व्यवस्थापन शाखा | संख्या | | | | |
| तथ्यांक व्यवस्थापन कर्मचारी | संख्या | | | | |
| तथ्यांक संकलन, विश्लेषण र स्टोरेज सामग्री, तथ्यांकको क्लाउड व्याकअप | संख्या | | | | |
| वार्षिक रूपमा घरेलु हिंसा अन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | | | | |
| बेचविखनमा परेका महिला किशोरी र बालिका | संख्या | | | | |
| ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | | | | |
| सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | | | | |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सामाजिक सुरक्षा तथा पंजीकरणका साथै समग्र नगरपालिकाको तथ्यांक उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | बजेटको श्रोत (रु. हजारमा) |
|---|---|---|

| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
|---|---|---|---|---|---|---|
| २०८१/८२ | ९४३ | ४७१ | ४७१ | ३१ | ८७३ | ३८ |
| २०८२/८३ | १०५८ | ५२९ | ५२९ | ३५ | ९८० | ४३ |
| २०८३/८४ | ११७५ | ५८८ | ५८८ | ३९ | १०८९ | ४८ |

### ४.६.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पंजीकरण शाखा व्यवस्थापन | पंजीकरण शाखा व्यवस्थित गर्नु | सालवसाली | १७४७ | पंजीकरण शाखा व्यवस्थित हुनेछ । |
| २ | तथ्यांक व्यवस्थापन | नगरपालिकाको सम्पूर्ण तथ्यांक व्यवस्थापन गर्नु | सालवसाली | ९५३ | नगरपालिकामा एकिकृत तथ्यांक प्रणालीको विकास हुनेछ । |
| ३ | सामाजिक सुरक्षा कार्यक्रम | सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित गर्नु | सालवसाली | ४७६ | सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थित भएको हुनेछ |
| | **जम्मा** | | | **३१७६** | |

### ४.६.९ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षा र पंजीकरणका साथै समग्र नगरपालिकाको तथ्यांक व्यवस्थापनसँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापनलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद ५: पूर्वाधार क्षेत्र

यस पूर्वाधार क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ। व्यवस्थित बस्ती तथा सहरी विकासको महत्त्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्त्वपूर्ण आयामको रूपमा लिने गरिएको छ। यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य-७ (खर्चले धान्न सकिने स्वच्छ ऊर्जा), लक्ष्य-९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य-११ (सहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसँग प्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्यहरू सम्बन्धित रहेका छन्।

## ५.१ भवन, आवास तथा वस्ती विकास

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले अव्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, वातावरण मैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ। भानु नगरपालिकाले भौगोलिक हिसाबले छरिएर रहेका तथा विपद् जोखिममा रहेका ग्रामीण घर परिवारलाई सुविधासम्पन्न वातावरणमैत्री आवासको व्यवस्थापन र बिपन्न तथा बजारी क्षेत्रमा अनधिकृत अव्यवस्थित रुपले बसोबास गरेका परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ।

भानु नगरपालिकाले भवन निर्माण योजना तथा नक्सापास मापदण्ड तयार गरी लागू गर्न बाँकी रहेको छ। हरेक क्षेत्रको विकास निर्माणलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउने पहल कदमी गरिनु पर्दछ। नगरपालिकामा आवास योजना तथा एकीकृत बस्ती विकास सम्बन्धी कानुन बनाउने अधिकार प्राप्त भएको छ भने केही आवास निर्माणको लागि आवश्यक स्थानीय ढुङ्गा गिट्टी, बालुवा, काठ आदिको उपलब्धता रहेको छ। आवश्यक खानेपानीका स्रोतहरू तथा प्राकृतिक जल निकासको अवस्था तथा बसोबासको लागि उपयुक्त हावापानी रहेको छ। व्यवस्थित बस्ती विकासको लागि नगरपालिकाले उपयुक्त नीति तयार गरेर प्राविधिक विज्ञहरूको सहयोगमा उक्त कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ। नगरपालिकामा भवन निर्माण तथा व्यवस्थित बस्तीहरूको लागि प्रभावकारी अध्ययन अनुसन्धान तथा आवश्यक योजना तर्जुमा गरी यस क्षेत्रमा योजनाबद्ध विकास गर्न सकिने देखिन्छ।

भानु नगरपालिकाको प्रशासकीय भवन तत्काल निर्माण गर्नुपर्ने अवस्था रहेको छ। त्यसैगरी नगरपालिकाका १३ वटा वडा मध्ये १० वटा वडाको आफ्नै वडा भवन छ। नगरपालिकाका १३ वटै वडामा स्वास्थ्य सेवाकालागि आवस्यक भवन सहित सञ्चालनमा रहेका छन् भने २ वटा अस्पताल सञ्चालना रहेका छन्। भानु नगरपालिकामा ९१.८५ प्रतिशत मानिस आफ्नै घरमा बसोबास गरिरहेका छन् भने ६.६९ प्रतिशत भाडाको घरमा बस्ने गरेकोमा ०.४ प्रतिशत संस्थागत संरचनामा बस्ने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८)।

### ५.१.२. समस्या तथा चुनौति

नगरपालिका वस्तिहरू व्यवस्थित नहुनु, प्रमुख मानिएका वस्तिहरूमा समेत आधारभूत सुविधा अपर्याप्त रहनु, एकीकृत वस्ति विकास कार्यक्रम सञ्चालनमा नहुनुजस्ता समस्या विद्यमान रहेका छन् । विकसित हुँदै गरेका बजार क्षेत्रमा विश्राम स्थल एवं बस प्रतीक्षालय र सार्वजनिक शौचालय लगायतका न्यूनतम सुविधाहरू अपर्याप्त छन् । सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि अत्यावश्यक वडा समितिको भवन, स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधारहरूको कमी रहेको देखिन्छ । अति विपन्न घर परिवार लक्षित सुरक्षित आवास कार्यक्रम अपर्याप्त रहनु तथा भूकम्प प्रतिरोधी भवन निर्माणका लागि तयार भएको दक्ष जनशक्ति नगरपालिकामा क्रियाशिल नहुनाले पनि निजी आवासहरू सुरक्षित नहुनसक्ने सम्भावना रहेको देखिन्छ । यसैगरी प्राकृतिक प्रकोपको रूपमा रहेको चट्याङ्गको उच्च जोखिम रहनुपनि बसोबासका हिसाबले समस्याको रूपमा रहेको देखिन्छ ।

भिरालो जमिन, खोलानालाको किनारमा वस्तिहरू रहेका, छरिएर रहेको वस्ति, बढ्दो बसाइ सराई प्रवृति, स्थानीय कला संस्कृति झल्किने घरहरू रहेका, यहाँका घर परिवारहरू बसाई सराई गर्ने प्रकृति बढ्दै गएको छ, विना नक्सा र विना प्राविधिक स्टिमेटका आधारमा घरहरू बनेका, पुराना घरहरू भएका कारण भूकम्पको जोखिम रहेको, अझैपनि धेरै घरहरू खर र ढुङ्गाले छाएका, वस्तिहरू नदी कटान र पहिरोका जोखिममा रहेका, आवासीय घरहरूको निर्माण मापदण्डअनुसार निर्माण हुन नसकेको, सुरक्षित आवास तथा बस्ती विकास उचित रूपमा नभएको, बजार विकास तथा विस्तारको कमी, बजारसँगको कमजोर पहुँच तथा विस्तारको अभाव, सार्वजनिक निर्माण आवश्यकताअनुसार हुन नसकेको, वस्तिहरू बीचको दूरी टाढा हुनु यस पालिकाको विकासका लागि निकै चुनौतीपूर्ण देखिन्छ ।

### ५.१.३ लक्ष्य

"सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने ।"

### ५.१.४ उद्देश्य

१. एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घर परिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।

२. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

### ५.१.५ रणनीति

१.ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने ।

२. घना बस्ती रहेका क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने ।

३. भूउपयोग नीति तथा योजना निर्माण गर्ने र योजनाबद्ध रूपमा सहरी बस्ती विकास गर्ने कार्यलाई अभियानको रूपमा अगाडि बढाउने ।

४. स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने ।

५. भवन डिजाइन, निर्माण तथा सुपरिवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र | संख्या | १ | २ | २ | ३ |
| जोखिमयुक्त वस्तीहरुमा रहेका घरहरु | संख्या | ३५० | ३०० | २५० | २०० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी, सार्वजनिक भवन तथा संरचना | प्रतिशत | ३० | ३२ | ३३ | ३४ |
| महिलामैत्री, वालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना | संख्या | १० | १५ | १७ | १८ |
| सुविधा सम्पन्न (खानेपानी, शौचालय, विजुली, सञ्चार) सामुदायिक भवन, महिला तथा ज्येष्ठ नागरिक भवन तथा सभाहल | संख्या | १५ | १७ | १८ | २० |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १३६२८० | ८१७६८ | ५४५१२ | ४४८८ | १२६२६४ | ५५२८ |
| २०८२/८३ | १३८०६६ | ८२८४० | ५५२२७ | ४५४७ | १२७९१९ | ५६०० |
| २०८३/८४ | १३९४४७ | ८३६६८ | ५५७७९ | ४५९३ | १२९१९८ | ५६५६ |

### ५.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/ | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| व्यवस्थित शहर तथा भवन निर्माण सम्बन्धित नीति निर्माण तथा कार्यन्वयन | स्थानीय भवन संहिताको पालना गरी सुरक्षित भवन निर्माण गर्ने | सालवसाली | २०६९० | स्थानीय भवन संहिता अनुसार भवनहरुको निर्माण भएको हुनेछ |
| सुरक्षित नागरिक आवास कार्यक्रम | विपन्न वर्गहरुको लागि सुरक्षित आवसको सुनिश्चिता गर्नु | सालवसाली | १४४८२८ | सवै नागरिकहरुको सुरक्षित आवासको सुनिश्चिता भएको हुनेछ |
| जोखिमयुक्त बस्तीको नक्सानकन गरी सुरक्षित मानव बस्तीको विकास कार्यक्रम | जोखिम क्षेत्र पहिचान तथा सुरक्षित मावन वस्ती विकास गर्ने | सालवसाली | ६२०६९ | सुरक्षित मावन बस्तीको विकास भएको हुनेछ |
| मुख्य वजार केन्द्रहरुमा आधारभूत पूर्वाधार निर्माण (ढल, नाला, फोहोर व्यवस्थापन केन्द्र) | मुख्य बजारक्षेत्रका आधारभूत पूर्वाधारहरु निर्माण गरी व्यवस्थित शहर निर्माण गर्नु | सालवसाली | ७०३४५ | आधारभुत पूर्वाधार सहितको व्यवस्थित बजार व्यवस्थापन |
| बहुउद्देश्यीय सामुदायिक भवन निर्माण तथा ऐतिहासिक भवनहरुको संरक्षण कार्यक्रम | समुदायस्तरमा हुने विभिन्न किसिमका कार्यक्रमहरु संचालनको व्यवस्थित स्थान निर्माण गर्नु | सालवसाली | ८२७५९ | प्रत्येक समुदायमा बहुउद्देश्यिय सामुदायिक भवनहरु निर्माण भएका हुनेछन् |
| भूकम्प प्रतिरोधी भवन निर्माण सीप र प्रविधि विकास कार्यक्रम | सिपयुक्त जनशक्ती उत्पादन गर्नु | सालवसाली | ३३१०४ | सिपयुक्त जनशक्ती निर्माण भएका हुनेछन् |
| **जम्मा** | | | **४१३७९४** | |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

पूर्वाधार विकासले भूस्वरुपमा परिवर्तन हुने, बजार क्षेत्र क्रमिक रुपमा शहरीकरण भई फोहोरमैलाको विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई बजार क्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ। सडक तथा भवनको मापदण्ड तयार हुनेछ। भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१. पृष्ठभूमि

नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ।

भानु नगरपालिका गण्डकी प्रदेशको राजधानी पोखरा देखि ६८ कि.मि. को दुरीमा रहेको छ भने राजधानी काठमाण्डौबाट १४० कि.मि. पश्चिममा रहेको छ। भानु नगरपालिका तनहुँ जिल्लाको सदरमुकाम दमौली बजारबाट उत्तर पूर्वमा अवस्थित रहेको छ। सडक यातायातको पहुँचका हिसाबले सुगम यो पालिका पृथ्वी राजमार्ग, मध्य पहाडी राजमार्ग तथा डुम्रे बेंसिसहर मार्गसँग प्रत्यक्ष जोडिएको भएतापनि कालोपत्रे गरिएका सडकहरू मर्मत संभारका अभावमा सडकको स्थिति नाजुक हुनका साथै बर्षा याममा सवारी कष्टकर हुने गरेको छ। भानु नगरपालिकाको पूर्वाधार शाखाको तथ्याङ्क अनुसार यस पालिका अन्तर्गतका सडक मध्ये ४४.४४ कि.मि. सडक कालोपत्रे गरिएको छ भने ६५० कि.मि. सडक ग्राभेल गरिएको, ४९० कि.मि. सडक कच्ची गरी कूल १००० कि.मि. सडक विस्तार भएको देखिन्छ।

सडक विस्तार जथाभावी तरिकाले गरिंदा धेरै स्थानहरूमा खेतीयोग्य जमिनको विनाश हुनका साथै पहिरोको प्रकोप बढ्ने तथा वातावरणमा प्रतिकूल असर परिरहेको देखिन्छ। प्रायजसो ठाउँमा भने वर्षातको समयमा पहिरोले बाटो अवरुद्ध हुने, पानी जम्ने, हिलो हुने भएका कारण नियमितरुमा यातायात सुचारु गर्न कठिनाइ हुने गरेको छ।

### ५.२.२. समस्या तथा चूनौति

भानु नगरपालिकाको प्रमुख समस्या सबै समुदायलाई सडक संजालमा जोडन नसक्नु, व्यवस्थित बसपार्क नहुनु, मापदण्ड विना योजना पहिचान तथा छनौट हुनु, दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु, गुणस्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नु, सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, साँघुरा सडक हुनु, निजी सवारी साधनहरूको सङ्ख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नु, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु यस क्षेत्रका समस्याहरू हुन्। बाटोको सुविधा भएतापनि नालाको व्यवस्था राम्रो हुन नसकेको कारण वषार्याममा यातायात आवागमनमा समस्या हुने गरेको छ। केही कच्ची सडकमा सदाबहार रूपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन।

भानु नगरपालिका क्षेत्र भित्रका विभिन्न खोलाहरूमा पुल तथा कलभर्ट निर्माण गर्नु अति जरुरी देखिएको छ। वर्षा याममा पानीको व्यवस्थापनमा निकै कठिनाइ हुने गर्दछ तसर्थ नाला तथा निकास व्यवस्थित

गर्नु चुनौती छ । व्यापार, व्यवसाय तथा उत्पादन बढाउन मद्दत पुर्याउन सक्ने रणनीतिक महत्त्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावारणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु आदि यस क्षेत्रका चुनौतीहरू हुन् । त्यसैगरी वाह्रै महिना सडक यातायात सञ्चालनमा ल्याउनु, गुणस्तरीय, दिगो र सर्वसुलभ सडक यातायात सेवावाट आम नागरिक लाभान्वित गर्नु, भाडादर नियन्त्रण गर्नु, अधिकांश स्थानीयहरु सडक सुविधा उपयोगका लागि ३० मिनेटको पैदल दुरी कम गर्नु, सडकमा स्थानीयहरुको अपनत्व श्रृजना गर्नु, गुणस्तरीय सडक सञ्जाल विस्तार गर्नु, सडक तथा यातायात विकासको लागि जनसहभागिता जुटाउनु, निर्माणाधीन सडकहरू सम्पन्न गर्नु, महत्वपूर्ण टोल बस्तीहरू र पर्यटकीय केन्द्रसम्म सडक पुर्याउनु, वैकल्पिक पदमार्गहरू निर्माण गर्नु, सडकको सुरक्षाको लागि जनताको अपनत्वको विकास गर्नु आदि मुख्य चुनौतीका रुपमा रहेका छन् ।

### ५.२.३ लक्ष्य

"दिगो सडक तथा यातायात पूर्वाधार विकास मार्फत नागरिकको सहज पहुँच स्थापना गर्नु ।"

### ५.२.४ उद्देश्य

१. सडक पूवार्धारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु ।
२. यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आय आर्जन तथा रोजगारी सिर्जना गर्नु ।

### ५.२.५ रणनीति

१. समुदायमा सडक सञ्जालको सहज पहुँच पुर्‍याउने ।

२. बनिसकेका सडकको स्तरोन्नती गर्ने ।

३. अति आवश्यक ठाउँमा पुल निर्माण गर्ने ।

४. सडकको सौन्दर्यीकरण तथा हरित सडक तथा पर्यटकीय पदमार्ग व्यवस्था गर्ने ।

५. सार्वजनिक, नीजि तथा सामुदायिक क्षेत्रको सहभागितामा सडक संरक्षण, मर्मतसंभार तथा व्यवस्थापन गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कालोपत्रे सडक | कि.मि. | ४४.४१ | ५० | ५५ | ६० |
| ग्राभेल सडक | कि.मि. | ६५० | ६६० | ६७५ | ६८० |
| कच्ची सडक | कि.मि. | ४९० | ५०० | ५१० | ५१५ |
| सहायक नदीमा झोलुङ्गे पुल | संख्या | २६ | २६ | २७ | २८ |
| सडक बायोइन्जिनियरिङ्ग (सडक किनारामा वृक्षरोपण) | कि.मि. | १० | १५ | १८ | २० |
| पक्की पुल | संख्या | ८ | ८ | ९ | १० |
| अन्तरपालिका सडक सञ्जाल | कि.मि. | १५० | १६० | १७० | १८० |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १४९२६९ | ८९५६२ | ५९७०८ | ४९१६ | १३८२९९ | ६०५५ |
| २०८२/८३ | १४६५३० | ८७९१८ | ५८६१२ | ४८२६ | १३५७६१ | ५९४४ |
| २०८३/८४ | १५०१३३ | ९००८० | ६००५३ | ४९४५ | १३९०९८ | ६०९० |

### ५.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| रणनैतिक तथा ऐतिहासिक मार्गहरुको अध्ययन तथा निर्माण (भानु मार्ग, भि.सी. शेरबहादुर मार्ग, कालिमाटी कुन्छा मार्ग, रातामाटा राइपाल मार्ग आदि) | ऐतिहास र रणनीतिक मार्ग निर्माण गरी दुरदराजका बस्तीहरुको पहुँच बढाउनु | क्रमागत | १५६०७६ | ऐतिहास र रणनीतिक मार्ग निर्माण भएको हुनेछ |
| नगर चक्रपथ निर्माण (चुँदी भ्याली चक्रपथ निर्माण) | बजार क्षेत्रको विस्तार तथा यातायातमा सहजता वृद्धि गर्नु | ०८२ देखि ०८७ सम्म | १३३७८० | बजार क्षेत्रको विस्तार तथा यातायातमा सहजता वृद्धि भएको हुनेछ |
| सडक स्तरउन्नती | दिगो सडक यातायातको सुनिश्चिता बढाउनु | क्रमागत | ८९१८६ | दिगो सडक यातायातको सुनिश्चिता बढेको हुनेछ |
| झोलुंगे तथा पक्की पुलहरुको निर्माण | सडक सम्पर्क वृद्धि गर्दै वर्षैभरि यातायातको सुविधामा उपलब्ध गराउनु | क्रमागत | ६६८९० | सडक सम्पर्क वृद्धि गर्दै वर्षैभरि यातायातको सुविधामा उपलब्ध भएको हुनेछ |
| **जम्मा** | | | ४४५९३२ | |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

नगरपालिकाबाट संभाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । संङ्घीय शासन प्रणाली अनुसार तीन तहबीच नीति तथा कार्यक्रममा सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ। रुपान्तरणकारी, विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन्। सडक पुर्वाधार विशिष्ट आयोजना हुने भएकोले दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसकिने जोखिम रहन्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१. पृष्ठभूमि

जलविद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण साधन हो । नेपाल सरकारले आउँदो बाह्र वर्षमा १५,००० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ। प्रदेशमा दिगो र भरपदी विद्युतको पहुँच सबै नागरिकमा पुगि नसकेको र प्रदेश सरकारले ऊर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको सन्दर्भमा जल विद्युत विकास र व्यवस्थापनमा गण्डकी प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका आवश्यक छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीति गत व्यवस्था गरेको छ। प्रकाश ऊर्जाको सबैभन्दा सरल र भरपदी स्रोतको रूपमा विद्युत ऊर्जालाई लिने गरिन्छ।

भानु नगरपालिकाको घरधुरीहरूमा उज्यालोको प्रमुख स्रोत ९८.८४ प्रतिशत विद्युत नै हो घर राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार ०.६८ प्रतिशत घर परिवारको सौर्य ऊर्जामा पहुँच रहेको देखिन्छ । यहाँका १२७०५ घर धुरी मध्ये २० घर धुरी विद्युतको पहुँच बाहिर रहेको देखिन्छ। यहाँका १२७०५ घर धुरी मध्ये झण्डै आधा अर्थात् ६२८९ घर धुरी अर्थात ४९.५० प्रतिशतले दाउरालाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गरिरहेका छन् भने सोही हाराहारीमा अर्थात् ४७.२७ प्रतिशत घर परिवारले एलपि ग्यास प्रयोग गर्ने गरेको देखिन्छ । त्यसैगरी २.९० प्रतिशतले जैविक ग्यास खाना पकाउने इन्धनका रूपमा प्रयोग गर्ने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

### ५.३.२ समस्या तथा चुनौति

सबै स्थानमा विशिष्ट उपयोगका लागि ३ फेज लाइनको विद्युत सेवा उपलब्ध हुन सकेको छैन भने उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । स्वच्छ ऊर्जाको रूपमा गोवर ग्यास, वायो विक्रेट र धुवाँ रहित सुधारिएको चुलोको उपयोग पर्याप्त मात्रामा हुन सकेको छैन । अधिकांश वडाहरूमा परम्परागत रूपमा दाउराबाट खाना पकाउने गरिएको छ ।

वस्ति विकास, शहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग बढ्दै गए अनुसार विद्युत आपूर्ति गर्नु, र भौगोलिक विकटता रहेका र ग्रामीण स्तरमा छरिएको बस्तीहरूमा विद्युतीकररण गर्नु चुनौतीको रूपमा रहेका छन् ।

### ५.३.३. लक्ष्य

"ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्ने ।"

### ५.३.४ उद्देश्य

१. दिगो, भरपदी, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु ।

२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।

### ५.३.५ रणनीति

१. ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम् उपयोगको आधार तयार गर्ने ।

२. उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा ऊर्जाको माग र आपूर्ति सम्बन्धी डाटाबेस तयार गरी संस्थागत विकासमा जोड दिने ।

३. ऊर्जाको प्रयोगलाई दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाउने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| विद्युतमा पहुँच प्राप्त घर परिवार | प्रतिशत | ९५ | ९५ | १०० | १०० |
| सौर्य उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | १ | १.५ | १,७ | २ |
| इन्धनका लागि दाउरामा भर पर्ने घर परिवार | प्रतिशत | ९० | ८९ | ८८ | ८५ |
| इन्धनका लागि विद्युत प्रयोग गर्ने घरधुरी | प्रतिशत | ०.६८ | १ | १.२ | १.५ |
| सुधारिएको चुल्हो प्रयोग गर्ने | प्रतिशत | ६८ | ७० | ७५ | ८० |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विद्युत तथा उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको श्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ४७१३८ | २५९२६ | २१२१२ | १५५३ | ४३६७३ | १९१२ |
| २०८२/८३ | ४७६०९ | २६१८५ | २१४२४ | १५६८ | ४४११० | १९३१ |
| २०८३/८४ | ५०५४३ | २७७९९ | २२७४४ | १६६५ | ४६८२८ | २०५० |

### ५.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामुदायिक विद्युतीकरण तथा विद्युत लाइन विस्तार कार्यक्रम | सामुदायिक विद्युतीकरणको माध्यमबाट सवै वस्तीमा विद्युत विस्तार गर्नु | ०८४ सम्म | ५८११६ | ग्रामीण बस्तीहरुमा विद्युत विस्तार भएको हुनेछ |
| २ | सडकबत्तीको व्यवस्थापन | सडक क्षेत्रमा सौर्य बत्तीको व्यवस्थापन गर्नु | ०८३ सम्म | ५०८५१ | सडक क्षेत्रमा अध्यारोका कारण रात्री समयमा हुने दुर्घटनमा कमी आएको हुनेछ |
| ३ | सौर्य उर्जा लगायत वैकल्पिक ऊर्जा प्रवर्धन कार्यक्रम | सौर्य उर्जा तथा वैकल्पिक उर्जाको उपयोगमा वृद्धि गरी खनिज उर्जाको खपतमा कमी ल्याउनु | सालवसाली | ३६३२२ | सौर्य उर्जा तथा वैकल्पिक उर्जाको उपयोगमा वृद्धि भएको हुनेछ |
| | **जम्मा** | | | १४५२९० | |

### ५.३.९ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने जोखिम रहेको छ । उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद् तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लेखित उपलब्धि हासिल हुनेछ । विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगबाट उद्यम, व्यवसाय सहज वृद्धि गर्न सकिने । विद्युत तथा वैकल्पिक उर्जाको संरचनाबाट सावधानी अपनाउन नसकेमा दुर्घटनाको जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा संचार प्रविधि

### ५.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका अत्याधुनिक प्रविधिहरूको व्यापक उपयोगले सर्वसुलभ रूपमा सेवा सुविधामा विविधीकरण गर्दै

ग्रामीण क्षेत्रसम्म गुणस्तरीय, प्रतिस्पर्धी एवम् सर्वसुलभ रूपमा सेवा सुविधा उपलब्ध गराई देशको राजनीतिक, आर्थिक, सामाजिक लक्ष्य प्राप्तिमा योगदान गरेको छ ।

भानु नगरपालिकाका वडाहरूमा सूचना तथा प्रविधिको उपयोगको अवस्था कमजोर रहेको छ त्यसैले यसको अवस्थामा सुधार ल्याउन अत्यावश्यक छ । सबै वडाहरूमा एन.टि.सि. र एन सेलको सामान्य सुविधा उपलब्ध भएको देखिएको छ । भानु नगरपालिका क्षेत्रमा सबै वडामा मोबाइल सेवाको सुविधा पुगेता पनि इन्टरनेटको सेवा पहूँच भने २९.७४ प्रतिशत मात्रै छ । करिब ७० प्रतिशत परिवार इन्टरनेट सेवाको पहूँच बाहिर रहेका छन् । एफ. एम. रेडियो, टेलिभिजन लगायत अनलाईन सञ्चार माध्यमहरू स्थानीय रूपमा सञ्चालित छैनन् । अझ पनि ३.६२ प्रतिशत घर परिवारमा कुनै पनि सञ्चारका उपकरण नभएको अवस्था भने जटिल गरिबीको असर हुन सक्छ । भानु नगरपालिकामा नेपाल टेलिकमको सञ्चार क्षेत्रमा कमजोर कभरेज छ । नेपाल टेलिकमको नेटवर्क पालिकाको सबै जसो वडामा सामान्य रहेको छ । नेपाल टेलिकम बाहेक एन सेलले पनि दूरसञ्चारका सेवाहरू प्रदान गरिरहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

नगरपालिकामा पत्रपत्रिका तथा एफ.एम. स्टेशनहरूले सञ्चार सुविधा पुर्याएका भएता पनि यस नगरपालिकाबाट दैनिक रूपमा प्रकाशन हुने कुनै पत्रपत्रिका नरहेको साथै नगरपालिकाबासीलाई सूचना प्रवाह गर्न स्थानीय एफ।एम। को आवश्यकता रहेको देखिन्छ । यद्यपि, टेलिभिजन, केवल नेटवर्क, र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा सञ्चार विकास दिनानुदिन बढ्दै गइरहेको छ ।

### ५.४.२ समस्या तथा चुनौती

संचार सेवा प्रदायक संस्थाहरूको संख्यात्मक वृद्धिसँगै गुणात्मक विकास हुन नसक्नु, साइबर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु, नगरपालिकाभित्र सूचना तथा संचार पहुँचको एकीकृत र अद्यावधिक विवरण तयार नहुनु, विद्यालयहरुमा आइसिटिको सहज पहुँच नहुनु, सार्वजनिक स्थलहरुमा सिसिटिभि जडान नहुनु, टेलिफोनका टावरहरु प्रयाप्त मात्रा नभएको कारण र टावरमा विद्युत आपुर्तिको समस्याका कारण हातमा मोवाइल भएर पनि नेटवर्क नहुँदा सञ्चारमा समस्या, भरपर्दो इन्टरनेट नभएका कारण वडा कार्यालय लगाएतमा सेवाग्राहीलाई सेवा पाउन ढिला हुने, भौगोलिक बिकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई दुर्गम वडासम्म द्रुतता दिन समस्या भएको छ । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साईवर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्था भएको भने छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकाले सेवा प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ । हालसम्म अप्टिकल फाइवर पुग्न सकेको छैन ।

अप्टिकल फाइबर विस्तारमा गति दिने कार्य, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत प्रसारण भरपदी बनाउने कार्य, नगर क्षेत्रको ऐतिहासिक महत्त्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य, साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग तथा विकृतिलाई रोक्ने कार्य चुनौती पूर्ण देखिएको छ ।

### ५.४.३ लक्ष्य

"सूचना, सञ्चार तथा प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरलाई सहज बनाउने ।"

### ५.४.४ उद्देश्य

१. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुर्‍याउनु ।

२. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्व सुलभ, गुणस्तरीय र भरपदी बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।

### ५.४.५ रणनीति

१. सूचना प्रविधि मैत्री नगरपालिका निर्माण गर्ने ।

२. नगरपालिकाबाट प्रदान गरिने सेवालाई प्रविधि मार्फत सहज बानाईने ।

३. नगरपालिकाभित्र आम संचार माध्यमहरुलाई थप व्यवस्थित गर्ने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या मोवाइलबाट समेत) | प्रतिशत | ७८ | ८० | ८२ | ८५ |
| नि:शुल्क वाइफाई उपलब्ध भएका क्षेत्रहरु | संख्या | ० | १ | २ | ३ |
| टेलिफोन मोवाइल प्रयोगकर्ता | प्रतिशत | ९५ | ९६ | ९७ | ९९ |
| इन्टरनेट सेवा उपलब्ध भएका विद्यालय | संख्या | ५१ | ५५ | ६० | ६५ |
| इन्टरनेट सेवा उपलब्ध भएका सरकारी कार्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | २७२३५ | १३६१८ | १३६१८ | ८९७ | २५२३३ | ११०५ |
| २०८२/८३ | २८०३६ | १४०१८ | १४०१८ | ९२३ | २५९७६ | ११३७ |
| २०८३/८४ | १७०९७ | ८५४८ | ८५४८ | ५६३ | १५८४० | ६९३ |

### ५.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नगर कार्यालय परिसर तथा मुख्य चोकमा डिजिटल सूचना पाटी निर्माण, सिसी क्यामरा जडान तथा सञ्चालन | नगरपालिकाका सूचनामा जनताको सहज पहुँच विस्तार गर्नु | ०८२ सम्म | ३२५६६ | डिजिटल सूचना पाटी र सिसि क्यामरा जडान भएको हुनेछ |
| २ | सूचना प्रविधिमैत्री तथा डिजिटल नगरपालिका निर्माण | छिटोछिरितो तथा प्रविधिमैत्री सेवा प्रवाह गर्नु | ०८४ सम्म | २८९४७ | नगर सेवा प्रविधिमैत्री तथा डिजिटलमय हुनेछ । |
| ३ | भानु विकास बुलेटिन, टेलिकमको टावर विस्तार तथा इन्टरनेट सेवा पहुँच बृद्धि लगायत सालवसाली गतिविधि | मोवाइल नेटवर्क तथा इन्टरनेटको पहुँच सवै बस्तीमा पुर्याउनुका साथै नगर गतिविधिमा जनताको सहज पहुँच वृद्धि गर्नु | सालवसाली | १०८५५ | सबै बस्तीहरुमा मोवाइल फोन तथा इन्टरनेटको सहज पहुँच साथै नगर गतिविधिमा जनताको सहज पहुँच वृद्धि भएको हुनेछ |
| | **जम्मा** | | | ७२३६९ | |

### ५.४.९ जोखिम पक्ष तथा पूर्वानुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लेखित उपलब्धि हासिल हुनेछ । सूचना प्रविधिको उपयोगबाट सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सकिनेछ । प्रविधि खर्चिलो र दक्ष मानविय श्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सूचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहन सक्छ ।

# परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन

यस परिच्छेदमा वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ। दिगो विकास र विपद् उत्थानशीलतामा अभिवृद्धि नै भानु नगर विकासको समृद्धि भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ।

## ६.१ वन, भूसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

प्राकृतिक स्रोतको हिसावले वन एक महत्वपूर्ण सम्पदा हो। वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता समेट्ने यो क्षेत्र प्रत्यक्ष रुपमा पर्यापर्यटन, स्वच्छ पर्यावरण र वन तथा जडिवुटीमा आधारित उद्योगसँग गाँसिएको छ। यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडिबुटी, हरित उद्यम र प्रकृतिमा आधारित पर्यटनको विस्तार समृद्धिका आधार हुन् भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयता, समुन्नत जलाधार आदि सुखी नेपालीका महत्वपूर्ण सूचकहरू हुन्। वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्ने तर्फ नगरपालिकाको प्राथमिकता हुनु अपरिहार्य छ। नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न वनको संरक्षण, प्रवर्द्धन, प्रयोग, नियमन तथा व्यवस्थापनमा नगरपालिकाको भूमिका महत्वपूर्ण हुने हुँदा सोही अनुसार नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक हुन्छ। वन नेपालको महत्वपूर्ण प्राकृतिक सम्पदा हो। मुलुकको झण्डै आधा भाग ढाकेको वन क्षेत्रले पर्यावरणीय सुरक्षा, सांस्कृतिक, सामाजिक र आर्थिक समुन्नतिमा समेत योगदान पुऱ्याएको छ। नेपालको संविधानले प्राकृतिक साधन स्रोतको संरक्षण, संबर्द्धन र उपयोग सम्बन्धी नीति लिएको छ। वन तथा जैविक विविधता प्रदेश सरकारको अधिकारको सूचीमा रहेको भएता पनि स्थानीय तहको भूमिका महत्वपुर्ण छ।

समुद्र सतहबाट ३०० देखि १५०० मि. उचाइमा अवस्थित भानु नगरपालिकामा उष्ण हावापानी देखि समशितोष्ण हावापानी पाइन्छ। पहाडी भूभागको विस्तारित भूगोल, बाक्लो उष्ण देखि समशितोष्ण वन क्षेत्र, पर्याप्त नदी नाला तथा प्रशस्त मात्रामा छरिएर रहेका ताल तलैया एवम् सिमसार क्षेत्रका कारण भानु नगरपालिका जैविक विविधताका दृष्टिकोणले धनी रहेको देखिन्छ। भानु नगरपालिकाको कूल क्षेत्रफलको ४२.९ प्रतिशत जग्गा वनले ओगटेकोछ। भानु नगरपालिकामा विभिन्न वडामा २२ वटा जंगल दर्ता भएका छन्। यस पालिकामा १ वटा कवुलियती वन र सामुदायिक वन ७ वटा रहेका छन्। भानु नगरपालिकाको वनरजङ्गलमा विभिन्न प्रकारका जनावर र चराचुरुंगीहरू पाइन्छन्। जसले जैविक विविधतालाई संरक्षण र प्रवर्द्धन गर्न पालिकाले विभिन्न कार्यक्रमको योजना बनाउने गरेको छ।

### ६.१.२ समस्या तथा चुनौति

जमिनमा व्यक्तिगत स्वामित्वको प्रभुत्व रहे सम्म बैज्ञानिक भूउपयोगको अवधारणा अनुसार योजना कार्यान्वयन हुन कठीन देखिएको छ। वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट विरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन्।

वृक्षारोपण, बन नर्सरी, जडीवुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन। वन्यजन्तुहरू खासगरी बाँदर, र दुम्सीबाट खेतीपाती एवं बालीनालीहरू क्षती हुने गरेको छ। ग्रामीण सडकहरू समेत वायोइन्जिनियरिङ्ग प्रविधिबाट निर्माण हुन सकेको अवस्था छैन । खोलानालामा फोहरमैला फालिने प्रचलनले जल प्रदुषण बढ्दो समस्याको रूपमा रहेको छ।

वन तथा जैविक विविधताको संरक्षणकालागि नगरपालिका तहलाई जिम्मेवार बनाउनु भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्वको व्यवस्थापन गर्नु, स्थानीय जनतामा वन तथा जैविक विविधताको संरक्षणबारे ज्ञान अभिवृद्धि गरी सहकार्य गर्नु, छाडा चरिचरन, वन फडाँनी, अव्यवस्थित वस्ति, र आगलागी जस्ता क्रियाकलापहरू नियन्त्रण गर्नु यस क्षेत्रका मुख्य चुनौती हुन्।

### ६.१.३ लक्ष्य

"वनको उचित व्यवस्थापन र जैविक विविधताको संरक्षणका माध्यमबाट नगरपालिकावासीको जीवनस्तरमा सुधार गर्ने।"

### ६.१.४ उद्देश्य

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु।

२. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु।

### ६.१.५ रणनीति

१. वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यावसायीकरण गर्ने।

२. समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने।

३. जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने।

४. बाह्य र आन्तरिक स्रोत साधनको परिचालन गर्ने।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| रुख विरुवाले ढाकेको वा हरियाली क्षेत्र | प्रतिशत | ४२.९ | ४३ | ४३.५ | ४४ |
| सामुदायिक बन संख्या | संख्या | ७ | ७ | ७ | ७ |
| संरक्षित क्षेत्र प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालित उद्योग व्यवसाय | संख्या | ० | १ | २ | २ |
| वन तथा जडीवुटीमा आधारित उद्योग | संख्या | १ | २ | २ | २ |
| गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती क्षेत्र | हेक्टर | | | | |

स्रोतः नगरपालिकाको आवधिक योजना, २०८०

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन तथा भूसंरक्षण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १७९१२ | ८९५६ | ८९५६ | ५९० | १६५९६ | ७२७ |
| २०८२/८३ | २०१०२ | १००५१ | १००५१ | ६६२ | १८६२४ | ८१५ |
| २०८३/८४ | २१३७१ | १०६८६ | १०६८६ | ७०४ | १९८०० | ८६७ |

### ६.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वातवरणमैत्री हरियो भानु कार्यक्रम (सडक हरियाली तथा शौन्दर्यकरण) | सडक हरियाली प्रवर्धन गर्नु | सालवसाली | १०६८९ | सडक वरीपरी वृक्षारोपण भइ सडकको सौन्दर्य बढेको हुनेछ |
| २ | खाली डाडापाखामा वृक्षारोपण कार्यकम | खाली डाडापाखाहरुमा हरियाली बढाउनु | ०८४ सम्म | ७१२६ | खाली डाडापाखामा हरियाली छाएको हुनेछ |
| ३ | पहिरो नियन्त्रण तथा नदी तटवन्ध कार्यकम | उपल्लो तटिय क्षेत्रमा पहिरो नियन्त्रण तथा तल्लो तटिय क्षेत्रमा नदी तटवन्ध गरी वस्ती तथा खेती योग्य जमिन सुरक्षित गर्नु | सालवसाली | १५४४० | उपल्लो तटिय क्षेत्रमा पहिरो नियन्त्रण र तल्लो तटिय क्षेत्रमा तटबन्ध गरी पहिरो र बाढीबाट वस्ती तथा खेतियोग्य जमिन सुरक्षित भएको हुनेछ |
| ४ | पानीका स्रोत संरक्षण तथा नदी किनारा वृक्षारोपण कार्यकम | पानीका स्रोतहरुको संरक्षण गर्नु साथै नदी तटवन्धको दिगो समाधान गर्नु | सालवसाली | १३०६५ | पानी स्रोत वरिपरी वृक्षारोपण गरी मुहान संरक्षण भएको हुनेछ |
| ५ | सामुदायिक, धार्मिक, नीजि, कवुलियती वन भित्र डालेघाँस, जडिबुटी, अम्रिसो उत्पादन गर्ने गरी कृषि वन निर्माण कार्यकम | बन पैदावारको व्यवस्था गरी कृषि तथा पशुपालन सहज बनाउनु तथा हरियाली प्रवर्धन गर्नु | सालवसाली | ८३१४ | सामुदायिक वन भित्र कृषि बन व्यवस्थापन गरी पशुपालनमा वृद्धि भएको हुनेछ । |
| ६ | सालवसाली कार्यकम | | | ४७५१ | |
| | **जम्मा** | | | **५९३८५** | |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानुमान

सार्वजनिक निजी साझेदारीमा ग्रामीण तथा शहरी क्षेत्रमा खुला स्थानमा बृक्षरोपण तथा निजी तथा व्यवसायिक वागवानी विस्तार गरी वातावरणमा सुधार तथा आयआर्जन समेत बृद्धि गर्न सकिनेछ। जलवायु परिवर्तनको असर लगायत विभिन्न महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन्। संङ्घीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, दक्ष जनशक्ति, समुदाय तथा सरोकारवालाको सहभागिता सुनिश्चित भई श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने पूर्वानुमान गरिएको छ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

भानु नगरपालिकामा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत रूपमा प्रवर्द्धन गर्ने, सौर्य ऊर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, दुर्गम वडाहरूमा वायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ। नगरपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनकालागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन्। नगरपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ।

अझैपनि ग्रामीण वडाका घरधुरीहरूमा खाना पकाउनकालागि दाउराको प्रचलन यथावतै छ। नगरपालिका क्षेत्र भित्रका करिव ४७.४७ प्रतिशत घरधुरी मात्रै धुवाँ मुक्त रहेको तथ्याङ्कले देखाउछ। त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दा पनि बढेकै छन्। विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्त्व दिने एउटा संस्कृतिनै बनेको छ। जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ। बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ। व्यवस्थित फोहरमैला विसर्जन केन्द्र निर्माण सम्पन्न नहुँदा फोहरमैला व्यवस्थापनमा कठिर्नाइ उत्पन्न भएकोछ। पानीका स्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी विरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ। वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन्।

### ६.२.२ समस्या तथा चुनौति

नगरपालिकाका मुख्य बजार लगायतका क्षेत्रहरू बजार केन्द्रका रूपमा विकास भइरहेको हुँदा ती क्षेत्रमा प्लास्टिक र सिसा जन्य फोहर व्यवस्थापन सम्बन्धी समस्या क्रमशः देखा पर्न थालेको देखिन्छ। अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धूलो व्यवस्थापनमा समस्या, सरसफाइ सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु मुख्य चुनौतीको रूपमा रहेको छ। दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण आगलागीका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदूषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमी ल्याउन नसकिएको, वैकल्पिक ऊर्जा वा बायो मास, सौर्य ऊर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु प्रमुख समस्या र चुनौतीको रूपमा रहेको छ।

फोहर व्यवस्थापनका नाममा फोहरहरू खोला खोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति देखिन्छ। यसरी फालिएको फोहर बर्सातका समयमा पानीले बगाएर सेती नदी लगायतका खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्याएर प्रदूषणलाई विस्तारित गर्दछ।

फोहर मैला व्यवस्थापनका लागि विसर्जन केन्द्र टको स्थायी व्यवस्थापन हुन सकिरहेको छैन। प्लाष्टिक जन्य फोहरको दिनानुदिन बढ्दै गएको र यसको नियन्त्रणको लागि वैकल्पिक व्यवस्था दिन नसक्नाले नगरपालिकाको सरसफाइमा समस्या देखिएको छ। स्रोतमा फोहरको उचित वर्गिकरण (कुहिने फोहर, नकुहिने फोहर, धातु सिसा जन्य फोहर र अस्पतालजन्य) गर्न नसक्नु र यसको कडाइका साथ कार्यान्वयनका लागि नगरपालिकामा जनप्रतिनिधि सहितको संरचना बन्न नसक्नु पनि फोहर मैला व्यवस्थापन प्रभावकारी हुन नसक्नुका कारणहरू हुन्। सार्वजनिक शौचालयहरूको अभाव रहेकोछ भने कतिपय घरधुरीमा खानेपानीको व्यवस्था छैन। पूर्ण सरसफाइमा अझै पनि कमि कमजोरी छन्। विद्यालयहरूमा सेनिटरी प्याडको बिर्सजन एवं किशोरीमैत्री शौचालय लगायतका समस्याहरू यथावत छन

### ६.२.३ सोच

"वातावरण संरक्षण गर्दै गुणस्तरीय र दिगो सरसफाइ सेवा विस्तार गर्ने।"

### ६.२.४ उद्देश्य

१. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु।

२. सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु।

### ६.२.५ रणनीति

१. समुदायका घना बस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहर मैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने।

२. नगरपालिका क्षेत्रमा शौचालय तथा सरसफाइको सुनिश्चितता गर्ने

३. सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच वृद्धि गर्ने।

सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| घर, कार्यालय एवं अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिक जन्य फोहोरलाई सुरक्षित विसर्जन गर्ने घरधुर | प्रतिशत | १० | १२ | १५ | २० |
| फोहोरमैला विर्सजन केन्द्र | संख्या | १ | १ | १ | २ |
| फोहोरबाट जैविकमल उत्पादन गर्ने परिवार | प्रतिशत | ६५ | ७० | ७२ | ७५ |
| दैनिक सफाइ हुने बजार क्षेत्र | संख्या | | | | |
| नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ७५ | ७८ | ८० | ८२ |
| धुवाँमुक्त परिवार | प्रतिशत | ४७ | ५० | ५५ | ६० |

स्रोत: नगपालिकाको आवधिक योजना, २०८०

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहरमैला व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | १७८०८ | ७१२३ | १०६८५ | ५८७ | १६४९९ | ७२२ |
| २०८२/८३ | १८५१५ | ७४०६ | १११०९ | ६१० | १७१५४ | ७५१ |
| २०८३/८४ | १९२३४ | ७६९४ | ११५४० | ६३३ | १७८२० | ७८० |

### ६.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्लाष्टिक प्रयोग न्यूनीकरण अभियान | नगरपालिकाका सार्वजनिक कार्यक्रमहरुमा पलाष्टिक प्रयोगमा न्युनीकरण गर्नु | ०८७ सम्म | ६६६७ | नगरपालिकाका सार्वजनिक कार्यक्रमहरुमा पलाष्टिक मुक्त भएका हुनेछन् |
| २ | वडा स्तरीय पर्यावरणीय क्लव (Eco Club) गठन गरी वातावरण संरक्षणका कार्यक्रम संचालन | पर्यावरणीय क्लवहरु मार्फत वातावरण संरक्षणका गतिविधिहरु संचालन गर्नु | ०८२ सम्म | १०००० | पर्यावरणीय क्लवहरु गठन भई संरक्षणमा संलग्न भएका हुनेछन |
| ३ | वडा स्तरीय ग्रिन पार्क निर्माण तथा नदी तटिय वृक्षारोपण कार्यक्रम | हरियाली प्रवर्धन तथा नदि कटान नियन्त्रण गर्नु | ०८४ सम्म | ११६६७ | पार्क निर्माण तथा नदि कटान नियन्त्रण भएको हुनेछ |
| ४ | फोहरमैला विसर्जन केन्द्र निर्माण तथा संचालन | फोहोरमैलाको दिगो व्यवस्थापन गर्नु | ०८२ सम्म | १३८८९ | फोहोरमैला व्यवस्थापन भएको हुनेछ |
| ५ | विकास निर्माण कार्यमा सामाजिक तथा वातावरणीय प्रभाव मूल्यांकन अध्ययन | विकास निर्माणले पार्न सक्ने सामाजिक तथा वातावरणीय प्रभाव न्यूनीकरण गर्नु | सालवसाली | ७७७८ | सामाजिक तथा वातवरणीय प्रभाव अध्ययन भएको हुनेछ |
| ६ | वतावरणीय सुन्दरता प्रवर्धन सम्बन्धी सालवसाली गतिविधहरु | | सालवसाली | ५५५६ | |
| | **जम्मा** | | | **५५५५६** | |

### ६.२.९ जोखिम पक्ष तथा पूर्वानुमान

फोहोरमैला व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था भई दक्ष मानव संशाधन परिचालन गरी फोहरमैला व्यवस्थापन हुन सक्नेछ। उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । फोहरमैला जस्तो दैनिक जीवनमा विगत देखि चल्दै आएको आनीवानी तथा मानवीय व्यवहार परिवर्तनमा आउने जटिलताका कारण समयमा सरल ढंगले कार्यान्वयन भई हाल्न कठिन हुने जोखिम रहन सक्छ ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

कमजोर भौगर्भिक तथा भूधरातलीय बनोट, मौसमी विषमता, निरन्तर दोहोरिरहने बहु-प्रकोपका घटना, अव्यवस्थित पूर्वाधार विकास एवम् जोखिम असंवेदनशील विकास निर्माण कार्य लगायतका कारण उत्पन्न विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपद्को अत्याधिक जोखिममा पर्ने मुलुकहरू मध्ये नेपाल पनि एक हो र सोको प्रभाव यस नगरपालिकामा पनि पर्नु स्वभाविक हो । तसर्थ प्राकृतिक तथा अप्राकृतिक विपद्का कारणले हुने मानवीय र भौतिक क्षतिलाई न्यूनीकरण गर्ने तर्फ नगरपालिकको ध्यान जानु आवश्यक छ । त्यसैगरी जलवायु परिवर्तनले सवै क्षेत्रलाई असर गर्ने र ती असरहरू एक आपसमा सम्बन्धित र आधारित समेत हुने भएकोले यसको प्रभावको सामना गर्न समुदाय लगायत अन्य संस्थाहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। तसर्थ प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन गर्ने तथा हरियाली अभिवृद्धि गर्ने जस्ता कार्यमा नगरपालिकाको ध्यान पुग्नु जरुरी छ । यसका लागि आवश्यक नीति, कानून एवम् कार्ययोजना तथा कार्यक्रम कार्यान्वयनमा जोड् दिनुपर्दछ ।

नेपालको संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पुर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति अवलम्बन गर्दै विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा राखेको छ। नेपाल विपद्को उच्च जोखिममा रहेकाले विपद्का कारण वर्षेनी धनजनको ठूलो क्षति हुने गरेको छ। मुख्यत: भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागी, खडेरी, महामारी, शीतलहर र हिमताल विष्फोटन हुनसक्ने कारण विपद्को जोखिम उच्च रहेको छ। यसैगरी हैजा, बर्डफ्लु, स्वाइन फ्लुजस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन्। जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने दिगो विकास लक्ष्यले मार्गदर्शन गरेको छ ।

विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भू-उपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छैन । विपद्को त्रासले स्थानीयहरू घररबस्ती छाडी अन्यत्र बसाइँसराइ सर्ने सम्मको अवस्था सिर्जना भएकोछ। विपद्को जोखिमले जग्गा र जमिन बिक्री गर्ने वा भू-उपयोग परिर्वतन गर्ने प्रवृति रोक्न सकिएको छैन । पालिका स्तरमा वैज्ञानिक भू-उपयोग प्रणाली स्थापना तथा विपद् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग भएका देखिएको छैन ।

भानु नगरपालिकामा करिब ३०० घर विभिन्न प्रकोपको जोखिममा छन्। पालिकाका संवेदनशील क्षेत्रहरू विशेष गरी पहिरो र नदी कटानका कारण जोखिममा छन् भने भूकम्प र डढेलो यहाँका थप चुनौतीहरू हुन् । भानु नगरपालिकामा बर्षातको समयमा स्थानीय खोलामा बाढी आउने गर्छ । त्यस्तै बाढी र पहिरोको जोखिम विशेष गरी वर्षा याममा (असार, साउन, भदौ) हुने गर्दछ र आगो र महामारीको जस्ता

जोखिमहरू खडेरीको (चैत्र, वैशाख) मौसममा हुने गर्दछ। यस्ता बाढी र पहिरोको जोखिमहरूबाट सडक पूर्वाधारमा क्षति हुने गरेको छ। यस नगरपालिकामा विपद्का कारण मात्र वार्षिक १२ करोड नोक्सान हुने अनुमान छ।

### ६.३.२ समस्या तथा चुनौति

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ। विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु नगरपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ। नाङ्गा डाँडाहरूमा हुने भूस्खलन, विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ। प्रमुख वस्तिहरूमा सामुदायिक आश्रय स्थलहरू छैनन्। आपत्कालिन सेवाका लागि पर्याप्त एम्बुलेन्स सेवा तथा दमकलको व्यवस्था नहुनु, विपद् आइपर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम् उपकरणहरूको व्यवस्था नहुनु, पालिकामा शव वाहन सेवा नहुनु, विपद् पूर्व सूचना प्रणालीको अभाव जस्ता समस्या तथा चुनौतीहरू रहेका छन्।

जलवायु परिवर्तन जन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन। जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिँदैन। अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ। नगर क्षेत्रमा जम्मा हुने प्लास्टिक जन्य फोहर मैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ।

### ६.३.३ लक्ष्य

"विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने।"

### ६.३.४ उद्देश्य

१. जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु।

२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोपरविपद्को जोखिमलाई न्यूनीकरण गरी नगरपालिकालाई कम प्रकोपरविपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु।

३. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु।

### ६.३.५ रणनीति

१. विपद् व्यवस्थापन सम्वन्धि कानुनी तथा संरचनात्मक व्यवस्था गर्ने।

२. प्रकोप व्यवस्थापनका लागि संघीय, प्रादेशिक र स्थानीय सामुदायिक एवम् निजी क्षेत्रसंग सहयोग, समन्वय तथा सहकार्य गर्ने।

३. जलवायु परिवर्तन अनुकुल रणनीति निर्माण गर्ने।

४. स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरु प्रवर्द्धन गर्ने।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| आपतकालीन उद्धार गर्न तालिम प्राप्त स्वयंसेवक | संख्या | १० | १५ | २० | २५ |
| विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु लाखमा | २० | २५ | ३० | ३२ |
| विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | | | | |
| आपतकालीन उद्धारका लागि अत्यवश्यक एम्वुलेन्स तथा वरुणयन्त्रको व्यवस्था | संख्या | | | | |
| विपद प्रतिकार्यकालागि भएको आपतकालीन नमूना अभ्यास | संख्या | २ | ३ | ४ | ४ |
| जलवायु परिवर्तन अनुकुलन न्यूनीकरण सम्वन्धी सचेतना लगायतका कार्यक्रम सञ्चालन | संख्या | २ | २ | ४ | ४ |
| आपतकालिन कार्य सञ्चालन केन्द्र | संख्या | १ | १ | १ | १ |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद जोखिम व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | २९३३० | ११७३२ | १७५९८ | ९६६ | २७१७४ | ११९० |
| २०८२/८३ | ३१७३९ | १२६९६ | १९०४४ | १०४५ | २९४०७ | १२८७ |
| २०८३/८४ | २७८८९ | १११५६ | १६७३४ | ९१९ | २५८४० | ११३१ |

### ६.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्थानीय तह आपतकालिन कार्य संचालन केन्द्र स्रोत सम्पन्न बनाउने | स्रोत युक्त आपतकालिन कार्य संचालन केन्द्र बनाउनु | सालवसाली | २२२४० | आपतकालिन कार्य संचालन केन्द्र स्रोत युक्त हुनेछ |
| २ | जोखिमयुक्त क्षेत्रको नक्सांकन तथा विपद् पूर्व तयारी कार्यक्रम | जोखिम क्षेत्रको पहिचान तथा पूर्व तयारी गर्नु | सालवसाली | ३११३६ | जोखिम क्षेत्रको पहिचान तथा पूर्व तयारी भएको हुनेछ |
| ३ | विपद् व्यवस्थापन कोषमा वृद्धि तथा समितिको क्षमता अभिबृद्धि कार्यक्रम | विपद् व्यवस्थापन समितिहरुलाई सक्षम बनाउनु | सालवसाली | २४९०९ | विपद् व्यवस्थापन समितिले सबै प्रकारका विपदहरुको सामना गरेको हुनेछ । |
| ४ | जलवायु परिवर्तन र विपदको प्रभाव न्यूनिकरण सम्वन्धी सालवसाली कार्यक्रम | विपद सम्बन्धि जनचेतना जागाउनु | सालवसाली | १०६७५ | विपदसँग जुध्न नागरिकहरुले व्यक्तिगत तहमा तयारी गरेका हुनेछन् |
| | **जम्मा** | | | **८८९५९** | |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, आईपर्न सक्ने विभिन्न महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । संङ्घीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, दक्ष जनशक्ति, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र श्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । त्यसैगरी, नगरपालिकाले विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने र आवश्यक मानवीय श्रोत परिचालन गरी विपद न्यूनीकरणको लक्ष्य हासिल गर्न सक्ने अनुमान गरिएको छ। मानवीय कारणले हुने विपद बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ। वाढी र पहिरो लगायत प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद पर्न सक्ने जोखिम रहन्छ।

# परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रगत परिच्छेदमा नीति, कानून, न्याय तथा सुशासन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहका सरकारहरूबाट सम्पादन हुने सबै काम तथा सेवालाई सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री र जबाफदेही बनाई नागरिक प्रति उत्तरदायी हुने अपेक्षा गरेको छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्त्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य-१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य-१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसँग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अन्तर्गत कानुन, नीति र सुशासन, सङ्गठन तथा क्षमता विकास, जवाफदेहिता, राजस्व तथा स्रोत व्यवस्थापनका क्षेत्र पर्छन् ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

नेपालको संविधान र यस अनुसार बनेका कानूनहरूले स्थानीय सरकारहरूलाई आफ्नो अधिकारको क्षेत्रमा रही कार्य गर्न आवश्यक पर्ने कानूनहरू बनाउने अधिकार सुनिश्चित गरेको छ । सुशासन विना विकास सम्भव छैन र विकास विना देशमा समृद्धि ल्याउन सकिँदैन तसर्थ दिगो विकासको आधारशिला नै सुशासन हो ।

जबाफदेही, पारदशी र परिणाममुखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरूमा सबै नगरपालिकावासीको पहुँचको सोच सहित नगरपालिकाको सुशासन प्रवर्द्धन गर्नका लागि फुस्रेटारमा रहेको प्रमुख प्रशासकीय भवनबाट नागरिकलाई सेवा प्रवाह गर्ने गरेको छ । सार्वजनिक सुनवाइ, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणालीको उपयोग मार्फत सेवा प्रवाह र सुशासनको प्रत्याभूत हुँदै आएको छ । गुनासो पेटिका, बेवसाइट, सामाजिक संजाल, फेसबुक र हेल्लो सरकार जस्ता सूचना संम्प्रेणका विभिन्न तरिका प्रयोग गरी जनसरोकारका विषयहरू सम्बोधन तथा सार्वजनिक गर्ने कामहरू हुँदै आएको छ ।

सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउदै लगिएको छ । उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको लागि योजना सफ्टवयर मार्फत सञ्चालन गर्ने सुरुवात भएको छ । सुशासनका कायम राख्नका लागि पालिका स्तरमा नागरिक बडापत्र राख्ने, सूचना पाटी तथा गुनासो पेटिका व्यवस्थापन र विद्युतीय हाजिरी एवं सि।सि। क्यामेरा जडान लगायत रहेका छन् । नव निर्वाचित जनप्रतिनिका साथ साथै प्राविधिक र अप्राविधिक सबै कर्मचारीहरूलाई विभिन्न समयमा क्षमता विकास लगायतका तालिमहरूको व्यवस्था हुने गरेको छ । नगरपालिकाको सूचनाहरू वेवसाईटमा मार्फत सार्वजनिकिकरण गर्ने गरिएको छ । हालसम्म पालिकाद्वारा स्विकृत नीति तथा कानुनको सङ्ख्या घद्ध रहेका छन् । नगरपालिकाको सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न विरूवा नगर कार्यपालिकामा जम्मा छ वटा विभिन्न बिषयगत समितिहरू रहेकाछन सवै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना भएको छ र सामान्य विवादको आपसी छलफल र मेलमिलापको माध्यमबाट निरुपण गर्ने गरिएको छ । नगरपालिकामाबाट हुने सबै आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी सुत्र प्रणाली मार्फत कार्य थालनी गरिएको छ ।

भानु नगरपालिकामा ञघ वटा वडा कार्यालयहरू सञ्चालनमा छन् । वडा कार्यालयहरू न्यूनतम जनशक्तिबाट संचालन भै आएको छ । नगरपालिकाको योजना कार्यान्वयन गर्नलाई जम्मा १८६ जना कर्मचारीको व्यवस्था छ ।

### ७.१.२ समस्या तथा चुनौति

आवश्यक सबै ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नु, व्यवस्थित र प्रविधियुक्त सेवा प्रदायक शाखा, उपशाखाहरू नहुनु, घुम्ती सेवाहरू नियमित नहुनु, विद्युतीय सेवा प्रवाहमा विविधता हुन नसक्नु र नगरपालिका बासीमा प्रविधि सम्बन्धी ज्ञानमा कमी आदि प्रमुख समस्या हुन् । त्यस्तै, दक्ष कर्मचारी पर्याप्त नहुनु, आवश्यक मात्रामा जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास नहुनु, कर्मचारीहरूको सरुवा भइरहनु, क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयन नहुनु, कर्मचारीहरूको कार्य विवरण तयार भए पनि पूर्ण रूपमा कार्यान्वयन नहुनु, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नहुनु, कर्मचारीहरूको नियमित कार्यसम्पादन मूल्याङ्कन अनुसार क्षमता अभिवृद्धि हुन नसक्नु, तथ्याङ्कीय आधार तयार भैनसक्नु, योजनाका आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु आदि प्रमुख समस्या हुन् ।

परम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवाग्राही प्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमतावान् र गुणस्तरीय कर्मचारीको पदपूर्ति गर्नु, शासकीय प्रणालीमा पारदशीता तथा जवाफदेहीता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकार प्रति विश्वास आर्जन गर्नु नगरपालिकाका चुनौती हुन् ।

### ७.१.३ लक्ष्य

"सेवा प्रवाहमा प्रभावकारीता एवं सुशासन अभिवृद्धि गर्नु ।"

### ७.१.४ उद्देश्य

१. सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।
४. वित्तीय सुशासन कायम गर्नु ।

### ७.१.५ रणनीति

१. शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने ।

२. सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने ।

३. नगरपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने ।

४. नगरपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने ।

५. सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु ।

६. अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने ।

७. सार्वजनिक आय-व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने ।

८. आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ:

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| अनुगमन तथा मूल्यांकन अनुसार सुधार भएका आयोजनाहरु | प्रतिशत | ६५ | ७० | ७५ | ८० |
| नगरपालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फर्छौट | प्रतिशत | ९५ | ९७ | ९८ | १०० |
| न्यायिक समितिवाट फछ्र्यौट भएका मुद्दाहरु | प्रतिशत | ९५ | ९७ | ९८ | १०० |
| अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार | संख्या | ३ | ३ | ३ | ३ |
| अनलाइन सेवावाट लाभान्वित सेवाग्राही | प्रतिशत | ५० | ५५ | ६० | ६५ |
| सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, नियमहरु | संख्या | ३५ | ३८ | ४० | ४५ |

स्रोतः नगरपालिकाको आवधिक योजना, २०८०

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ८९०४ | ५३४२ | ३५६२ | २९३ | ८२४९ | ३६१ |
| २०८२/८३ | १०५८० | ६३४८ | ४२३२ | ३४८ | ९८०२ | ४२९ |
| २०८३/८४ | १३३५७ | ८०१४ | ५३४३ | ४४० | १२३७५ | ५४२ |

### ७.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आवस्यक नीति, नियम तथा निर्देशिका तर्जुमा, अभिमुखीकरण तथा प्रकासन | नगरपालिकाको लागि आवश्यक नीति तर्जुमा गर्नु | सालवसाली | ३९४१ | नगरपालिकाका लागि आवश्यक नीति तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । |
| २ | सबै वडामा मेलमिलाप केन्द्र स्थापना | सवै वडामा मेलमिलापका माध्यमबाट न्यायीक समाधान गर्नु | ०८३ सम्म | ११४९४ | मेलमिलाप कक्ष स्थापना भएको हुनेछ |
| ३ | नगर श्रोत नक्साङ्न र अध्यावधिकरण | नगरपालिका भित्रका विकासका लागि आवस्यक स्रोतहरुको अद्यावधिक गर्नु | सालवसाली | १६४२ | नगर श्रोत नक्साङ्न र अध्यावधिकरण भएको हुनेछ |
| ४ | सेवा प्रवाहलाई अनलाईन गर्ने तथा मोवाइल एप बनाउने अद्यावधी गर्ने | सेवा प्रवहलाई चुस्त तथा छिटा छरितो गर्नु | सालवसाली | ४९२६ | स्थानीय तहको कानूनी निर्माण प्रक्रियामा जानकार भएको हुनेछ । |
| ५ | नीति कानुन सुशासन तथा न्याय प्रवर्द्धन कार्यक्रम (सर्वेक्षण, विद्युतिय सामग्री व्यवस्थापन समेत) | नीति कानुनको पालनाबाट सुशासन प्रवर्द्धन गर्नु | सालवसाली | ६५६८ | नगरपालिकामा नीति कानुन तर्जुमा भई सुशासन प्रवर्द्धन भएको हुनेछ । |
| ६ | अनुगमन र मूल्यांकन संयन्त्रको क्षमता विकास र प्रतिवेदन प्रकाशन | अनुगमन र मूल्यांकन कार्यलाई संस्थागत गर्नु | सालवसाली | ४२६९ | अनुगमन र मूल्यांकन कार्य व्यवस्थित भई संस्थागत हुनेछ । |
| | **जम्मा** | | | **३२८४१** | |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानुमान

स्थानीय अधिकारको प्रयोग र यसका लागि बन्ने कानुन निर्माण प्रक्रियामा सम्वन्धित पक्षहरुको अर्थपूर्ण सहभागिता नहुनाले नीतिहरुको प्रभावकारी कार्यान्वयन नहुने जोखिम रहन्छ । संविधान, संङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ ।

## ७.२ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार स्थानीय सरकारको रुपमा रहेका नगरपालिका वा नगरपालिकाको नेतृत्वमा जनताबाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिहरू रहने व्यवस्था रहेको छ । त्यसै अनुरुप नगरपालिकाको समग्र विकास गतिविधि तथा सेवा प्रवाहको नेतृत्व जननिर्वाचित व्यक्तिहरूले गर्दछन् । त्यसको प्रमुखको रुपमा नगर प्रमुखले गर्ने व्यवस्था छ । संविधान अनुसार कार्यपालिकाको रुपमा नगरकार्यपालिका, व्यवस्थापिकाको रुपमा नगरसभा र न्यायपालिकाको रुपमा उपप्रमुखको संयोजकत्वमा रहेको न्यायिक समिति क्रियाशिल छन् । यस नगरपालिकामा विषयगत समिति तथा उप-समितिहरु गठन र क्रियाशील रहेका छन् भने नगरपालिका केन्द्र एवं वडाहरुमा इण्टरनेट लगायत विद्युतीय उपकरणहरुको व्यवस्था गरिएको छ साथै जनप्रतिनिधि एवं कर्मचारीहरु क्षमता अभिवृद्धि तालिमबाट लाभान्वित भएका छन् । त्यसैगरी निर्वाचित जनप्रतिनिधिहरुको सक्रियता वढदो रहेको छ भने स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरुको रचनात्मक सहयोग प्राप्त छ ।

त्यसैगरी नगरकार्यपालिकाको कार्यालय तर्फ प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासन संयन्त्र रहेको छ । नगरपालिकाको कार्यबोझको आधारमा संगठन संचरना बनाई सोही अनुसार कर्मचारीको समायोजन तथा व्यवस्थापन गरी उनीहरूको कार्य जिम्मेवारी तोक्ने र तोकिएको कार्य जिम्मेवारी अनुसार कार्यसम्पादन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गरिँदै आएको छ । नगरपालिकाको भौतिक पूर्वाधारको पक्षलाई हेर्दा नगरकार्यपालिकाको प्रशासनिक भवन विस्तार गरिदैछ । यसैगरी कार्यालयहरूको नियमित कार्य सञ्चालनका लागि कम्प्युटर, ल्यापटप, प्रिन्टर र सफ्टवेयरको व्यवस्था भएको छ भने कार्यसम्पादनमा प्रभाव पार्ने यातायातको साधनको कुरा गर्दा गाडी र मोटरसाईकल रहेका छन् ।

### ७.२.२ समस्या तथा चुनौति

सेवा प्रवाहमा आधुनिक प्रविधिहरुको प्रयोगमा कमि र सेवा प्रवाह छिटो छरितो नहुनु, प्राविधिक एवं दक्ष जनशक्ति न्यून हुनु र कार्यसम्पादन, मूल्याङ्कन, दण्ड पुरस्कार, प्रोत्साहनको व्यवस्था नहुनु, गैसस, विषयगत कार्यालय र सरोकारवालाहरुको क्षमता अभिवृद्धि नहुनु, विकास गतिविधि तथा सेवा प्रवाहमा हुने दुई पक्षहरू सेवाग्राही तथा सेवा प्रवाह गर्ने पक्ष दुवै आफ्नो अधिकार र जिम्मेवारीबारे सचेत नहुनु, नगरपालिकाको सेवा प्रवाह प्रभावकारी हुन नसक्नु, योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा आवश्यक पर्ने समावेशी सहभागिता र पारदर्शितामा कमी यहाँका प्रमुख समस्या हुन् । त्यसैगरी योजनावद्ध विकास गतिविधि तथा सेवाको न्यूनतम मापदण्ड कार्यान्वयन गर्नु, आवश्यक स्रोत परिचालन गर्नु, दक्षतामा कमी हुनु र संस्थागत संरचना, मानव संशाधन विकासको क्षेत्रमा निकै कमजोर अवस्था हुनुलाई पनि यस क्षेत्रको समस्याको रुपमा पहिचान गरिएको छ ।

सार्वजनिक सेवालाई गुणस्तरीय, प्रभावकारी, न्यून लागत तथा समयमा सेवा प्रवाह गर्नु, संगठन र व्यवस्थापन सर्भेका आधारमा कर्मचारी भर्ना र कार्यसम्पादनमा अभिवृद्धि ल्याउनु नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाईहरूमा आवश्यकता र प्रस्तावित दरबन्दी अनुसार

प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूको व्यवस्था मिलाउनु, जनप्रतिनिधि, शाखागत तथा समग्र कर्मचारीहरूलाई आफ्नो अधिकार र दायित्वको बारेमा आत्मानुभूति गराउनु र उनीहरूको क्षमता विकास गर्नु, सबै शाखा उपशाखामा आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गर्नु जस्ता चुनौतीहरू यस नगरपालिकामा रहेका छन् ।

### ७.२.३ लक्ष्य

"नगरपालिका मातहतका कार्यालय तथा नगरपालिका भित्रका आधिकारिक संरचनाहरुको संस्थागत क्षमता वृद्धि गर्नु"

### ७.२.४ उद्देश्य

१. नगरकार्यपालिका कार्यालय र मातहतका निकायहरुमा आवश्यक जनशक्ति व्यवस्थापन गर्नु ।

२. नगरकार्यपालिका कार्यालय र मातहतका कार्यालयहरुको भौतिक पूर्वाधारको सुधार गर्नु ।

३. नगरपालिकाभित्र औपचारिक रुपमा रहेका विभिन्न समिति, कार्यदल तथा समूहहरुलाई सहयोग गर्नु

### ७.२.५ रणनीति

१. नगरपालिकाको लागि आवश्यक पर्ने नयाँ जनशक्ति थप गर्ने ।

२. कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने ।

३. नगरकार्यपालिकाको कार्यालय तथा यस अन्तर्गतका सबै कार्यालयहरुका लागि आवश्यक भवनहरुको व्यवस्था गर्ने ।

४. नगरपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा सूचना प्रणाली सुदृढ गर्ने ।

५. नगरपालिकामा रहेको उपभोक्ता समिति, कार्यदल तथा समूहहरुको सहकार्य तथा समन्वय वृद्धि गर्ने

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार रहेको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| नगरपालिकामा कार्यरत जनशक्तिको पदपुर्ति | प्रतिशत | ८० | ९० | ९५ | १०० |
| नगरपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | | | | |
| सेवाग्राही सन्तुष्ठी दर | प्रतिशत | ७० | ७५ | ८० | ८५ |
| लिसा स्वमूल्यांकनमा प्राप्तांक | सूचकांक | | ८५ | ९० | ९५ |
| क्षमता विकास कार्यकमवाट लाभान्वित जनप्रतिनिधि, पदाधिकारी, सरोकारवाला, संघसंस्था, गैसस, कर्मचारी | संख्या | | | | |
| कार्यसम्पादन करार गरिएको तथा कार्य विवरण दिई कार्यसम्पादन गर्ने कर्मचारी | संख्या | | | | |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, क्षमता विकास र सेवा प्रवाह उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको श्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ५०८०४ | ३०४८२ | २०३२२ | १६७३ | ४७०७० | २०६१ |
| २०८२/८३ | ४६५५१ | २७९३१ | १८६२० | १५३३ | ४३१३० | १८८८ |
| २०८३/८४ | ४५४१४ | २७२४८ | १८१६६ | १४९६ | ४२०७६ | १८४२ |

### ७.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास | जनप्रतिनिधि तथा कर्मचारीहरुको दक्षता वृद्धि गर्नु | सालवसाली | ५७१०८ | जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास भई सेवा प्रवाह प्रभावकारी हुनेछ । |
| २ | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्य सम्पादनमा अभिवृद्धि गर्नु | सालवसाली | ३५६९२ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ । |
| ३ | कार्यालयमा प्रविधिहरुको व्यवस्थापन | प्रविधियुक्त कार्यालय बनाउनु | सालवसाली | ४९९६९ | कार्यालयहरुमा प्रविधि जडान भई सेवा समयमा नै प्रदान हुनेछ । |
| | **जम्मा** | | | १४२७६९ | |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, संङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिबृद्धि भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

संविधानले वित्तीय संघीयताको मान्यता अनुसार स्थानीय सरकारलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने अधिकार दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ दफा ५५ देखि ६८ सम्म स्थानीय तहले प्रयोग गर्न पाउने आर्थिक अधिकार एवं यसको सीमा समेत निर्धारण गरेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले लगाउन पाउने कर, संकलन गर्न सक्ने राजस्व, प्राप्त गर्ने अनुदान, राजस्व बाँडफाँट तथा आर्थिक सहयोग सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ। यिनै संबैधानिक र कानूनी प्रावधान अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र राजस्व संकलन, वजेट तर्जुमा र कार्यान्वयन गर्न सक्ने हुँदा यसलाई अझ व्यवस्थित र पारदर्शी ढंगबाट अधिकारको प्रयोग हुने अवस्था निर्माण गर्न आवश्यक रहेको छ।

भानु नगरपालिकाको आन्तरिक आयमा तुलनात्मक रुपमा कर राजस्वकै भूमिका उल्लेख्य छ। यसमा सम्पत्ति कर, व्यवसाय कर र घर वहाल करको योगदान वढी छ। कूल आन्तरिक आयमा कर राजस्वको योगदान न्यून छ र गैरकर राजस्वको योगदान आन्तरिक आयमा तुलनात्मक रुपमा वढी छ। गैरकर राजस्व अन्तर्गत खासगरी सिफारिस तथा प्रमाणित शुल्कको भूमिका अग्रणी छ। नगरपालिकाको कूल श्रोतमा आन्तरिक आयको हिस्सा केवल ज्यादै न्यून जसले वाह्य आयमा पालिकाको परनिर्भरता अधिक देखिन्छ।

मनोरन्जन कर, वजार, विज्ञापन कर, कवाडी तथा जीवजन्तु कर, प्राकृतिक श्रोत शुल्क, पर्यटन शुल्क, आदिबाट नगरपालिकाले राजस्व सङ्कलन गर्न सक्ने सम्भावना भएरपनि आर्थिक वर्ष २०८०/८१ सम्ममा पनि खासै पहल हुन सकेको देखिदैन। प्राकृतिक श्रोत अन्तर्गत गिटी, ढुङगा, वालुवा तथा स्लेटको सम्भावना पनि अघिक छ। वातावरणीय परीक्षणका आधारमा यसको उत्खनन हुन सकेमा नगरपालिकाको आन्तरिक आयमा यसको योगदान पनि उल्लेख्य हुन सक्छ।

### ७.३.२ समस्या तथा चुनौति

नगरपालिकाको विद्यमान आर्थिक तथा सामाजिक स्थितिका सूचकहरु कमजोर रहेकाले आगामी वर्षहरूका वित्तीय व्यवस्थापन गर्न त्यति सहज छैन। बढ्दो जनअपेक्षाको तुलनामा नगरपालिकाको न्यून श्रोतबाट सार्वजनिक खर्च र सेवाको बीचमा तादात्म्यता कायम गर्न निकै कठिन हुने देखिन्छ। नगरपालिकाको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याई जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रूपले सहज पहुँच पुऱ्याउन आवश्यक पर्ने पूँजीगत लगानी लगायतको कार्यक्रम खर्च र सामाजिक सुरक्षा तथा चालु खर्च गरी कूल व्ययको व्यवस्थापन गर्नुपर्ने हुन्छ। यसैगरी उपलब्ध श्रोत साधनको ठूलो अंश उपभोगमा (चालु) खर्च गर्नुपर्ने बाध्यताले बिकास कार्यका लागि थोरै मात्र खर्च गर्न सकिने अवस्था विद्यमान छ।

नगरपालिकाको राजस्व संकलनको सम्भावना रहे तापनि आवश्यक सूचना प्रविधिमैत्री राजस्व संकलन व्यवस्था, कार्यविधि तथा मापदण्ड, कर्मचारीको अभाव जस्ता कारणले गर्दा सम्भावनाको न्युन राजस्व मात्र संकलन भइरहेको छ। विषय क्षेत्रगत रूपमा बजेट विनियोजन सन्तुलित नभएको र रोजगार, उत्पादनमूलक, सामाजिक क्षेत्र तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत रुपमा कमजोर रहेको छ। राजस्व सुधार कार्ययोजना तयार नभएको र करको दर र दायरामा अध्ययन नभएकोले

स्थानीय राजस्व संकलन व्यवस्थित हुन सकेको छैन । कर शिक्षा संचालन भएको छैन र स्थानीय करदाताहरुलाई नगरपालिकाले कर भुक्तानीमा आकर्षित गर्न चुनौति रहेको छ ।

### ७.३.३ लक्ष्य

"आन्तरिक आय थप सवल, व्यवस्थित र अनुमानयोग्य बनाउने ।"

### ७.३.४ उद्देश्य

१. राजस्व प्रशासन थप सक्षम तथा करदातामैत्री बनाउनु ।

२. आन्तरिक राजस्व परिचालन वृद्धि गर्नु ।

### ७.३.५ रणनीति

१. राजस्व प्रशासनको सुदृढिकरण गर्ने र करदातामैत्री बनाउने ।

२. करदाता र नगरपालिकाबीच सम्बन्ध सुदृढ गर्ने ।

३. करको दाता वृद्धि गर्ने ।

४. सरोकारवालाहरुसंग समन्वय र सहकार्य वृद्धि गर्ने ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार रहेको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु. हजारमा | | | | |
| बार्षिक आन्तरिक आय रकम | रु.हजारमा | ३०००० | ३४५०० | ३४८४५ | ३५१९३ |
| कुल बार्षिक बजेट | रु.हजारमा | १०४३२१९ | १०४७५०५ | १०५७९८० | १०६८५६० |
| लैङ्गिक उत्तरदायी वजेट विनियोजन | प्रतिशत | ४८ | ५१ | ५७ | ५९ |
| कर योग्य करदाता मध्ये करमा आवद्ध करदाताहरु | थप प्रतिशत | २५ | ३० | ३५ | ४० |
| पूँजी निर्माण क्षेत्रमा भएको लगानी (कूल वजेटको) | प्रतिशत | | | | |
| राजस्व प्रशासनप्रति नागरिकको संतुष्टी | तह | मध्यम | उच्च | उच्च | उच्च |
| आन्तरिक राजस्व वृद्धि दर | प्रतिशत | २.५ | ३ | ३.५ | ५ |

स्रोत: नगरपालिकाको आवधिक योजना, २०८०

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ८९०४ | ४४५२ | ४४५२ | २९३ | ८२४९ | ३६१ |
| २०८२/८३ | ९५२२ | ४७६१ | ४७६१ | ३१४ | ८८२२ | ३८६ |
| २०८३/८४ | ९६१७ | ४८०९ | ४८०९ | ३१७ | ८९१० | ३९० |

### ७.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| क.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राजस्व संकलन सप्ताह तथा जनचेतना कार्यक्रम | राजस्व संकलन वृद्धि गर्नु | सालवसाली | ५६०९ | स्थानीय राजस्व सम्बन्धी सचेतना भई राजस्व संकलन वृद्धि हुनेछ । |
| २ | राजस्व सूचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु | सालवसाली | ८४१३ | आन्तरिक तथा वाह्य स्रोत परिचालनमा वृद्धि हुनेछ । |
| ३ | राजस्व सुधार योजना, सफ्टवेयर जडान, तथ्यांक संकलन र विश्लेषण | राजस्व संकलन प्रक्रियालाई व्यवस्थित गर्नु | सालवसाली | १४०२१ | राजस्व संकलन प्रक्रिया र परिचालन व्यवस्थित हुनेछ । |
| | **जम्मा** | | | २८०४३ | |

### ७.३.९ जोखिम पक्ष तथा पूर्वानुमान

संविधान, संङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालन नभएमा उपलव्धी हासिल गर्न जोखिम रहने छ । अपेक्षित नतिजा प्राप्तिका लागि तीनै तहका सरकारबीच समन्वय, स्थानीय जनताको सहभागिता, कर्मचारीको दक्षता र जनप्रतिनिधिहरुको क्रियाशिलताले सहयोग गर्नेछ ।

## ७.४ तथ्यांक प्रणाली र योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

नगरपालिकाको विकासलाई दिगो, समावेशी तथा उत्थानशील बनाउने ध्येयका साथ नगरपालिकाले बार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वन गरिरहेको छ । नगरपालिकाको समष्टिगत विकासलाई मार्गदर्शन गर्न आवधिक योजना र मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा स्रोत सुनिश्चित गर्ने र मध्यमकालीन खर्च संरचना अनुसार बार्षिक बजेट तथा कार्यक्रम

तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामुखी विकास पद्धति कार्यान्वयनमा ल्याउन उपयुक्त हुन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ मा स्थानीय सरकारहरूको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ । सो ऐनको दफा २४ (१) मा नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । सोही दफाको उपदफा २ मा स्थानीय तहले योजना बनाउँदा ध्यान दिनुपर्ने विषयहरू उल्लेख गरिएको छ भने उफदफा ३ मा योजना बनाउँदा प्राथमिकता दिनुपर्ने विषयहरूको सूची रहेको छ ।

नगरसभाबाट न्यायिक समिति, विधायन समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद् व्यवस्थापन लगायत विषयगत समिति गठन भई क्रियाशिल उन्मुख छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगरसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । नवनिर्वाचित जनप्रतिनिधिहरुको नगरपालिकाको समग्र विकासका लागि लगनशिलता र प्रतिवद्धता रहेको छ भने कर्मचारीहरुबाट नीतिसंगत विकास र स्थानीय सरकारको अधिकार क्षेत्रबाट विकास प्रक्रियालाई अगाडी बढाउन क्रियाशिल रहेका छन् । नगरपालिकाको तथ्यांक व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

### ७.४.२ समस्या तथा चुनौति

शासन सञ्चालन, योजनाबद्ध विकास र मापदण्ड अनुसार सेवा तथा सुविधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ । योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशिता, सहभागिता र पारदर्शितामा सुधार गर्नुपर्ने प्रर्याप्त स्थान छन् । नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिसहित आवधिक योजना तयार भएपनि नगरपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन । सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, नीजि क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । प्रचुर सम्भावनाका बाबजुद नीजि क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

### ७.४.३ लक्ष्य

"विकास गतिविधिलाई वढीभन्दा वढी नतिजामुखी बनाउने"

### ७.४.४ उद्देश्य

१. नगरपालिकाको विकास गतिविधि समावेशी, सहभागितामूलक र पारदर्शी बनाउनु ।

२. अनुगमन तथा मूल्यांकन विश्वसनीय र भरपर्दो बनाउनु ।

### ७.४.५ रणनीति

१. योजना प्रक्रिया सरल तथा नागरिकमैत्री बनाउने ।

२. गैसस, नीजि क्षेत्र, समुदायमा आधारित संस्थासंगको समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने ।

३. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित सहभागितामूलक र नतिजामूलक बनाउने ।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| समावेशी सहभागितामा सम्पन्न भएका आयोजनाहरु | प्रतिशत | ९० | ९५ | ९८ | १०० |
| तोकिएको नतिजा हासिल भएका आयोजनाहरु | प्रतिशत | ८० | ८५ | ९० | ९५ |
| समयमा नै सम्पन्न आयोजना | प्रतिशत | ७५ | ८० | ८५ | ९० |
| नियम अनुसार अनुगमन प्रतिवेदन भएका परियोजना/ कार्यक्रम | प्रतिशत | ९५ | ९६ | ९८ | १०० |
| समुदाय, सहकारी, नीजि क्षेत्र, गैसस, सहयोगी र नागरिक समाज संस्थाको लगानी अंश | प्रतिशत | २० | २४ | २८ | ३० |

स्रोतः नगरपालिकाको आवधिक योजना, २०८०

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

नगरपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तथ्यांक प्रणाली र योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको श्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८१/८२ | ८७९९ | ५२७९ | ३५२० | २९० | ८१५२ | ३५७ |
| २०८२/८३ | ७९३५ | ४७६१ | ३१७४ | २६१ | ७३५२ | ३२२ |
| २०८३/८४ | ८०१४ | ४८०९ | ३२०६ | २६४ | ७४२५ | ३२५ |

### ७.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तथ्यांक प्रणाली सम्बन्धी सामग्री जडान र परिचालन | नगरपालिकाको तथ्यांक व्यवस्थित गर्नु | सालवसाली | ९८९९ | नगरपालिकाको सम्पूर्ण तथ्यांक व्यवस्थित भएको हुनेछ । |
| २ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | नगरपालिकाको प्रगति समीक्षा गर्नु | सालवसाली | ४९५० | आवधिक रुपमा नगरपालिकाको प्रगति समीक्षा भएको हुनेछ । |
| ३ | आयोजनाहरुको अनुगमन र मूल्याङ्कन प्रणाली स्थापना तथा क्षमता विकास | आयोजना अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्नु | सालवसाली | ६१८७ | आयोजनाहरुको अनुगमन र मूल्याङ्कन प्रणाली विकास भएको हुनेछ |
| ४ | विषयगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालिन खर्च संरचना अद्यावधिक | योजनाहरु समय सापेक्ष रुपमा अद्यावधिक गर्नु | सालवसाली | ३७१२ | नगरपालिकाका विकास गतिविधिहरु प्रक्रियागत रुपमा अगाडी बढेको हुनेछ । |
| | **जम्मा** | | | **२४७४८** | |

### ७.४.९ जोखिम पक्ष तथा पूर्वानुमान

सूचना तथा जानकारीलाई संस्थागत गर्ने सम्वन्धमा दक्ष जनशक्तिको अभावमा तथ्यांक व्यवस्थापन र विश्लेषण नहुने जोखिम रहेको छ। संविधान, संङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हुनेछ।

## अनुसूचि १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क्र.सं. | समितिका पदाधिकारी | जिम्मेवारी | |
|---|---|---|---|
| १. | श्री दिवाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| २. | श्री ध्रुवराज पौडेल | प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा | - सदस्य |
| ३. | श्री सुनिल पाण्डे | प्रमुख, प्रशासन शाखा | - सदस्य |
| ४. | श्री नवराज लौडारी | प्रमुख, लेखा शाखा | - सदस्य |
| ५. | श्री कृर्पाहरी लौडारी | प्रमुख, सामाजिक विकास शाखा | - सदस्य |
| ६. | श्री ऐश्वर्य चन्द्र भट्टराइ | प्रमुखा, स्वास्थ्य शाखा | - सदस्य |
| ७. | श्री मधु विलास बढु | प्रमुख, राजश्व शाखा | - सदस्य |
| ८. | श्री भगवती शर्मा | प्रमुख, न्यायिक तथा मेलमिलाप शाखा | - सदस्य |
| ९. | श्री युवराज ज्ञवाली | प्रमुख, योजना, विपद, कानून शाखा | - सदस्य सचिव |

# अनुसूचि २ : मध्यकालिन खर्च संरचना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रमका सहभागीहरुको नामावली

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार तनहुँ

## मध्यमकालीन खर्च संरचना तर्जुमा गोष्ठी

२०८१ असार ९ गते

| क्रस | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री आनन्द राज त्रिपाठी | नगर प्रमुख | |
| २. | श्री उमा गौतम | नगर - उपप्रमुख | |
| ३. | श्री दिवाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | ध्रुव राज पौडेल शिक्षा शाखा प्रमुख | नगर शिक्षा अधिकारी | |
| ५. | सुनिल पाण्डे | व. प्रशासकीय अधिकृत | |
| ६, | नवराज लोहारी | व. लेखा अधिकृत | |
| ७, | कृपाहरि लोहारी | प्रशासकीय अधिकृत | |
| ८, | युवराज ढवली | प्रशासकीय अधिकृत | |
| ९ | विपिन डाक्के | इन्जिनीयर | |
| १० | विनोद थापा | कृषि अधिकृत | |
| ११, | ऐश्वर्य चन्द्र भट्टराई | स्वा० शा० प्रमुख | |
| १२, | दुर्गा देवि अर्याल | आन्तरिक लेखा परीक्षक | |
| १३, | मञ्जुविलास बढे | सूचना प्रविधि शाखा प्रमुख | |
| १४ | सुमेद वाग्ले | अमिन | |
| १५ | सुभाष रेग्मी | ज. स्वा. नि. | |
| १६ | रविन घिताल | आ. स्वा. प | |

| क्रस | नाम | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १७ | अंकित थापा | नगर प्रमुख सचिवालय | |
| १८. | अमृता बस्नेत | वरिष्ठ प्रशासन सहायक | |
| १९ | संगिता दाहाल | मध्य कन्सल्टेन्सी प्रा. लि | |
| २० | सालिकराम कालाथोकी | " | |
| | | | |
| | | | |
| | | | |

## अनुसूचि २ : मध्यकालिन खर्च संरचना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रमको तस्विरहरु







